# घनश्याम ढकालको उपन्यासकारिता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर

तह द्वितीय वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

**शोधपत्र**


**शोधार्थी**

युवराज घिमिरे

**नेपाली केन्द्रीय विभाग**

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०६५

घनश्याम ढकालको उपन्यासकारिता युवराज घिमिरे २०६५

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री युवराज घिमिरेले **घनश्याम ढकालको उपन्यासकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा परिश्रमपूर्वक तयार गर्नुभएको हो । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६५/०८/

............................
**प्रा.डा. देवीप्रसाद गौतम**
**शोधनिर्देशक**
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर
काठमाडौँ ।

**त्रिभुवन विश्वविद्यालय**
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

**मितिः** २०६५/०८/१८

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र श्री युवराज घिमिरेले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **घनश्याम ढकालको उपन्यासकारिता** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन–समिति

| **क्र.सं.** | **नाम** | | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | विभागीय प्रमुख : | राजेन्द्र सुवेदी | ........................ |
| २. | शोधनिर्देशक : | प्रा.डा. देवीप्रसाद गौतम | .................... |
| ३. | बाह्य परीक्षक : | सह-प्रा.डा. पारसमणि भण्डारी | .................... |

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा. देवीप्रसाद गौतमका कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरुसँग जुध्ने प्रेरणा दिँदैं सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरुलाई पन्छाएर कुशल दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा विविध कार्य व्यस्ततालाई परवाह नगरी आफ्नो अमूल्य समय निकाली निर्देशन, सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख प्रा.श्री राजेन्द्र सुवेदी सम्पूर्ण गुरुवर्गहरु तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने आदरणीय पिता तारानाथ घिमिरे र माता सरस्वती घिमिरे तथा दाजु डण्डीराज घिमिरेप्रति आजीवन ऋणी छु । बाल्यवस्थादेखि नै पढाइप्रति उत्प्रेरित गरी आजसम्म हौसला दिइरहने दिदीहरु गङ्गा खतिवडा, शान्ता डोटेर र प्यारी बहिनी कविता घिमिरेप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराई दिने त्रि.वि. केन्द्रीय पुस्तकालय काठमाडौँप्रति हार्दिक आभार प्रकट गर्दछु । यसका साथै आवश्यक सल्लाह दिई सहयोग गर्ने उपन्यासकार घनश्याम ढकाल र शोधपत्र तयार गर्न आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्ने सहपाठी मित्र वन्दना ढकालप्रति कृतकृत्य छु । शोधपत्र तयारी गर्न सहयोग पुऱ्याउनु हुने आत्मीय मित्रहरु सोम घिमिरे, टीकादेवी भट्टराई, यजुर्वेदानन्द भट्टराई, राजप्रसाद जोशी, अमृत के.सी. लगायतका सम्पूर्ण साथीहरु र शुद्धसँग टङ्कन गरिदिने नेचर कम्प्युटर सेन्टरप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि त्रि.वि. केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेस गर्दछु ।

युवराज घिमिर

# विषयसूची

## परिच्छेद एक

## शोधपरिचय


१.१ शोधशीर्षक १

१.२ शोधपत्रको प्रयोजन १

१.३ विषय परिचय १

१.४ समस्या कथन ३

१.५ शोधपत्रको उद्देश्य ३

१.६ पूर्वकार्यको समीक्षा ४

१.७ शोधपत्रको औचित्य ५

१.८ शोधपत्रको सीमाङ्कन ६

१.९ सामग्री सङ्कलन वि ६

१.९.१ सैद्धान्तिक आधार ६

१.१० शोधपत्रको रूपरेखा ६


## परिच्छेद दुई

## उपन्यास–सिद्धान्त


२.१ उपन्यास परिचय ७

२.२ उपन्यासको स्वरूप ९

२.३ उपन्यासका उपकरणहरू २०

२.३.१ कथानक २२

२.३.२ चरित्र २३

२.३.३ उद्देश्य २५

२.३.४ दृष्टिविन्दु २६

२.३.५ भाषाशैली २७

२.३.६ परिवेश २८

२.३.७. निष्कर्ष २९

## परिच्छेद तीन

## औपन्यासिक तत्त्वका आधारमा घनश्याम ढकालका उपन्यासको विश्लेषण


३.१ आख्यानकार घनश्याम ढकाल ३०

३.२ आख्यान लेखनको प्रेरणा ३१

३.३ गाउँभित्र उपन्यास लेखनको प्रेरणा र पृष्ठभूमि ३२

३.४ गाउँभित्र उपन्यासको विश्लेषणात्मक अध्ययन ३२

३.४.१ कथानक ३२

३.४.१.१ कथानकको स्रोत ३४

३.४.१.२ कथानकका आवश्यक उपकरणहरू ३४

३.४.१.३ कथानकको आङ्गिक विकास ३७

३.४.२ चरित्र र चरित्रचित्रण ३८

३.४.२.१ वसन्त सुवेदी ४०

३.४.२.२ रुद्रनाथ तिवारी ४१

३.४.२.३ प्रधानपञ्च ४२

३.४.२.४ जयन्ती ४२

३.४.२.५ रूपा ४३

३.४.२.६ पण्डित कमलप्रसाद ४३

३.४.२.७ टीकाभक्त ४४

३.४.२.८ अन्य सहायक चरित्रहरू ४४

३.४.३ दृष्टिविन्दु ४४

३.४.३.४ भाषाशैली ४५

३.४.३.५ परिवेश ४५

३.४.३.६ निष्कर्ष ४६

३.५ रातो आकाश लेखनको प्रेरणा र पृष्ठभूमि ४७

३.६ रातो आकाश उपन्यासको विश्लेषणात्मक अध्ययन ४८

३.६.१ कथानक ४८

३.६.१.१ कथानकको स्रोत ५३

३.६.१.२ कथानकका आवश्यक उपकरण : ५४

३.६.१.३ कथानकको आङ्गिक विकास ५५

३.६.२ चरित्र र चरित्रचित्रण ५६

३.६.२.१ अविरल ५८

३.६.२.२ मणिकान्त ६०

३.६.३.३ सुइदारबा ६१

३.६.२.४ शोभाकार ६२

३.६.२.५ गगन ६२

२.६.२.६ हेडमास्टर ६२

२.६.२.७ योगेन्द्र ६३

२.६.२.८ जगते ६३

२.६.२.९ शम्भु ६३

२.६.२.१० झपटे ६४

२.६.२.११ आरती ६४

२.६.२.१२ भविसरा ६४

२.६.२.१३ अन्य सहायक चरित्रहरू ६५

२.६.३ दृष्टिविन्दु ६५

२.४.६. भाषाशैली ६६

३.६.५ परिवेश ६८

३.६.६ निष्कर्ष ६९

## परिच्छेद–चार

### प्रगतिवादी मान्यताका आधारमा घनश्याम ढकालका उपन्यासहरूको विश्लेषण

४.१ प्रगतिवादको सङ्क्षिप्त परिचय ७१

४.२ प्रगतिवादी मान्यताहरू ७३
४.२.१ वर्गपक्षधरता ७३
४.२.२ पार्टीप्रतिबद्धता ७४
४.२.३ द्वन्द्वात्मकता : ७४
४.२.४ वर्गसङघर्ष ७६
४.२.५. शोषक-शोषित ७७
४.२.६ साम्राज्यवाद र पुँजीवादी शक्तिको विरोध : ७८
४.३ घनश्याम ढकालका उपन्यासहरूको प्रगतिवादी विश्लेषण ७८
४.३.१ वर्गपक्षधरता ७८
४.३.२. पार्टीप्रतिबद्धता ८०
४.३.३ द्वन्द्वात्मकता ८१
४.३.४ वर्गसङ्घर्ष ८२
४.३.५ शोषक र शोषित ८४
४.२.६ थिचोमिचोको विरोध ८५
४.३.७ श्रम र सङ्घर्षको समर्थन ८६
४.३.८ निष्कर्ष ८७

## परिच्छेद पाँच

## उपसंहार

५.१ सारांश ८९
५.२ निष्कर्ष ९१
सन्दर्भविवरण ९३

# सङ्क्षेपीकृतसूची

| | |
|---|---|
| एन् जी.ओ | - नन् गर्भमेन्टल अर्गानाइजेसन |
| आई.ए. | - इन्टरमडियट अफ् आर्टस् |
| एस्.एल्.सी. | - स्कुल लिभिङ सर्टिफिकेट |
| एफ्.एम्. | - फ्रिक्वेन्सी मोड्युलेसन |
| साप् | -साप्ताहिक |
| एम्.ए. | -मास्टर अफ आर्टस् |
| मा.वि. | - माध्यमिक विद्यालय |
| गा.वि.स. | - गाउँ विकास समिति |
| जि.वि.स. | - जिल्ला विकास समिति |
| नं. | - नम्बर |
| क्र.सं. | - क्रम सङ्ख्या |
| पृ. | - पृष्ठ |
| प्रा.डा. | - प्राध्यापक डाक्टर |
| प्रा.लि. | - प्राइभेट लिमिटेड |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |
| सं. | -संस्करण |
| वि.सं. | -विक्रमसंवत् |

# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **घनश्याम ढकालको उपन्यासकारिता** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग एम्.ए. दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ विषय परिचय

प्रगतिवादी साहित्यिकफाँटका स्मरणीय साहित्यिक स्रष्टा घनश्याम ढकाल आधुनिक नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाउने साधक प्रतिभा हुन् । ‘मातृभूमिको गोरेटो (पसिना, २०५२ : ३) निबन्धबाट साहित्ययात्रा प्रारम्भ गर्ने ढकालले निबन्ध, कविता, उपन्यास, समालोचनाका साथै सम्पादनका क्षेत्रमा आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् ।

स्याङ्जाको ग्रामीण परिवेशमा पिता प्रभाकर ढकाल र माता कौशल्या ढकालका पुत्ररत्नका रूपमा जन्मन पुगेका घनश्याम ढकाल तथ्याङ्कशास्त्रमा स्नातकोत्तर गरी प्राध्यापन पेसामा सम्लग्न रहेका छन् । विभिन्न पत्र-पत्रिकामा लेख, रचना प्रकाशित गरी साहित्यमा प्रवेश गरेका घनश्याम ढकाल प्रगतिवादी सांस्कृतिक आन्दोलनका साधक व्यक्तित्व हुन् । ढकालको साहित्यिक यात्रा हालसम्म चलिरहेको छ । ढकालका साहित्यिक कृतिहरू यसप्रकार छन् :

**निबन्धसङ्ग्रह :**

'नाम कमाउने रहरमा' (२०४२)

'दरिद्रताबाट मुक्ति' (२०४५)

**कवितासङ्ग्रह :**

'गङ्गाकाबेरी एक्सप्रेम चिठीलाई जवाफ' (२०४२)

'फैसला हारजितको' (२०४४)

'अभिवादन गर्छ सगरमाथा पेरुभियाली जनकालाई'

'भावनाका छालहरू' (२०६२)

**कथासङ्ग्रह :**

'भरिया र यात्री' (२०४६)

'शहिद मानचित्रमा नपरेको शहिद' (२०४८)

'समर्पणको बाटोमा' (२०५१)

'आजको महाभारत' (२०५५)

**उपन्यास :**

गाउँभित्र (२०४७)

रातो आकाश(२०६०)

**समालोचना :**

'मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना' (२०६२)

घनश्याम ढकाल मार्क्सवादी विचारधारा अँगाली आफ्ना कृतिहरूमा समाजसुधारको मार्गनिर्देश गर्दै शोषित, अपहेलित र पीडित वर्गको पक्ष लिई शोषक वर्गको शोषण र कुकृत्यको भण्डाफोर गरी प्रगतिवादी विचारलाई अवलम्बन गर्ने साहित्यकारका रूपमा परिचित छन् । राजनीतिक विषयवस्तुलाई लिइएर लेखिएका यिनका उपन्यासहरूले समकालीन यथार्थको चित्रण, अन्याय र शोषणका विरुद्ध विद्रोह, वामपन्थी राजनीतिक उतार-चढाव, सर्वहारावादी दृष्टिकोण, मानवतावाद,

नारीचेतनाजस्ता तथ्यहरूलाई अगाडि सारेका छन्  (सुवेदी, २०६४ : ४८१) । घनश्याम ढकालका कृतिहरूको छिटफुट रूपमा अध्ययन भए पनि उनको समग्र उपन्यासकारिताको अध्ययन हुन सकेको छैन । यस शोधपत्रमा उनका औपन्यासिक कृतिहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## १.४ समस्या कथन

नेपाली साहित्यका विविध विधा र समालोचना तथा सम्पादनमा समेत कलम चलाउने घनश्याम ढकालले आख्यान विधामा विशेष : सिद्धि प्राप्त गरेका छन् । आख्यानमा पनि उपन्यास विधामा बढी रुचि लिने ढकालका हालसम्म **गाउँभित्र** (२०४७) र **रातो आकाश** (२०६०) जस्ता उपन्यासहरू प्रकाशित छन् । हालसम्म उनको समग्र उपन्यासकारिताको अध्ययन हुन सकेको छैन । यस शोधपत्रमा उनको उपन्यासकारितामा केन्द्रित भई निम्न समस्याहरू उठाइएको छ ।

- औपन्यासिक तत्त्वका आधारमा  घनश्याम ढकालका उपन्यासहरू के-कस्ता रहेका छन् ?
- प्रगतिवादी मान्यतामा घनश्याम ढकालका उपन्यासहरू के-कस्ता रहेका छन् ?

## १.५ शोधपत्रको उद्देश्य

ढकालको उपन्यासकारितालाई मूल समस्या मानी अध्ययन गरिएको प्रस्तुत शोधपत्रको उद्देश्य निम्न रहेको छन् :

- उपन्यास सिद्धान्तलाई उल्लेख गर्नु,
- उपन्यास तत्त्वका आधारमा घनश्याम ढकालका उपन्यासहरू विश्लेषण गर्नु,
- प्रगतिवादमा आधारित रही ढकालका उपन्यासहरू विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

घनश्याम ढकालका बारेमा विभिन्न पत्रपत्रिका र समालोचनात्मक कृतिमा विभिन्न साहित्यकार र समालोचकहरूले फाटफुट रूपमा चर्चा गरेका छन् । जसलाई कालक्रमिक ढङ्गले निम्नअनुसार प्रस्तुत गरिएको छ :

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३) मा प्रगतिवादी उपन्यास परम्परामा घनश्याम ढकालको सामान्य चर्चा गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५८) मा घनश्याम ढकाल एक प्रगतिवादी उपन्यासकार हुन् भनी चर्चा गरेका छन् ।

अज्ञात लेखकद्वारा **जनादेश** वर्ष ११ अङ्क २० असार २०६० मा रातो आकाश उपन्यासलाई वर्गसङ्घर्षका रूपमा चर्चा गरी नेपाली जनता आफ्नो मुक्ति र युगीन परिवर्तनको लागि वर्गद्वन्द्वमा जुटी सर्वहारा वर्गको वीरता र बलिदानको चर्चा गरिएको पाइन्छ ।

राजेन्द्र सुवेदीले **वेदना** त्रैमासिक पत्रिका वर्ष ३२, अङ्क १, पूर्णाङ्क ७१ असोज २०६२ मा रातो आकाश उपन्यासलाई प्रगतिवादी परम्परामा चर्चा गर्दै घनश्याम ढकाललाई प्रगतिवादी साहित्य फराकिलो पार्ने स्रष्टाका रूपमा लिएका छन् । ढकाललाई २०४७ सालदेखि २०६० सालसम्मको अवधिमा नेपालको इतिहासमा देखापरेको बहुदलीय राजनीतिक विसङ्गति र माओवादी द्वन्द्वले जन्माएको विसङ्गत पर्यावरणभित्रको कुरूप यथार्थलाई कथावस्तु बनाएर आख्यान वृत्तमा अड्न सफल उपन्यासकार भनी चर्चा गरेका छन् ।

रमेश भट्टराईले **यथार्थवादी नेपाली समालोचना** (२०६२ सम्पा) मा घनश्याम ढकाललाई प्रगतिवादी सांस्कृतिक आन्दोलनका निरन्तर साधक प्रतिभा भनी चर्चा गरेका छन् । निबन्धबाट साहित्यिक यात्रा प्रारम्भ गरी उपन्यास जस्तो आख्यानत्मक विधामा पुगेको उनको लेखनको महत्त्वपूर्ण पक्ष विचारधारा हो । ढकाल आफ्ना

रचनामा मार्क्सवादी विचारधाराबाट प्रभावित भई प्रगतिवादी साहित्यकारका रूपमा हुन स्थापित पुगेका छन् भनी चर्चा गरेका छन् ।

सुकुम शर्माले **सगुन** साहित्यिक पत्रिका स्याङ्जा विशेषाङ्क  वर्ष ४, पूर्णाङ्क १० २०६३ , मा प्रगतिवादी नेपाली साहित्यमा स्मरणीय घनश्याम ढकाल साहित्यमा वर्गीय चिन्तनको स्पष्टता खोज्दै मार्क्सवादी सौन्दर्य चिन्तनका क्षेत्रमा समेत केन्द्रित रहेर साहित्य सिर्जनालाई जनमुक्तिको हतियारका रूपमा लिएको मूल्याङ्कन गरेका छन् । शर्माले ढकालका उपन्यासहरूलाई वर्गयुद्धको विश्लेषण गर्ने समाजवादी यथार्थवादी उपन्यास हुन् भनी उल्लेख गरेका   छन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृति** (२०६४) मा घनश्याम ढकालका उपन्यासहरूलाई समाजवादी यथार्थवादी धारामा समेट्दै चर्चा गरेका छन् । **गाउँभित्र** (२०४६) मा ग्रामीण सामन्ती परम्परालाई शोषणका रूपमा चर्चा गर्दै सामन्ती वर्गको शोषणमा निम्न वर्गीय व्यक्तिको जीवन दर्दानक भएको तथ्यलाई प्रस्तुत गरेका छन् । त्यसैगरी **रातो आकाश** (२०६०) मा अराजकपूर्ण प्रशासनको विरोधमा जुटेको सङ्घर्षमय जीवनलाई प्रशासनले माओवादीको सङ्ज्ञा दिई गरेको विद्रोहको चर्चा-परिचर्चा गरेका छन् । प्रहरी-पक्षको कमजोरीले गर्दा निर्दोस जनताको हत्या हुन पुगेको तथ्यको उजागर गरिएको छ ।

## १.७ शोधपत्रको औचित्य

नेपाली साहित्यका बहुमुखी प्रतिभा घनश्याम ढकाल, नेपाली प्रगतिवादी उपन्यासका क्षेत्रमा चर्चित व्यक्तित्व हुन् । ढकालका बारेमा विभिन्न लेखक तथा समालोचकहरूले विभिन्न पक्षबाट चर्चा गरे पनि उपन्यासकारिताको अध्ययन हुन नसकेको सन्दर्भमा प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहेको छ । यसका साथै घनश्याम ढकालको उपन्यासकारिताको बारेमा अध्ययन र विश्लेषण गर्न चाहने जोसुकै व्यक्ति र अध्येताहरूलाई समेत यस शोधपत्रले थप जानकारी र सहयोग पुऱ्याउने हुँदा औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधपत्रको सीमाङ्कन

घनश्याम ढकालले साहित्यका विभिन्न विधाहरूमा कलम चलाएका छन् । प्रस्तुत शोधपत्रमा ढकालको समग्र लेखन विधाको अध्ययन नगरी उनका प्रकाशित दुई उपन्यास **'गाउँ भित्र'** (२०४७) र रातो आकाश(२०६०) लाई आधार मानी उपन्यासकारिताको मात्र अध्ययन गरिएको छ । यही नै यस शोधपत्रको सीमाङ्कन हो ।

## १.९ सामग्री सङ्कलन विधि

### १.९.१ सैद्धान्तिक आधार

प्रस्तुत शोधपत्र तयारी गर्दा पुस्तक र पत्रपत्रिकाको अध्ययन बढी गरिने हुँदा आफूभन्दा पूर्वका शोधकर्ताले घनश्याम ढकालका बारेमा गरेका शोधपत्रलाई समेत सामग्रीको आधार बनाइएको छ । यसका साथै शोधशीर्षकसँग सम्बन्धित व्यक्ति तथा विशेषज्ञ, प्राध्यापक, समालोचक आदिबाट पनि आवश्यकताअनुसार अन्तर्वार्ता लिई यथोचित सन्दर्भमा प्रस्तुत गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि निम्न परिच्छेद र शीर्षकमा बाँडिएको छ ।

परिच्छेद एक - शोधपरिचय

परिच्छेद दुई - उपन्यास - सिद्धान्त

परिच्छेद तीन - औपन्यासिक तत्त्वका आधारमा घनश्याम ढकालका उपन्यासहरूको विश्लेषण

परिच्छेद चार - प्रगतिवादी मान्यताका आधारमा घनश्याम ढकालका उपन्यासहरूको विश्लेषण

परिच्छेद पाँच - उपसंहार

# परिच्छेद–दुई

## उपन्यास – सिद्वान्त

### २.१ उपन्यास परिचय

साहित्यका विविध विधाहरू मध्ये उपन्यास आख्यानात्मक उपविधा हो । उपन्यास गद्यमा लेखिएको दीर्घ कलेवर भएको कथात्मक साहित्यिक रूप हो (नेपाली साहित्य कोश, २०५५ : १३८) । यो पुँजीवादी युगको उपज तथा विधाका दृष्टिले नवीन विधा हो । उपन्यास प्रगतिवादी मूल्य र मान्यताहरूको प्रयोग र परीक्षण भूमि हो । यो अन्तर्वस्तु तथा रूपको सुन्दर नमुना हो । वर्गसङ्घर्षात्मक समाजको अध्ययन गर्ने सबैभन्दा लोकप्रिय विधाका रूपमा उपन्यासलाई चिनिन्छ । युगीन जटिलताहरूको प्रतिनिधित्व गर्ने नयाँ नायकको निर्माण यसको उच्चतम उपलब्धि हो । उपन्यासमा वस्तुयथार्थ, क्रान्तिकारी चेतना र औपन्यासिक कलाको उद्‌बोधन भएको हुन्छ । समाजका अन्तर्विराधहरु, व्यक्तिमनका अन्तर्द्वन्द्वहरू, समस्यामा जेलिएका यथार्थ जीवनका अल्झनहरू तथा अविच्छिन्न गतिले अनेकौं फड्‌का हालेर बढिरहेको मनुष्य र उसका प्रयत्नहरूको प्रतिविम्बनमा उपन्यासको कल्पनालोक निर्मित हुन्छ (प्रधान, २०६१ : १) । उपन्यास जीवनजगत्‌प्रति नै एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्‌घाटनमात्र नभएर यो एक सम्पूर्ण मनुष्य, जीवित मनुष्यको संसार हो । उपन्यासमा जीवनजगत्‌को आन्तरिक र बाह्य संरचनाको वास्तविक तर कलात्मक अभिव्यक्ति पाइन्छ । उपन्यास जीवनको पूर्णकदको तस्वीर हो र अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले जीवनभन्दा बढ्‌ता साझा जीवनको प्रतिच्छाया हो (राय, सन् १९७३ :४) । उपन्यास मानवजीवनको प्रतिनिधि हो जसमा घटनाहरू श्रृङ्खलाबद्ध हुन्छन् र यसमा वास्तविकताको प्रस्तुति काल्पनिक रूपमा गरिएको हुन्छ । मानव चरित्रमाथि प्रकाशपार्नु र जीवनका रहस्यलाई उद्‌घाटन गरी दिनु उपन्यासको मूल कार्य हो । समाज, युगपरिस्थिति तथा जनजीवनको बाह्यान्तरिक

पक्षको चित्रण गर्ने सबै श्रेष्ठ साधन र माध्यमसमेत उपन्यास नै भएको छ । उपन्यासले आन्तरिक र बाह्य प्रवृत्तिहरूको चित्रण गरेर जीवनलाई नाप्छ र त्यसको मूल्य खोज्छ, समाजलाई ठम्याउँछ र मोड्ने प्रयत्न गर्छ, गतिलाई समाउँछ र दिशादिन सङ्केत गर्छ । बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा श्रृङ्खलाबद्ध भई निश्चित् मूल्य प्राप्त गरेको तथा व्यापक परिधि भरिको समय र रचनाभित्र विस्तारित भएको सौन्दर्ययुक्त कथात्मक गद्य उपन्यास हो (श्रेष्ठ र शर्मा : २०५६ : ९४) । उपन्यास आख्यानात्मक हुने हुनाले यसको केन्द्रमा सदैव मान्छे र उसको प्रकृतिसँगको सङ्घर्षको कथा घुमिरहन्छ । उपन्यासले हिजोको सन्दर्भमा मात्र नभएर आजको सन्दर्भमा समेत सत्य र तथ्यलाई प्रस्तुत गर्ने हुनाले यो मानव जीवनको महाकाव्य हो  (बराल : २०५८ : २) । उपन्यासभित्र मानवजीवनको व्यापकपक्ष समेटिएको हुन्छ । मानवजीवनसँग सम्बन्धित भएर आउने पक्षलाई जतिसम्म समेट्न सकिन्छ, त्यतिसम्मको अनुविक्षण गराउने रचना नै उपन्यास हो । यसैले पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएका आख्यानात्मक रचनालाई उपन्यास भनेर चिनिन्छ (सुवेदी, २०६४ : १०) । उपन्यास वास्तवमा सामाजिक चेतनाको उद्बोधनका साथसाथै लोपोन्मुख सभ्यताको आधुनिकतम र मार्मिक कलाभिव्यक्ति हो । यसमा महाकाव्यको व्यापकता, नाटकको सङ्घर्ष र कविताको संवेग पाइन्छ ( प्रधान, २०६१ : ६) ।

यसरी आख्यानतत्त्व प्रवल भएको र जीवनका सत्य विम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विधा नै उपन्यास हो । यसमा मानवजीवनका शाश्वत सत्यलाई जीवन्त रूपमा प्रस्तुत गरिएको हुन्छ । मान्छेले गरेका सङ्घर्षहरू, भोगेका पीडाहरू र व्यथाहरू तथा गरेको प्रगतिलाई समेत उपन्यासका माध्यमबाट प्रस्तुत गरिन्छ । उपन्यासका माध्यमबाट मानिसभित्रका विविध प्रवृति, अन्तर्द्वन्द्वहरू र समस्याको विवेचना विश्लेषण गरी मानवसमाजलाई साह्रै नजिकबाट हेर्ने, बुझ्ने र चिन्ने प्रयत्न गरिन्छ ।

## २.२ उपन्यासको स्वरूप

उप+नि+अस्+अ अर्थात हुनु अर्थबोध गराउने 'अस्' धातुमा 'नि' र 'उप' दुईवटा उपसर्ग मिलेर निर्मित उपन्यास शब्दले नेपाली साहित्यको ललित गद्यकाव्यको आख्यानात्मक उपविद्यालाई सङ्केत गर्दछ । उपन्यास मनोरञ्जनात्मक कथात्मकताले गर्दा अरुभन्दा रोचक, विस्तृत परिवेशले गर्दा अझ व्यापक, बन्धनहीन स्वरूपले गर्दा सधैं परिवर्त्य, जीवनको निकट चित्र हुनाले बढी यथार्थ, प्रयोगधर्मी सम्भावनाले गर्दा सधैं नवीन र मानसिक रहस्यको उद्घाटन गर्ने भएकाले अति गहन तथा सूक्ष्म हुन्छ । उपन्यासमा दृश्य, स्थान, पात्र, घटना, चरित्र, र उद्देश्य आदि कुराहरूको संयोग र सङ्गठनबाट स्वरूप निर्माण हुन्छ । उपन्यासमा दृश्यहरू एकै किसिमका हुँदैनन् । पात्रहरूको प्रवृत्ति र उद्देश्य एकनासको रहदैन । बेग्लाबेग्लै परिस्थितिका विरुद्ध पात्रहरू सङ्घर्ष गर्छन् । अनेक घटना र कथाहरू जम्मा गरिन्छ । यी सबैको कलापूर्ण अन्वयमा उपन्यासको स्वरूप निर्माण हुन्छ (प्रधान, २०६१:३) ।

वर्तमान समयमा उपन्यास शव्द पाश्चात्य सहित्यको 'नोवल' को पर्यायका रूपमा प्रचलित छ । यसलाई ल्याटिनको 'नोवस्' तथा 'नोबलस्' शब्दको रूपान्तरण मानिएको छ । 'उपन्यास' विधाले उपन्यास नाम प्राप्त गरेको समय त्यति लामो भएको छैन । आधुनिक उपन्यासको उदयलाई आधार मान्ने पुस्तकको रूपमा आयान वाटको पुस्तक 'उपन्यासको उदय' लाई लिइन्छ (वाट, १९७४ : ३९) । पूर्वीय साहित्यको इतिहासलाई अध्ययन गर्दै जाने हो भने उपन्यासको आधुनिक स्वरूप आधुनिक आर्यभाषामा साहित्यको सिर्जना हुनथालेपछि मात्र विकास भएको पाइन्छ । संस्कृत, प्राकृत र अपभ्रंस भाषाका समयमा उपन्यास सिर्जना हुन सकेको छैन । आधुनिक मान्यताका आधारमा उन्नाइसौँ शताब्दीपूर्वको पूर्वीय साहित्य जगत्मा लगभग उपन्यासविधा शून्यप्रायः देखिन्छ । पाश्चात्य साहित्यमा समेत अठारौँ शताब्दीको अन्त्यदेखि मात्र उपन्यासको आरम्भ भएको मानिन्छ । यसरी विश्वसाहित्यमा उपन्यासले अठारौँ शताब्दीपछि मात्र आधुनिकता प्राप्त गर्न सफल

भए पनि उपन्यासले प्राप्त गर्ने रचनाका स्वरूप र तिनका लक्षणहरू पाश्चात्य साहित्यमा त्यसभन्दा अगाडि नै देखापरेका थिए ।

गद्य साहित्यको एक रूप उपन्यासको आधार कथा हो, जुन कथामा मानवीय तथा मानवेत्तर प्रवृतिको कल्पित कथा रहेको हुन्छ । उपन्यास त्यस्तो विकासशील साहित्यिक रूप हो, जसको शास्त्रीय अध्ययन हुन अझैं बाँकी नै छ । उपन्यासमा कथानक जसरी पनि आउन सक्छ । जीवित मानिसको कथानक नभए पनि हुन्छ । उपन्यासमा एकदिनको, एक घण्टाको तथा एक युगको कथा रहन सक्छ । एक वा अनेक पात्र रहन सक्छन् । दृश्यै-दृश्य र घटनासमेत रहन सक्छन् । यसर्थ उपन्यासको घटनाअनुसार उपन्यासले जस्तो पनि स्वरूप लिन सक्छ ।

उपन्यास मानवजीवनसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्ति गर्ने आवश्यक लम्बाइ भएको गद्याख्यान हो । यसलाई जीवनको नवीन रस सृजना गर्ने वस्तुका रूपमा लिने गरिन्छ । जीवनको यथार्थ चित्रणका प्रस्तुतिहरू, वस्तु र घटनाको प्रयोगका साथै पात्रहरूको यथार्थ जीवन उपन्यासमा सलबलाएको हुन्छ । सामाजिक जीवनका विविध परम्परा र सांस्कृतिक पक्षहरू, चिन्तन परम्परा र मान्यताहरू, मानदण्डहरू उपन्यासमा समीकरण गरिएको हुन्छ । उपन्यासले जीवनजगत्का केही महत्त्वपूर्ण अर्थहरूलाई छोएको हुन्छ र त्यस्ता अर्थहरूमा नै सृजनाको आस्था र इज्जत सुरक्षित रहेको हुन्छ । स्रष्टाको अनुभूतिका अजस्र स्रोतका रूपमा प्रस्तुतीकरणका अनेकौं सम्भावनाहरू रहन्छन् , जसले उपन्यासको स्वरूपलाई निर्धारित गर्छन् (बराल र एटम्, २०५८ : ९) ।

यसरी उपन्यासले जीवनजगत्का केही महत्त्वपूर्ण अर्थहरूलाई छोएको हुन्छ । यस्ता मर्महरूमा नै सिर्जनाको आस्था र इज्जत सुरक्षित रहेको हुन्छ । क्षणिक आनन्दभन्दा घटना र जीवनका सूक्ष्म तत्त्वहरूको संयोजनमा नै उपन्यासको सम्पूर्ण स्वरूप अडिएको हुन्छ । आख्यानत्मकता निहित रहे पनि त्यसको सत्यात्मक प्रस्तुति उपन्यासमा रहन्छ । इतिहासमा घटेका घटनाहरूलाई तथ्यरूपमा उपन्यासकारले उपन्यासभित्र प्रस्तुत गर्न सक्छन् । गद्यात्मक अधिव्यक्तिको प्रस्तुति उपन्यासले,

हामीले भोगेका अनुभव, गरेका र देखेका समाजभित्रकै यथार्थ जीवनका घटनाहरूलाई आधार बनाइ संरचनात्मक सुगठनद्वारा आफ्नो स्वरूप निर्धारण गर्दछ । साहित्यका रूपविधान मध्ये उपन्यास सबैभन्दा कोमल, उदार र गतिशील विधा हो । उपन्यासको व्यापकताभित्र समष्टि मानवीय सभ्यताको व्यापक चित्र समावेश हुन सक्छ । तसर्थ, उपन्यासको आयतन जीवन जत्तिकै फराकिलो र जीवनजत्तिकै सीमित पनि हुन्छ । उपन्यासको स्वरूपमा जीवनको समष्टि अस्मिता अडेको हुन्छ र जीवन समष्टि उपन्यासको अस्मितामा (सुवेदी, २०६४ : १२) ।

## २.३ उपन्यासका उपकरणहरू

उपन्यास एउटा साहित्यिक विधा हो । हरेक साहित्यिक विधाका आ-आफ्नै वैशिष्ट्यहरू हुन्छन् । तिनै वैशिष्ट्यहरू त्यस विधाको परिचयका आधार बन्छन् । उपन्यासको विधागत चिनारीलाई निजत्व दिने प्रमुख वैशिष्ट्य यसका उपकरणको संरचनागत व्यस्थापन पक्ष हो । संरचना भन्नाले वस्तुका आन्तरिक तथा बाह्य उपकरणहरूको अनुशासित र व्यवस्थित व्यवस्थापन हो । संरचनाले तत्त्वहरूको व्यवस्थापनलाई व्यवस्थित तुल्याउँछ । त्यसैले संरचना रूपनिर्माण कार्य हो । उपन्यासको रचनामा विभिन्न तत्त्वहरूको समायोजन हुन्छ, जसको समुचित प्रयोग र अन्तर्मिश्रणमा नै उपन्यासले स्पष्ट स्वरूप प्राप्त गर्दछ । आधुनिक समालोचनामा यिनलाई तत्त्व नभनेर उपकरणका रूपमा चिनाएको पाइन्छ । उपकरणहरूको काम संरचनागत सौन्दर्य र संज्ञानात्मकता प्रस्तुत गर्नु हो । उपन्यासको संरचनाका यतिमात्र उपकरण छन् भनेर किटान गर्नु वस्तुगत ठहर्दैन । उपन्यासको संरचना एकदमै जटिल अवधारण हो, यसले अनगिन्ती तत्त्वहरूलाई आफूभित्र समेट्दछ ।

उपन्यासका आधारभूत उपकरणका बारेमा विद्वान्हरू एक हुन् सकेका छैनन् । प्रमुख केही विद्वान्हरूले उल्लेख गरेका तत्त्वहरू यसप्रकार छन् :

- उपन्यासको सौद्धान्तिक पक्षको विस्तृत चर्चा गर्ने ई.एम. फोस्टरले उपन्यासको तत्त्वका रूपमा कथावस्तु, चरित्र, कथानक, कल्पना, रूप र लयलाई चिनाएका छन्  (फोस्टर : १९८८) ।

- रोजेन हाइमले उपन्यासको तत्त्वका रूपमा कथानक, दृष्टिविन्दु, चरित्रहरू, विचार, सारतत्त्व, भाषा र परिवेशलाई लिएका छन्  (रोजेकहाइमा : १९६३) ।

- साहित्य सिद्धान्तका व्याख्याता तथा समालोचक द्वय रेने वेलेक र अस्टिन वारेनले विधा सिद्धान्तको विस्तृत चर्चा गर्ने सन्दर्भमा उपन्यासका संरचक तत्त्वहरूमा कथानक, दृष्टिविन्दु, चारित्रीकरण, र परिवेशलाई लिएका छन्  (वेलेक र वारेन, १९४९ : २१९) ।

- नेपाली साहित्यकोशमा कथानक, भाषाशैली, चरित्रचित्रण, वातावरण र उद्देश्यलाई उपन्यासका आधारभूत तत्त्वका रूपमा लिइएको पाइन्छ (नेपाली साहित्यकोश, २०५५ : १३८) ।

- कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कयोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई उपन्यासको उपकरण भनी चर्चा गरेका छन् (प्रधान, २०६१ : ७) ।

- घनश्याम नेपालले उपन्यासको संरचनाका लागि कथावस्तु, कथानक, पात्र तथा चरित्र चित्रण, विचारतत्त्व, पर्यावरण र चित्तवृत्ति, दृष्टिकोण, प्रतीक र विम्ब, गति तथा लय र भाषालाई लिएका छन् (नेपाल, सन् १९८७ .....) ।

- राजेन्द्र सुवेदीले वस्तु , चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, विचार र कुतूहलतालाई उपन्यासको तत्त्वका रूपमा लिएका छन् (सुवेदी, २०६४ : १७) ।

माथि उल्लिखित आख्यानका संरचनागत तत्त्वहरूलाई विश्लेषण गरी उपन्यासका प्रमुख उपकरणका रूपमा निम्न तत्त्वहरूलाई लिन सकिन्छ :

(क) कथानक (ख) चरित्र (ग) उद्देश्य (घ) दृष्टिविन्दु (ङ) भाषाशैली (च) परिवेश

### २.३.१ कथानक

उपन्यासमा कथावस्तुका रूपमा आउने विषय नै कथानक हो । यसको निर्माण जीवनले आत्मसात् गरेका वस्तु र घटनालाई जोरजाम गर्ने प्रक्रियाबाट हुन्छ (सुवेदी, २०६४ : १७) । उपन्यास कथालाई मेरुदण्ड मानेर जीवित रहने विधा भएकोले यसमा आख्यान पक्ष अनिवार्य रहन्छ । तसर्थ, उपन्यासले कथावस्तुभित्र कथानकको अपेक्षा गरेको हुन्छ । वास्तवमा कथानक विचारविन्यासको एउटा महत्त्वपूर्ण प्रस्तुति हो (बराल, २०५६ : २७) ।

उपन्यास कथावस्तुको प्रस्तुतिका क्रममा देखापर्ने घटनाहरूको व्यवस्थित र योजनाबद्ध प्रस्तुति हो , जुन कार्यकारण सम्बन्धद्वारा कसिएको र व्यवस्थित गरिएको हुन्छ । कथानकले उपन्यासलाई सबल र मूर्त तुल्याउँछ । विना कथानक उपन्यासको कल्पना गर्न सकिदैन । तर, आजभोलि कथानकविहीन उपन्यासको चर्चा चले पनि क्षीणरूपमा भए पनि कथानकको उपस्थिति भएको पाइन्छ । कथानक उपन्यासको आधार वस्तु हो, जसको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ । कथानकका माध्यमबाट उपन्यासकारले आफूले व्यक्त गर्न खोजेको जीवनदर्शन प्रस्तुत गरेको हुन्छ । यथार्थमा कथानक कथानकका सन्दर्भमा आउने आकस्मिक घटनाहरूको अनुक्रमात्मक व्यवस्थापन हो । कथानकको मुख्य सम्बन्ध चरित्र र उद्देश्यसित रहेको हुन्छ (बराल, २०५६ : २८) ।

कथानकमा निम्न पक्ष समेटिएका हुन्छन् :

- कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलामा आयोजित रहन्छ ।
- कथावस्तुको गतिक्रमलाई मूर्त र प्रभावकारी बनाउन कथानकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।
- कथानकको स्रोतका रूपमा इतिहास, मियक, रागात्मक सौन्दर्य, स्वैरकल्पना, याथार्थअनुभव आदिको प्रयोग गरिएको हुन्छ ।

- कथानकको विकासका लागि द्वन्द र क्रिया अनिवार्य मानिन्छ ।
- कथानकको निर्माण उपन्यासभित्र घटित विभिन्न सानाठूला, गौण तथा सामान्य घटनाहरूको संयोजनबाट हुने गर्दछ ।

यसरी क्षीण होस् वा सबल विना कथानक उपन्यास सम्भव छैन । कथानक उपन्यासको गति भएकाले विचार प्रकटीकरणको लागि घटना र चरित्रमार्फत क्रियाशील हुन्छ । यो कार्यव्यापारसित सम्बन्धित हुनाले, यसले घटनाहरूको तारतम्य मिलाउँछ र उपन्यासलाई निष्कर्षतर्फ डोऱ्याउँछ । तसर्थ कथानक कथावस्तुको प्रक्षेपणका लागि घटनाहरूको व्यवस्थित तारतम्य मात्र नभएर विचार प्रक्षेपणको गति हो, जुन द्वन्द र अवरोध, द्वन्द्व र गतिका साथ गतिमान हुन्छ । यसर्थ, कथानकमा द्वन्द्व अनिवार्य ठानिन्छ ।

## २.३.२ चरित्र

पात्र वा चरित्रविना उपन्यासको कल्पना गर्न सकिदैन । उपन्यासमा चरित्रहरू, कथावस्तु तथा उद्देश्यसित जोडिएका महत्त्पूर्ण पक्ष हुन् । कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तन्तुहरूलाई गति दिने माध्यम चरित्र हो । चरित्रले मानवजीवनको व्यापक भाष्य उतार्ने गर्छ ।

चरित्रहरू कथावस्तुको समग्रतालाई गति र अन्वितिमार्फत निश्चित्रूपमा फेर्ने माध्यम हुन् । उपन्यासमा चरित्रको माध्यमबाट उपन्यासकारले भन्न चाहेको कुरा र उसको जीवनदृष्टि बुझ्न सकिन्छ । पात्रहरूको सम्बन्ध उपन्यासमा कथावस्तु र उद्देश्यसित रहेको हुन्छ । उपन्यासभित्र कुनै न कुनै विशेषता बुझाउन व्यवस्थितरूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथानकको गति र कार्यअनुरूप चरित्र-चित्रण, विकास, व्यवहार, आरोहअवरोहका क्रियाकलापहरू चारित्रीकरण हुन् (बराल, २०५६ : ३२) ।

उपन्यासमा प्रयोग गरिने पात्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिन्छन् तर तिनीहरूलाई जस्ताको तस्तै नलिएर, लेखकको सिर्जनात्मक कल्पनामा ढालेर समाजका व्यक्ति जस्तै बनेर प्रस्तुत हुन्छन् । यसरी प्रस्तुत हुँदा पात्रहरूले विभिन्न किसिमको स्वरूप र चरित्र वहन गर्छन् । कुनै पात्र उपन्यासको सुरुदेखि अन्त्यसम्म विस्तारित हुन्छ भने कुनै पात्र खास भागमा मात्र आउँछन् । विभिन्न विद्वान्हरूले पात्र तथा चरित्रको निर्माणमा विविध दृष्टिकोण प्रस्तुत गरेका छन् । सामान्यतया पात्रलाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ :

स्थिर तथा गतिशील पात्र

गोलापात्र र चेप्टा पात्र

अन्तर्मुखी र बाहिर्मुखी पात्र

यथार्थ र आदर्शपात्र

पारम्परिक र मौलिक पात्र

उपन्यासमा आरम्भदेखि अन्त्यसम्म एउटै मूल्य, एउटै चरित्र र एउटै प्रवृतिका साथ देखापर्ने, जसको गतिमा कुनै भिन्नता वा आरोहअवरोह देखिदैन, त्यस्ता पात्रहरूलाई स्थिर पात्र भनिन्छ (बराल-२०५६ : ३४) ।

गतिशील पात्रहरू कथानकको मोड र गतिअनुसार क्रियाशील हुन्छन् । गतिशील पात्रहरू परिस्थिति अनुसार स्वाभाव बदल्ने गर्छन ।

जीवनलाई जटिल रूपमा भोग्ने र क्षणक्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चपूर्ण बनाउने पात्रलाई गोला पात्र भनिन्छ । गोला पात्रहरूमा स्वच्छन्दता र स्वाभविकता ज्यादा हुन्छ । जीवनलाई सपाट रूपमा भोग्ने र विशेषगरी सजिलै  बुझ्न सकिने पात्रलाई च्याप्टा पात्र भनिन्छ ।

जीवनलाई आफ्नै रचनामा ढालेर सांसरिक भद्रगोलदेखि टाढा बस्न चाहने पात्र अन्तर्मुखी हुन्छ । तर बहिर्मुखी पात्रहरू आफ्ना मनका कुराहरू खुलस्त पारी

बाहिरी सम्पर्कमा रम्ने हुँदा बढी आशावादी हुन्छन् । बहिर्मुखी पात्रहरूले जीवनलाई रमणीय अनुभवका रूपमा लिएका हुन्छन् (बराल र एटम, २०५८ : ३१) ।

समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने खालको पात्र यथार्थ हुन्छ । जसको हरेक क्रियाकलापमा पाठक संवेदित भई मनोभावलाई अनुकूल बनाउँछ । यस्ता उपन्यास पढ्दा जीवन आफैंले भोगेजस्तो लाग्छ । तर आदर्शपात्रहरूले उच्च आकांक्षा बोके पनि 'यस्तो हुनुपर्छ' भन्ने सन्देश दिने हुँदा उसमा यथार्थको अभाव हुन्छ ।

पूर्वपरिचित स्वभाव, आचरण र कार्यकै अनुकरणमा कुदि हिँड्ने पात्र पारम्परिक वा रुढ हुन्छन् । परम्पराको जगेर्ना गर्ने त्यस्ता पात्रहरूले आफ्नो संस्कार र रीतिथिति बचाइरहेका हुन्छन् । मौलिक पात्रचाहिँ स्रष्टाको नौलो सिर्जना हो । मौलिक पात्रहरूले पाठकलाई आफूमा केन्द्रित गरी जीवनलाई नवीन ढङ्गले बुझ्ने कोशिस गर्छन् ।

यसरी उपन्यासमा प्रयुक्त पात्रहरू विविध प्रकारका रहन्छन् । तिनीहरूले सामाजिक जीवनको कुनै एक पक्षलाई जीवन्त रूपमा चित्रण गरेका हुन्छन् । कथावस्तुको चरित्र र विषयवस्तुको विशिष्टताले चरित्रको भूमिका निर्धारण हुने हुँदा वास्तवमा चरित्रहरूलाई कथावस्तुको अस्थिपन्जरमा रक्तसञ्चार गराउने माध्यमका रूपमा स्वीकार गरिन्छ ।

### २.३.३ उद्देश्य

उद्देश्यलाई विचार वा सारतत्त्व पनि भनिन्छ । उपन्यासको उद्देश्य उपन्यास रचनाको प्रयोजन हो । प्रयोजनविनाको कल्पनाले औपन्यासिक स्वरूप लिन सक्तैन । उपन्यासकारले उपन्यासमा कथानक चरित्र र भाषाका माध्यमबाट विचारको निष्कर्ष प्रस्तुत गरेको हुन्छ त्यसलाई सारतत्त्व भनिन्छ । उपन्यासमा के छ र उपन्यासले समग्रमा के भन्न चाहन्छ, त्यसैको निचोड नै उद्देश्य हो (बराल, २०५६ : ३७) । उपन्यास खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत

अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णनमात्र नभएर तिनीहरूको जीवनप्रति नै उपन्यासकारले कुनै विशिष्ट दृष्टिकोणलाई प्रस्तुत गरिरहेका हुन्छन् । विषयलाई गहनता र विस्तृति दिएर कुनै सामाजिक समस्या वा सैद्धान्तिक सत्यको प्रतिपादन अर्थात् जीवनदर्शनकै रूपमा मूल्याङ्कित गर्ने काम उद्देश्यले पूरा गर्ने हुनाले यसको महत्त्वलाई उपन्यासमा स्वीकार गरिन्छ (प्रधान, २०६१ : ११) । त्यसैले उद्देश्यलाई उपन्यासको प्राप्ति मानिन्छ । स्रष्टाले आफ्ना विचारलाई उपन्यासद्वारा पाठक जगत्मा प्रक्षेपण गर्न चाहन्छ । त्यो प्रक्षेपित विचार मानवसमाजका निम्ति रचनात्मक मार्गदर्शन बन्दछ । उपन्यासका समष्टि निष्कर्षमा हातलागि हुने दिशानिर्देश नै विचार पक्ष हो र यसको अभावमा  उपन्यास नै अर्थहीन बन्दछ (सुवेदी, २०६४ : २६) । यही विचार नै उद्देश्यको रूपमा प्रकटित भएको हुन्छ । लेखकले उपन्यासमा दिन खोजेको भाव, विचार, दर्शन नै उद्देश्य हो । उपन्यासको अन्त्यमा पाठकवर्गले ग्रहण गर्ने विचार नै उद्देश्य हो । यसको अभावमा उपन्यासको सिर्जना असम्भव छ । उपन्यासको अनिवार्य उपकरणका रूपमा उद्देश्यलाई लिइन्छ ।

### २.३.४ दृष्टिविन्दु

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा वस्नलाई रोजेको ठाउँ नै दृष्टिविन्दु हो (बराल र एटम, २०५८ : २९) । उपन्यासभित्र उपन्यासकारले पात्रका माध्यमबाट वा सोझै आफ्नै उपस्थितिमा कथा भनिरहेको हुन्छ । यसरी कथा भन्नलाई उपन्यासकारले राजेको समाख्याताको स्थान नै दृष्टिविन्दु हो । दृष्टिविन्दुका माध्यमले उपन्यासकार र पाठक वर्गबीचको सम्बन्ध जोडिन्छ । दृष्टिविन्दु त्यो स्थान, स्थिति वा सीमा हो, जसको माध्यमबाट उपन्यासकारले आफ्नो धारणा वा विचार पाठक समक्ष पुऱ्याउँछ (श्रेष्ठ, २०६० : ११) । वास्तवमा दृष्टिविन्दु कसरी कथा भन्दा प्रभावशाली हुन्छ भन्ने प्रविधिगत परिपाटि हो । यो उपन्यासको साध्य होइन साधन हो । यसलाई उपन्यासको प्रमुख उपकरणका रुपमा लिइन्छ । दृष्टिविन्दु दुई प्रकारको हुन्छ :

१. आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु

२. बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु

उपन्यासकारले घटना र पात्रको वर्णन गर्दा आफूलाई 'म' का रूपमा उपस्थित गराउँछ भने त्यसलाई आन्तरिक वा प्रथमपुरुष दृष्टिविन्दु भनिन्छ । आन्तरिक दृष्टिविन्दु केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । केन्द्रीय प्रथम पुरुष दृष्टिविन्दुमा कथायिता नै उपन्यासको प्रमुख पात्र हुन्छ र उसले आफ्ना कुरा निजी तवरले भनिरहेको हुन्छ (बराल र एटम, २०५८ : ३९) । परिधीय प्रथम पुरुष दृटिविन्दुमा 'म' पात्र त रहन्छ तर त्यसको स्थान कि त गौण रहन्छ, कि तटस्थ ( श्रेष्ठ, २०६० : ११) । बाह्यदृष्टिविन्दु भएको उपन्यासमा कथायिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घटनास्थल भन्दा बाहिर रहेर अरुका बारेमा टिप्पणी गर्छ । बाह्य दृष्टिविन्दु सर्बज्ञ र सीमित गरी दुई प्रकारको हुन्छ । उपन्यासमा आएका पात्र र घटनालाई सर्बज्ञ झैं बनेर कथायिताले नै वर्णन एवम् टिप्पणी गर्दै सबैकुरा आफ्नो नियन्त्रणमा लिएको छ भने त्यसलाई सर्बज्ञ दृष्टिविन्दु भनिन्छ । यदि उपन्यासको कथयिताले नै कथावाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव र विचरमा लुप्त गराउँछ र सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गर्दछ भने त्यसलाई सीमित बाह्य दृष्टिविन्दु भनिन्छ ।

### २.३.५ भाषाशैली

समाजका व्यक्तिहरूबीच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाकप्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ (बन्धु, २०५० : १) । भाषा मानवीय विचार विनिमयको साधन हो । अनुभूति र अभिव्यक्तिको माध्यम भएकोले भाषा सामाजिक चिन्तनको प्रतीक हो । उपन्यासमा कथावस्तुको विस्तार तथा विचारको प्रस्तुतिसमेत भाषाका माध्यमबाट गरिन्छ । लेखकले भाषालाई माध्यम बनाएर आफ्ना अनुभूतिहरू कृतिमा व्यक्त गर्दछ । भाषाविना उपन्यासले मूर्तता पाउन सक्तैन । भाषा उपन्यासको घटना प्रस्तुत गर्ने माध्यम हो । उपन्यास भाषाद्वारा मूर्तरूपमा

प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ (बराल र एटम, २०५८ : ४२) ।

उपन्यासमा गद्य भाषाको प्रयोग गरिन्छ । भाषालाई विचलन गरेर पनि उपन्यास लेख्ने गरिन्छ तर अत्याधिक भाषिक विचलन भने उपन्यासमा उपयुक्त मानिदैन । उपन्यासको भाषा पात्र अनुकूल हुने गर्दछ । पात्रको सामाजिक स्तरअनुसार उच्च, मध्यम र निम्नस्तरको भाषाको प्रयोग उपन्यासमा गरिन्छ । कतिपय स्थानमा अनौपचारिक भाषाको प्रयोग पनि उपन्यासमा गरिन्छ । उपन्यासमा भाषाको प्रयोग मूलतः  दुई किसिमबाट भएको पाइन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैंले प्रयोग गरेको हुन्छ । यो सामान्यतया लेखकको स्तरअनुपरूप बढी कलात्मक, औपचारिक र मानक हुन्छ । दोस्रो किसिमको भाषा उपन्यासका पात्रहरूबीच संवादका निम्ति प्रयोग गरिन्छ । कतिपय उपन्यासकारहरू तत्सम शब्दको प्रयोगलाई जोड दिन्छन् भने कतिपय मौलिक र झर्रा शब्दको प्रयोगमा जोड दिन्छन् । अत : भाषा विचार विनिमय र सामाजिक संवेदनाको उद्‌बोधन गर्ने माध्यम हो ।

शैली भाषाकै रूप भएकोले भाषाको चर्चाभित्र शैलीसमेत समेटिन्छ । शैली प्रस्तुतिको भङ्गिमा र लेखकको आफ्नोपन हो । भाषा र शैलीको कलात्मक मेलले गर्दा उपन्यासले उच्च मूल्य प्राप्त गर्दछ ।

### २.३.६ परिवेश

कुनै काम हुनका लागि उपयुक्त मानिसको उपन्यासको कार्यपीठिका नै परिवेश हो (सुवेदी, २०६४ : २५) । यसलाई पर्यावरण, वातावरण, परिवृत्त र परिधिजस्ता शब्दहरूले समेत चिनाइन्छ । उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ । परिवेश उपन्यास संरचनाको क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण हो । परिवेश कथानकसित जन्मिन्छ र कथानकसितै यसको

विचार जोडिएको हुन्छ । पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले गहन भूमिका निर्वाह गर्दछ ।

### २.३.७. निष्कर्ष

उपन्यासमा औपन्यासिक गुणहरू रहनु पर्दछ । कथानकको अन्विति नै उपन्यासको मेरुदण्ड हो । कथानकको वृत्तिलाई क्रमबद्धतामा प्रस्तुत गर्ने र जीवनको सेरोफेरो प्रस्तुत गरिदिने विषयवस्तुलाई समेटेर औपन्यासिक मूल्य प्रदान गर्ने तत्त्वलाई उपन्यासको मूल मानिन्छ । उपन्यासमा पात्रले कथानक, क्रियाकलाप, चरित्र, वातावरण र विचारसमेतलाई सामञ्जस्य कायम गरी कुतूहलपूर्ण रूपमा उपन्यासलाई अगाडि बढाउँछ । तसर्थ पात्रको आकर्षण र विकर्षणमा सिङ्गो उपन्यास तन्किने र खुम्चिने गर्दछ । सिङ्गो मानवजीवन समष्टि मानवसमाज र विश्व जीवनलाई कहाँ लाने र के बनाउने भन्ने विचार तत्त्वले निर्धारण गर्दछ । यसर्थ उपन्यास जीवनको समष्टि प्रस्तुति हो । यसको सेरोफेरोमा मान्छेको जीवन छरिएको हुन्छ । पुस्तौंपुस्ताको सभ्यता, संस्कृति र इतिहासका मोलतोललाई औपन्यासीकरण गर्ने प्रवृति उपन्यासमा रहन्छ । माथि उल्लिखित तत्त्वहरूलाई कलात्मक विन्यास र समुचित सङ्गठनमा ढाल्ने काम भएपछि उपन्यासले आकृति प्राप्त गर्दछ । जुन आकृति सुन्दर फूलबारी सरह सिङ्गारिएको हुन्छ । यसले समष्टि मानव जीवनलाई प्रतिनिधित्व गर्दछ ।

# परिच्छेद तीन

# औपन्यासिक तत्त्वका आधारमा घनश्याम ढकालका उपन्यासको विश्लेषण

## ३.१ आख्यानकार घनश्याम ढकाल

प्रगतिवादी साहित्यिक फाँटमा स्मरणीय साहित्यिक स्रष्टा घनश्याम ढकाल आधुनिक नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाउने साधन प्रतिभा हुन् । 'मातृभूमिको गोरेटो' (२०२६) निबन्धबाट साहित्यमा प्रवेश गरेका ढकालले निबन्ध, कविता, उपन्यास, कथा, समालोचनाका साथै सम्पादनका क्षेत्रमा समेत आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् ।

साहित्यका अन्य विधाहरूभन्दा आख्यान विधाबाट जीवनलाई सूक्ष्म ढङ्गले हेर्ने, बुझ्ने, विश्लेषण गर्ने र चरित्र निर्माणसमेत यथार्थ ढङ्गले गर्न सकिने उपन्यासकार ढकालको विचार रहेको छ । जीवनजगत्लाई यथार्थरूपमा प्रस्तुत गर्ने ढकालले 'बारुणयन्त्र' (२०३८) कथाबाट आख्यानविधामा कलम चलाएका हुन् (शोधनायकबाट प्राप्त जानकारी) । ढकालका हालसम्म प्रकाशित कथासङ्गहरूमा **भरिया र यात्री** ( २०४६), **शहिद मानचित्रमा नपरेको शहिद** (२०४८), **समर्पणको बाटोमा** (२०५१) **आजको महाभारत** (२०५५) कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । यी कथाहरूमा गरिबी र यसले निम्त्याएको पीडा, गरिबीको मुक्तिका लागि गरिएको सङ्घर्ष प्रस्तुत गरिएको छ (शर्मा, २०६३ : २१६) । त्यसैगरी उपन्यासकार ढकालका **गाउँभित्र** ( २०४७) र **रातो आकाश** (२०६०) जस्ता उपन्यास प्रकाशित छन् । दृढ विश्वासी, स्पष्टवादी एवम् अध्ययनशील स्वभावका ढकालले आफू बाँचेको समाजमा देखिएको शोषण, अन्याय, अत्याचार, दमन, पीडा, गरिबीका कारण दयनीय एवम् कष्टकर जीवन भोग्न विवश भएका जनताका व्यथा एवम् पीडालाई उजागर गर्दै त्यस्ता

विसङ्गतिहरूको अन्त्य गरी समतामूलक एवम् सभ्य समाजको स्थापनाको लागि आख्यानका माध्यमबाट सन्देश दिएका छन् (ढकालबाट प्राप्त जानकारी) ।

## ३.२ आख्यान लेखनको प्रेरणा

पञ्चायती शासनव्यवस्थामा नेपाली जनताले पाएको दुःख र भोगेको पीडालाई वर्गीय सङ्घर्षका रूपमा प्रस्तुत गर्ने उपन्यासकार ढकालले पञ्चायतकालीन दमनलाई प्रत्यक्ष रूपमा भोगेका थिए । त्यही पञ्चायतकालीन आक्रोश र दमनको पीडालाई प्रेरणाको रूप लिई आख्यानलेखनको सुरुवात गरेको उपन्यासकार ढकाल बताउँदछन् ।

आख्यानमा कथाविधालाई समातेर ढकालले पञ्चायतकालीन उत्तरार्द्धको समयलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन् । सामाजिक अन्धविश्वास र सामाजिक संस्कारको चित्रण गरी वर्गसङ्घर्षलाई प्रस्तुत गर्न कथा विधालाई समातेका ढकालले आफ्ना कथाहरूमा मजदुर जीवनको चित्रण, अन्यायको प्रतिरोध, गरिब जनतालाई चाडपर्वले पार्ने प्रभाव, व्यक्तिवादी पागलपन, विभत्स हत्या, दमन र त्यसको प्रतिरोध गर्ने सङ्घर्ष, जातपातका नाममा हुने गरेका भेदभावको विरोध, आतङ्ककारीका नाममा गरिएका कु-कार्य, भूमिगत कार्यशैली, छापामारको दृष्टि, ग्रामीण सङ्घर्षको चित्रण आदिलाई जीवन्तरूपमा उतारेका छन् ।

त्यसैगरी **गाउँभित्र** (२०४७) र **रातो आकाश** (२०६०) उपन्यासका माध्यमबाट नेपाली समाज, नेपाली जनता र वास्तविकताको चित्रणलाई प्रस्तुत गर्न वर्गीय चरित्र र वर्गीय सङ्घर्षलाई अगाडि बढाएका छन् (सुवेदी, २०६४: ४८३) । कथाबाट भन्दा उपन्यासबाट जीवन जगत्को बृहत् अध्ययन, अवलोकन गर्न सकिने हुनाले पञ्चायती दमनपूर्ण शासनव्यवस्था र त्यस समयमा नेपाली जनताले भोग्नु परेको विवशताको चित्रण एकातिर पाइन्छ भने अर्कातिर माओवादी जनयुद्धका समयमा सरकारका तर्फबाट गरिब नेपाली जनताले खेप्नु परेको पीडालाई यथार्थ रूपमा प्रस्तुत गरिएको पाइन्छ (भट्टराई, २०६२ :३६९) ।

## ३.३ गाउाभित्र उपन्यास लेखनको प्रेरणा र पृष्ठभूमि

घनश्याम ढकाल नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादी धाराका सशक्त प्रतिभा हुन् । बाल्यकालमै मातृपितृ वियोग खेप्नुपरेका ढकालको बाल्यकाल सङ्घर्षमै वित्यो । पञ्चायती कालरात्रीको दमन र उत्पीडन, पुँजीपति वर्गको शोषणमा निरीह गाउँले मुक बनेर पिल्सिरहेको यथार्थलाई उपन्यासले वरण गरेको छ । सामन्ती वर्गको  विरोधमा उत्रिएको व्यक्तिको जीवन दयनीय बनाइएको छ । फोहोरी राजनीति र पैसाको भरमा शासन सत्ता चलाउनेहरूले सोझा सीधा गाउँले जनताको रगत कसरी चुसेका छन् ? त्यही गाउँले यथार्थ परिवेशमा गाउँभित्र उपन्यास लेखिएको छ । ग्रामीण परिवेश, शोषक र शोषितबीचमा बढ्दै गएको द्वन्द्व र त्यस द्वन्द्वका माझमा हुर्किएको विचार र राजनीतिक प्रतिबद्धता यस उपन्यास लेखनको प्रेरणा र पृष्ठभूमि बनेको छ । स्वतन्त्रता र उन्मुक्त जीवनका वैरीहरूसँग र वर्षौंदेखि तिनीहरूका विरुद्ध लड्दै आएका नवयुगीन चेतनाका योद्धाहरूसँगको सन्निकटताबाट यो उपन्यास सिर्जिएको हो (ढकाल, २०४७ : भूमिका पृष्ठ) ।

## ३.४ गाउँभित्र उपन्यासको विश्लेषणात्मक अध्ययन

### ३.४.१ कथानक

पञ्चायतकालीन नेपाली समाजको आर्थिक, राजनीतिक र सांस्कृतिक संरचनाको प्रभावमा पीडित गाउँले जीवनलाई विषयवस्तु बनाइ लेखिएको गाउँभित्र उपन्यासमा सामाजिक थिचोमिचो , शोषण, अन्याय, अत्याचार, दमनजस्ता विसङ्गति र विकृतिलाई प्रस्तुत गरी उपन्यासको कथानक अगाडि बढेको छ । नेपाली समाजको वर्गविषमता, निम्नवर्ग र मध्यमवर्गमा आउँदै गरेको चेतना र त्यस चेतनाले गाउँमा क्रमशः सङ्घर्ष,क्रान्ति र नयाँ युगको आगमनको अवस्थालाई निम्त्याएको कथ्यसन्दर्भबाट उपन्यासको कथानकको विकास भएको छ (भट्टराई, २०६२ :३५५) ।

गाउँभित्र उपन्यासको थालनी उत्तर, दक्षिण फैलिएर रहेको लामो पहाडी श्रृङ्खलाको काखमा अवस्थित आँधिखोलालाई उत्पत्तिकालदेखि नै आफ्नो आँखामा नचाउँदै हुर्किएको गाउँले जनजीवनको वास्तविक यथार्थबाट सुरु हुन्छ । गाउँमा जनजीवन कष्टमय बनेपछि काम र मामको खोजीमा मुग्लान पसी दरवान, पाले, कुल्ली, गोठालो, आदि काम गरी जीवनयापन गर्नुपर्ने बाध्यता उपन्यासमा पाइन्छ । यस उपन्यासको क्रान्तिधर्मी नायक वसन्त सुवेदीको वंशवृक्ष, तिनका पुर्खा, तिनले विदेशतिर गएर बेहोर्नु परेको सास्ती, मृत्यु, संवेदना र त्रासद अवस्थाको चित्रणमा कारुणिकता झल्कन्छ । सुवेदी परिवारका यिनै वंश मध्येको कान्छो वंश वसन्त सुवेदीको केन्द्रीयतामा गाउँभित्र उपन्यासको कथावस्तु चित्रित छ ।

कथावस्तुको विकासमा परदेशी बाबु परलोक भएपछि वसन्तको पुर्ख्यौली सम्पत्ति हत्याउने दाउमा शोषक रुद्रनाथ र प्रधानपञ्च षड्यन्त्र गर्न सुरु गर्छन् । मरिसकेको बाबुले नलिएको ऋणलाई बाबुको कृते छाप देखाएर जग्गा हात पार्छन् ( ढकाल, २०४७: २३) । यही अन्याय र शोषणको विरोध र पर्दाफास गर्न वसन्त सुवेदी क्रान्तिकारी नायकका रूपमा परिणत हुन्छ । अशिक्षित गाउँले समाजलाई शोषण र थिचोमिचो विरुद्धको आवाजमा चेतना जगाउँदाखेरि नायक वसन्त सामन्तीवर्गको आँखाको कसिङ्गर बन्छ । गरिबहरूको उन्नति र प्रगतिको डाहा गर्ने शासकहरूले जोरगर्दुवाको विषयलाई लिएर षड्यन्त्रपूर्वक विवाह रोकिदिन्छन् (ढकाल, २०४७ : ५३) । सामाजिक परिवर्तन र क्रान्तिका लहरहरूलाई सहन नसकने सामन्ती शासकहरूले रुद्रनाथ तिवारीको अगुवाइमा वसन्तलाई अनेक लान्छना, आरोप, प्रत्यारोप लगाइ प्रहरी समक्ष बुझाउँछन् । निरङ्कुशताको विरोध र गरिब वर्गको मुक्तिका लागि जुट्ने सहासी नायक वसन्तले भूमिगत जीवन सुरु गर्छ । यतिले मात्र शासकवर्गलाई चित्त नबुझी वसन्तकी दोजिया श्रीमती रूपालाई समेत जेलमा थुन्छन् (ढकाल, २०४७ : १७७) । जेलबाट छुटेपछि सामन्तीसत्ता ढाली समाज बदल्ने अटल विश्वास लिइ रुपाले लोग्ने वसन्तको सहासमा साथ दिई अघि बढ्ने दृढकल्पनाका साथ कथानकको अन्त्य हुन्छ ।

यसरी, वर्गीय समाज र वर्गीय समाजमा शोषित, पीडित वर्गले जहिले पनि उत्पीडन र मृत्युवरण गर्न तयार हुनुपर्ने बाध्यतालाई उपन्यासको भूमिकारूपी अध्यायमा प्रस्तुत गरिएको छ ।

### ३.४.१.१ कथानकको स्रोत

उपन्यासमा विविध स्रोतका कथानकको उपयोग गरिएको हुन्छ । कथानकलाई लेखकले आफ्नो अनुभूति, बृद्धि र तर्कका आधारमा मिश्रण गरेर उपन्यासमा प्रस्तुत गर्दछ । विभिन्न स्रोतबाट प्राप्त जानकारीलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी अन्तर्मिश्रण गरेर प्रयोग गर्नका साथै त्यसलाई आफ्नो कलात्मक चेतनाले छानेर कथानकको सिर्जना गर्दछ (बराल र एटम, २०५८ :२४) ।

**गाउँभित्र** उपन्यासमा यथार्थमूलक अनुभवमा आधारित स्रोतको कथानकको उपयोग गरिएको छ । पञ्चायती शासन व्यवस्थामा जनताले भोग्नुपरेका पीडा, पुँजीपतिवर्गले गरिबवर्गप्रति गरेको शोषण, महिलाप्रति गरेको दमन, गरिब नेपाली जनताले भोग्नु परेको पीडा र शासकवर्गले गरेको घुसखोरी, फोहोरी क्रियाकलाप आदिको प्रसङ्गलाई उपन्यासमा यथार्थ रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### ३.४.१.२ कथानकका आवश्यक उपकरणहरू

कथानकको विकासका लागि द्वन्द्व र क्रियाको आवश्यकता पर्दछ । द्वन्द्वलाई कतिपय विद्वान्हरूले सङ्घर्ष मान्छन् । द्वन्द्व वास्तवमा रचनामा प्रयुक्त जीवनको अन्तर्जटिलताको सूचक हो । जुन तीन तहमा विभक्त रहन्छ :

- मान्छेका बाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारण देखिने द्वन्द्व ।
- मान्छे-मान्छेसँगको विषमताका कारणले दुवैमा वैमनष्य जन्माउने द्वन्द्व ।
- मान्छेको आफैंभित्र देखापर्ने तनावमूलक द्वन्द्व (सुवेदी, २०६४ : २४) ।

**गाउँभित्र** उपन्यासमा आन्तरिक र बाह्य दुवै द्वन्द्व पाइन्छ । मुख्यतः यस उपन्यासमा पुँजीपति वर्ग र किसानवर्ग, शोषकवर्ग र शोषितवर्ग, शासकवर्ग र शाषितवर्गका बीचमा बाह्य द्वन्द्व देखाइएको छ । उपन्यासका पात्रहरूमा उत्पन्न आन्तरिक मनोचिन्तन यस उपन्यासमा प्रयुक्त आन्तरिक  द्वन्द्व हो ।

**गाउँभित्र** उपन्यासमा सामन्तीसत्ताको प्रतिनिधित्व रुद्रनाथ तिवारी र सर्वहारा वर्गको प्रतिनिधित्व वसन्त सुवेदी बीचको द्वन्द्व नै बाह्य द्वन्द्वको रूपमा लिन सकिन्छ । सम्पत्ति हत्याउन किर्ते तमसुकको कुरा लिएर चौतारीमा बसेदेखि नै बाह्य द्वन्द्वको सुरुवात हुन्छ (ढकाल, २०४७ : २५) । काले सार्कीलाई ज्याला कम दिएकोले मातेको बेलामा सराप्नु , जागिरबाट निकालिएको पत्र हेडमास्टरले दिएपछि वसन्त र हेडमास्टर टीकाभक्तबीच भएको वादविवाद, जागिर छोडेपछि वसन्तको घरमा भएको कलह, रुद्रनाथको गाउँमा मोसो घसी, टीन ठोकी गरिएको विरोध, वसन्तलाई पुनःपक्राउ गरी दिइएको यातना, रमाकान्तकी श्रीमती तारा र वसन्तकी श्रीमती रूपाबीच भएको झगडा र रूपालाई दिइएको यातना आदिमा बाह्य द्वन्द्व पाउन सकिन्छ । उपन्यासमा वसन्तलाई दिइएको यातनाको छोटो प्रसङ्ग यस्तो छ :

> *"बाँच्न मन छ भने भन् को-को छन् तेरा अराष्ट्रिय सङ्गठनमा को हो तेरो नेता ?"*
>
> *"मैले कसैलाई चिन्दिन" सि.डि.ओ. को मुखमा हेरेर वसन्तले जवाफ दियो ।*
>
> *"चिन्दिन रे ?" सि.डी.ओ. ले जोडसँग दुई थप्पड कन्चटमा दियो । वसन्त रन्थनिएर पहेला फाल्सा देख्न थाल्यो । वसन्त नबोलेपछि हातमा काँडे लौरो लिएर डि.एस्.पी.ले बेहोस नहुञ्जेल कुट्यो र कुटिनैरह्यो ।*
>
> *'पानी' वसन्त बर्बरायो ।*

*"पानी खान्छ रे ! मुखमा पिसाब फेरिदेओ केटा हो !" डि.एस्.पी.ले आफ्ना दूतहरूलाई भन्यो ।*

*वसन्त फेरि होस्मा आएपछि एकमुठी पीन दिँदै "औँलामा गाड् हैन भने फेरि मार खालास्, साँचो कुरा भन् ।" वसन्त फेरि केही नबोलेपछि डि.एस्.पी.ले पिन गाडेको हातलाई टेबुलमा ठोकिदियो । वसन्त फेरि मुर्छा पऱ्यो । (पृ.१३५)*

यस्ता द्वन्द्वलाई बाह्य द्वन्द्वका रूपमा लिन सकिन्छ ।

आन्तरिक द्वन्द्वसमेत उपन्यासमा पाउन सकिन्छ । आन्तरिक द्वन्द्वका रूपमा ऋण समयमा तिर्न नसक्दा छोराछोरीका अगाडि रमाकान्तकी श्रीमतीले बेइज्जती गर्दा जयन्तीका मनमा मनोद्वन्द्व पाउन सकिन्छ । त्यसैगरी, वसन्तले जागिर छोडेर सक्रिय रूपमा पार्टीमा लागि भूमिगत जीवन सुरु गर्दा शासक रुद्रनाथ र प्रधानपञ्च लगायतका शासकहरूले वसन्तकी गर्भिणी श्रीमती रूपालाई दिइएको सास्तीको खबर सुन्दा उसमा केही मनोद्वन्द्व पाउन सकिन्छ । रूपालाई प्रसबै  वेदनाले च्यापेको बेलासमेत उसमा आन्तरिक मनोद्वन्द्व झल्कन्छ । जसको नमूना यसप्रकार छ :

*"जतिजति रात घनिभूत हुँदै जान्छ, त्यतित्यति रूपा असह्य पीडाले छट्पटाउन थाली । खोरभित्र उचालिँदै, पछारिँदै गर्न थाली । दाह्रा किटेर पीडा सहने बल गर्थी तर असफल हुन्थी । जब उसले दिउसोको घटना सम्झन्थी, रुद्रे र समरेका अनुहारहरू अगाडि आइपुग्थे । त्यतिबेला उसको अनुहारभरि घृणा भरिएको हुन्थ्यो । अनि उसले आफ्नो पीडालाई दबाउने कोशिस गर्थी । माइती सम्झी भक्कानो फुट्लाजस्तो भयो, वसन्तलाई सम्झी माया लागेको या नलागेको केही पत्तो पाउन सकिन । ऊ पीडाले गर्दा धेरैवेरसम्म सोच्न पाउँदिन थी ।"*(पृ.१८०)

त्यसैगरी नवजात शिशुलाई देख्दा वसन्त उसको भविष्यबारे चिन्तित हुँदा उसभित्र आन्तरिक द्वन्द्वको ज्वारभाटा फैलन्छ । तर पनि पारिवारिक स्वार्थभन्दा वर्गीय स्वार्थ ठूलो ठानी मुक्तिका लागि पुनः युद्ध मैदानमा समर्पित हुन्छ । यसैगरी यस उपन्यासका अन्य पात्रहरू लीलाधर, तारा, रुद्रनाथ, प्रधानपञ्च आदिमा समेत मनोद्वन्द्व प्रभावकारी रूपमा पाइन्छ ।

समग्रमा, यस उपन्यासभित्र शासक-शासित, सामन्ती शोषक-शोषितबीचमा द्वन्द्व प्रवलरूपमा पाउन सकिन्छ । समान्ती सत्ता ढाल्ने वसन्तको दृढ विचारमा रुद्रनाथ तिवारी र प्रधानपञ्चजस्ता सामन्ती शासकहरूका बीचमा द्वन्द्व मुख्यरूपमा देखिन्छ ।

### ३.४.१.३ कथानकको आङ्गिक विकास

कथानकको आङ्गिक विकास भन्नाले आदि, मध्य र अन्त्यको समुचित विन्यास भन्ने बुझिन्छ (बराल र एटम, २०५८ :२६) । कथानक अघि बढ्दा उपन्यासमा आदि ,मध्य र अन्त्यको श्रृङ्खलामा विकास भएको हुन्छ । वर्तमान समयमा लेखिएका उपन्यासमा आदि ,मध्य र अन्त्यको विन्यास नपाउन सकिन्छ ।

**गाउँभित्र** उपन्यासमा सुवेदी परिवारको पारिवारिक इतिहासदेखि लिएर अनेक षड्यन्त्र गरी वसन्तको विवाह रोकिएको सम्मको भागलाई आदिभागका रूपमा लिन सकिन्छ । यस भागमा सुवेदी परिवारले लाहुर गएर मृत्यु वरण गर्ने परम्परा, रुद्रनाथ र प्रधानपञ्चको गरिबमाथि शोषण गर्ने कुटिल चालबाजी, वसन्तको परिवारको सङ्घर्ष, वसन्तले पाएको जागिर, विष्णु सापकोटा र वसन्तका बीचको मित्रता, रुद्रनाथ र प्रधानपञ्चको षड्यन्त्रमा फसी वसन्त पक्राउ परेकोजस्ता घटनाहरू रहेका छन् ।

उपन्यासको मध्यभागमा वसन्तले प्रहरीबाट छुट्करा पाएपछिको घटनादेखि लिएर वसन्तले पूरा जीवन पार्टीमा समर्पित गरेका घटनासम्म पर्दछन् । यस भागमा मनबहादुरको साहदत, वसन्तको विद्यालयबाट निस्कासन र गृहकलह, रमाकान्तको

चर्तिकला, छोराको मुत्युमा रूपैया हातपार्ने प्रधानपञ्चको दाउपेच, वसन्तको पार्टीप्रतिको जिम्मेवारी, पुनः पक्राउ र समर्पित जीवनसम्मका घटनाहरूले मध्य भागको विकास गर्न सघाउ पुऱ्याउँछन् ।

वसन्तकी श्रीमती रूपालाई अनावश्यक लाञ्छना लगाएर तारासँगको झगडालाई लिएर पक्राउ गरेपछिका घटनादेखि रूपाले वसन्तलाई सामन्ती सत्ता ढाल्ने विरुद्धमा दिइएको सहासका घटनाहरूले अन्त्य भागको निर्माण गरेका छन् । रूपालाई गर्भिणी अवस्थामा शासकहरूले जेल पठाउँदा उपन्यासले चरमोत्कर्ष रूप लिन्छ । यसरी **गाउँभित्र** उपन्यास आदि, मध्य र अन्त्यको श्रृङ्खलामा विभक्त छ ।

## ३.४.२ चरित्र र चरित्रचित्रण

**गाउँभित्र** उपन्यासमा विविध पात्रहरूको समायोजन गरिएको छ । ग्रामीण परिवेश र वातावरण हुनाले पात्रका नामहरू त्यसैअनुसार प्रयोग गरिएको पाइन्छ । उपन्यासमा पयुक्त पात्रहरू यसप्रकार छन् : हरिचरण सुवेदी, वसन्त सुवेदी, जयन्ती, रुद्रनाथ तिवारी, प्रधानपञ्च, भवदत्त बूढा, रमाकान्त र उसकी स्वास्नी तारा, विष्णु सापकोटा, वसन्तकी श्रीमती रूपा, बुधुने साहु, उमादत्त, हरिबहादुर, घर्तीकान्छो, जया, अग्निप्रसाद, मनिलाल, मधु, दमैकान्छो, विधवा, कृष्णहरि, निदुराम, रनेघर्ती र रूपाको कार्बाहीमा उपस्थित पात्रहरू, यस उपन्यासमा प्रयुक्त पात्रहरू हुन् । यी पात्रहरू मध्ये वसन्त प्रमुख पुरुष पात्र हो । उसकै केन्द्रीयतामा यो उपन्यास अडिएको छ । **गाउँभित्र** उपन्यासमा रहेका प्रमुख पात्रहरू निम्नानुसार छन् :

| क.सं. | पात्रको नाम | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता |
|---|---|---|---|---|---|---|---|
| १. | वसन्त सुवेदी | पुरुष | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | रुद्रनाथ तिवारी | पुरुष | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ३. | प्रधानपञ्च | पुरुष | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ४. | जयन्ती | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ५. | रूपा | स्त्री | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय |
| ६. | रमाकान्त | पुरुष | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |
| ७. | तारा | स्त्री | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |
| ८. | अग्नि | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ९. | विष्णु सापकोटा | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| १०. | टीकाभक्त | पुरुष | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |
| ११. | कमलप्रसाद | पुरुष | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |
| १२. | भवदत्त बूढा | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३. | काले सार्की | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| १४. | बुधुने साहु | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| १५. | हरिचरण सुवेदी | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | नेपथ्य |
| १६. | सि.डि.ओ र प्रहरीहरू | पुरुष | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | मञ्चीय |

माथि उल्लिखित विवरणका आधारमा गाउँभित्रका पात्रहरूको चरित्रचित्रण यस प्रकार गर्न सकिन्छ :

### ३.४.२.१ वसन्त सुवेदी

वसन्त सुवेदी **गाउँभित्र** उपन्यासको प्रमुख पुरुष पात्र हो । उपन्यास सुरुदेखि अन्त्यसम्म उसकै सेरोफेरोमा अघि बढेको छ । लेखकले वसन्तकै माध्यमले सामाजिक असमानता र शोषणको पर्दाफास गर्न खोजेका छन् । वसन्तले बाल्यवस्थामै पितृवियोग खेप्नु, अलिकति भएको खेत रुद्रनाथले हडप्नु, दुःखले विहान बेलुकी हातमुख जोड्नु, आदि समस्यैसमस्यामा जेलिएको हुन्छ । दुःखको सागरमा जन्मैदेखि रुमलिएको वसन्त रुद्रनाथ तिवारी र प्रधानपञ्चको अन्याय खप्न नसकी सामाजिक क्रान्ति र संसार बदल्ने दृढ विचार लिएर तत्कालीन भ्रष्ट शासक र सत्ता विरुद्ध लाग्छ (भट्टराई, २०६२ : २५६) । ग्रामीण समाजमा हुर्किएको शुशील पात्र वसन्तलाई क्रान्तिमा जुट्न विवश तुल्याउने रुद्रनाथ तिवारी र प्रधानपञ्चजस्ता व्यक्तिहरूको कुकार्य र षड्यन्त्र नै हो । अनावश्यक षड्यन्त्र र जालमा फँसाएर गरिब वर्गको भलो नचाहने प्रधानपञ्च र रुद्रनाथले वसन्तको विवाह भाँडी उसलाई

जेल यातना दिलाउँछन् । प्रहरीहरूको कठोर यातनाबाट विचलित बनेको वसन्त क्रान्ति गरी सङ्घर्षमा जुट्छ । सामन्ती शासकहरूले एकदिन रातको समयमा एक्लै पारी वसन्तलाई कुटेर विद्यालय फोरेको अभियोगमा पुनःजेल पठाउँछन् । त्यसपछिका पीडा र यातना खप्न नसकेर भूमिगत जीवनबाट पूर्णरूपमा आफूलाई सङ्घर्षमा होमेर क्रान्तिमा सम्लग्न हुन्छ ।

वसन्त यस उपन्यासको शोषित, पीडित वर्गको प्रतिनिधित्व हो । ऊ आफ्नो जिन्दगीमा जति नै उतार चढाव आए पनि सङ्घर्षका साथ समाजमा सामन्ती सत्ता ढाल्न लागि पर्ने दृढ परिवर्तनगामी क्रान्तिधर्मी नायक हो । वसन्त स्थिर चरित्रको सत् नायक हो ।

### ३.४.२.२ रुद्रनाथ तिवारी

**गाउँभित्र** उपन्यासमा रुद्रनाथ तिवारी सामन्ती शासकको प्रतिनिधित्व हो । गरिबले सुखसँग बाँचेको देख्न नचाहने रुद्रनाथ पतीत् पात्रका रपमा उपन्यासमा चित्रित छ । पैसाका लागि अनेक कुकृत्य गर्दै समाजमा अत्याचार र अन्यायले गाउँले गरिबलाई पिल्स्याएर सन्तुष्टि चाहने शोषक रुद्रनाथ भात्तृत्व, स्नेह, देवस्व, राजस्व र ब्रह्मस्वको समेत वास्ता नगर्ने निकृष्ट चरित्र हो (शर्मा, २०६३ : २१९) । ग्रामीण विकास, उन्नति र प्रगतिको एकमात्र तगारो नै रुद्रनाथ तिवारी हो । समाजमा ऊ नारीलाई हेयको दृष्टिले हेरी भोग्याका रूपमा भोगी पैसाका बलमा पन्साउने खराब चरित्र हो । आफ्नो उद्देश्यपूर्तिका लागि ससुरालीको अपुताली सोहर्ने, अरुले प्रगति गर्न लागे डाहाले उसलाई खेदो गरी जरा उखेल्न प्रयत्न गर्ने, वसन्तकी गर्भिणी श्रीमतीलाई जेल पठाउने रुद्रनाथ नारीवर्गको इज्जत  गर्न नसक्ने कुलङ्घार सामन्ती चरित्रको साथै समाजको दुषित किटाणु हो । रुद्रनाथ प्रशासनलाई पैसाले किनी गरिबवर्गको शोषण गर्ने सामन्तीका रूपमा उपन्यासमा चिनिन्छ । रुद्रनाथ स्थिर चरित्र बोकेको प्रतिकूल शासकको प्रतिनिधित्व हो ।

### ३.४.२.३ प्रधानपञ्च

प्रधानपञ्च रुद्रनाथ तिवारीको सहयोगी हो । ऊ समाजमा रुद्रनाथसँग मिलेर गरिब वर्गको उठिबास लगाउनका लागि प्रमुख भूमिका निर्बाह गर्छ । गरिब दुःखीलाई अनेक आरोपप्रत्यारोप लगाएर गासबास खोसी उठिबास लगाउने प्रधानपञ्च आफ्नो छोरो मनबहादुरले मुक्तिका लागि जीवन अर्पण गर्दा छोराको मृत्युमा पैसा पाउन प्रशासन धाइरहने भ्रष्ट र पतीत् शोषक हो । समाजमा अनेक कुकार्य गरेर अर्कालाई आरोप लगाइ जेलमा पठाएर आनन्द लिने सामन्ती शासक गरिबको घरमा चुह्लो बलेको हेर्न चाहदैन, त्यो नै प्रधानपञ्च नामक समाज विकासको तगारो हो । प्रधानपञ्च स्थिर चरित्र बोकेको प्रतिकूल शासक हो ।

### ३.४.२.४ जयन्ती

गाउँभित्र उपन्यासमा सहायक भूमिका निभाउने जयन्ती महिला चरित्र हो । ऊ दुःखको सागरमा परिश्रम गरेर छोराछोरीको पेट पालिरहेकी हुन्छे । जब पतिको मृत्युको खबर सुन्छे त्यसपछि उसलाई दुःख र दर्द एक एक गरी बज्रे झैँ मान्छे । सन्तान धेरै र कमाउने व्यक्ति परिवारमा नहुँदा छोरा छोरी हुर्काउन उसलाई धौधौ पर्छ ।

शासक रुद्रनाथ र प्रधानपञ्चका विरुद्ध नलागि छोराले राम्रो जागिर खाएको हेर्न चाहने जयन्ती जब छोराको बरियात जाने बेलामा प्रहरी लगाएर रुद्रनाथले गिरफ्तारी गराउँछ, त्यसँपछि झन मर्माहित हुन्छे । छोरालाई सामन्तीहरूले जागिरबाट निकालेको थाहापाएपछि झन पीडा र वेदनामा छटपटिन्छे । जब छोराले गरिबीको मुक्तिका लागि सङ्घर्ष गरेको बुझ्छे तब ऊ मौनरूपमा साथ दिइरहेकी हुन्छे । बुहारीलाई छोरी समान माया गर्ने जयन्ती जब बुहारीलाई नभएको लाञ्छना लगाई रुद्रनाथले जेल पठाउँछ, तब शोषक विरुद्ध खनिनसमेत पछि नपर्ने साहसी नारी चरित्र हो । शोषकहरूले बुहारीमाथि लगाएको लाञ्छना खप्न नसकेपछि ऊ यसरी जाइलाग्छे :

*“समरे र रुद्रेलाई  खाउँला जसो गरेर के तिमेकी स्वास्नीलाई समेत यसै गर्छौं कि कसो”* (पृ.१७६) ।

जयन्ती सामन्ती शासकको पीडाले सताइएकी गरिब वर्गको प्रतिनिधित्व हो । जयन्ती स्थिर र सत् चरित्र भएकी नारी पात्र हो ।

### ३.४.२.५ रूपा

उपन्यासको प्रमुख पात्र वसन्तकी श्रीमती रूपा बुधुने साहुकी छोरी हो । सुखमा हुर्किएकी रूपा बाबुले दुःखी घरमा विवाह गरेर दिएपछि चिन्तित हुन्छे । समाजमा रमाकान्तकी श्रीमतीको धाक रवाफ हेरेर रूपा आफ्नो श्रीमान्ले पनि सम्पत्ति कमाएर सुखी जीवन बिताउने सुन्दर कल्पनामा हराउन पुग्छे । श्रीमान्लाई शासकहरूले दिएको पीडा थाहा पाएर पनि तिनीहरूविरुद्ध नलाग्न आग्रह गर्छे  । तर जब श्रीमान्ले भूमिगत जीवन सुरु गरेर लामो समयसम्म घर आउँदैन, तब शासकहरूले उसलाई गरेको अपमान र दिइएको पीडापछि सामन्तीका अत्याचार नसहने बाचाका साथ वसन्तलाई साथ दिन्छे । सामन्ती रुद्रनाथले लगाएको लाञ्छनामा ऊ निडर भएर भन्छे - *“मलाई लैजाने कोही छौ भने यहाँ निस्क !” घृणापूर्वक सबैलाई हेरी फेरि भन्छे, “म बस्ने घर चिनाइदेओ !”*

यसरी सुरुमा सम्पत्ति र धनको चाहना गरेपनि तारासँग झगडा भएदेखि परिवर्तन भएकी रूपा सामन्ती सत्ता ढालेर समाजमा धनी र गरिबको भेदभाव हट्नुपर्छ भन्ने गतिशील चरित्र बोकेकी नारीपात्र हो ।

### ३.४.२.६ पण्डित कमलप्रसाद

पण्डित कमलप्रसाद धर्मका नाममा शोषण  गरी हिड्ने खराब चरित्र हो । सम्पत्ति नै सबैथोक हो भन्ने कमलप्रसादले गुप्त दानका नाममा सम्पत्तिको शोषण गरेको छ । सामन्ती शासकहरूको अघिपछि लागेर आफ्नो दुनु सोझ्याउने कमलप्रसाद

प्रतिकूल चरित्र हो । धार्मिक शोषण गर्ने कलमप्रसाद पण्डितहरूका बीचमा कलङ्क हो ।

### ३.४.२.७ टीकाभक्त

प्रधानाध्यापक टीकाभक्त सामन्ती शासकहरूको पछि लागेर आफ्नो जीवनयापन गर्ने असत् चरित्र हो । ऊ समाजको प्रतिष्ठित प्रधानाध्यापक भए तापनि सही र गलत छुट्याउन नसक्ने र पैसाको पछाडि दौडने नालायक चरित्र हो ।

### ३.४.२.८ अन्य सहायक चरित्रहरू

**गाउँभित्र** उपन्यासका अन्य सहायक पात्रहरूमा रमाकान्त, तारा, अग्नि, विष्णु सापकोटा, भवदत्त बूढा, काले सार्की, प्रहरीहरू, कृष्णहरि आदि हुन् । शोषकवर्गको अधीनमा रहेर सत्तामा पुगेको रमाकान्त भ्रष्टचारी कर्मचारी हो । रमाकान्तकी श्रीमती तारा श्रीमान्को सम्पत्तिको धाक लगाउने असत् नारीपात्र हो । त्यसैगरी सि.डी.ओ., प्रहरी, लीलाधर, आदि पात्रहरू रुद्रनाथको पछि लागेर आफ्नो फाइदा उठाउने खलपात्रका रूपमा चिनिन्छन् ।

उपन्यासमा शोषित, पीडित पक्षको मर्म बुझेर अघि बढेका पात्रहरूमा भवदत्त बूढा, विष्णु सापकोटा, अग्नि, मधु, कृष्णहरि, आदि रहेका छन् । **गाउँभित्र** उपन्यासमा गौणपात्रहरू खासै धेरै प्रयोग भएका छैनन् । गौणपात्रको रूपमा हरिचरण सुवेदी र वसन्तको छोरो आदि रहेका छन् ।

यसरी गाउँभित्र उपन्यासमा जति पात्रहरूको प्रयोग गरिएको पाइए पनि यो उपन्यास वसन्तकै केन्द्रीयतामा घुमेको हुनाले एकनायकत्व भएको उपन्यास हो ।

## ३.४.३ दृष्टिविन्दु

**गाउँभित्र** उपन्यासमा भएका सम्पूर्ण घटना, क्रिया र द्वन्द्वलाई बाहिरै रहेर उपन्यासकारले वर्णन गरेका हुनाले यस उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग

गरिएको पाइन्छ । उपन्यासकार स्वयम् सर्बज्ञ भएर कथावस्तु, चरित्रचित्रण, परिवेश, उद्देश्य आदि प्रस्तुत गरेका छन् । यसमा कुन पात्र कस्तो छ, कहाँ के घटना घट्दछ, ती सबैको प्रस्तुति उपन्यासकार समालोचकजस्तै भएर गरेका छन् । उपन्यासकारले आफ्नो क्रान्तिधर्मी प्रगतिशील विचार वसन्त सुवेदीमार्फत प्रस्तुत गरेका छन् । वसन्तको केन्द्रीयतामा उपन्यासका सम्पूर्ण घटनाहरू वर्णन गरेका हुनाले नै यस उपन्यासमा तृतीय पुरुष सर्बज्ञ दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

### ३.४.३.४ भाषाशैली

**गाउँभित्र** उपन्यासको भाषाशैली पात्र अनुकूल सरल र सामान्य रहेको छ । सरल सहज ग्रामीण बोलचालको माध्यमबाट राजनीतिक, कूटनीतिक शैलीपूर्ण भाषाको समेत प्रयोग भएको प्रस्तुत उपन्यास भाषाशैलीका दृष्टिले स्वभाविक र सम्प्रेष्य देखिन्छ । ग्रामीण समाजका विचार विश्वास तथा सामाजिक चेतनालाई प्रस्तुत गर्ने उद्देश्य बोकेको यो उपन्यास तत्सम् शब्दहरू, आगन्तुक शब्दहरू लगायतका झर्रो नेपाली भाषाका केही शब्दहरूसमेत प्रयोग गरिएको पाइन्छ । जस्तैः पिन, कम्युनिष्ट, मण्डले, तेरोबाउ, नाठो, युद्धमोर्चा, कुत्ता, भर्ती, क्रान्ति आदि । यसरी ढकालले समय र परिस्थितिबीच सुहाउँदो रूपमा भाषालाई सरलीकरण गरी प्रस्तुत गरेका छन् । सामान्य, सरल र बुझ्न सकिने सरल गाउँले भाषामै उपन्यास संरचित छ ।

### ३.४.३.५ परिवेश

गाउँभित्र उपन्यासको परिवेश स्याङ्जा जिल्ला र त्यसकै ग्रामीण समाज तथा वातावरणमा विस्तारित छ । स्याङ्जा जिल्लाको ग्रामीण परिवेश रहनसहन, थिचोमिचो आदिको चित्रण पाइए तापनि थोरै भए पनि सदरमुकामसम्मको सहरी छनकसमेत यस उपन्यासमा पाइन्छ । यो उपन्यास पञ्चायतकालीन सामन्ती सत्ताको खोल ओढेका शोषक र सामन्तीका विरुद्धमा गाउँले पात्र र वातावरणले केन्द्रित गरी लेखिएको उपन्यास हो । यसको परिवेश यथार्थ छ र त्यसबाट शासित हुने

चरित्रहरूसमेत यथार्थवादी छन् । तर पनि विद्रोहको आक्रोश मनभित्रै गुम्साएर बस्न विवश छन् (भट्टराई, २०६२ : ३६०) । वि.सं. २०४५ अघि पञ्चायती निरङ्कुश शासकहरूको शोषणको विरोधमा ग्रामीण जीवनका सोझा गाउँलेहरू जुट्न सकेका छैनन् । विरोधमा उत्रिएका सोझा वसन्तजस्ता व्यक्तिको जीवन सामन्ती सत्ताका लिप्सा प्रहरी सिपाहीहरूको पीडादायी यातनाले कष्टप्रद देखिन्छ । त्यस समयमा **गाउँभित्र** उपन्यास त्रासदीय वातावरणमा समेत रुमलिन पुग्छ । तर पनि परिवर्तन चाहने क्रान्तिधर्मी व्यक्ति जस्तो सुकै कठिन परिवेशमा समेत आफ्नो सिद्धान्तबाट विचलित नभई निरङ्कुशतालाई ढाल्ने दृढ सङ्कल्प बोकेर हिडेको यथार्थलाई यस उपन्यासले परिवेशका रूपमा ग्रहण गरेको छ ।

यसरी पञ्चायतकालीन परिवेशलाई नियालेर २०४७ सालमा प्रकाशित **गाउँभित्र** उपन्यास स्वतन्त्रता र उन्मुक्त जीवनका वैरी सामन्तवाद र तिनका विरुद्ध जागृत भएको नवयुगीन चेतनाको जीवन चिन्तन र सङ्घर्षपूर्ण परिवेशको चित्रण गरेर लेखिएको हो (ढकाल, २०४७ : भूमिका पृ. ) ।

### ३.४.३.६ निष्कर्ष

समाजवादी यथार्थवादी जीवनशैली अवलम्बन गरी ग्रामीण समाजका शोषणका कुकृत्यहरू भण्डाफोर गर्न **गाउँभित्र** उपन्यास सफल रहेको छ । अन्याय र अत्याचार सहन नसकी त्यसको विरुद्धमा जुटेको वसन्तले आफ्नो परिवार नभनी दिनरात सामाजिक क्रान्तिका लागि मुक्ति जीवन समाहित गरेको छ । सामन्तीसत्ताको अधिनायकत्वको समयमा सत्ताका भरौटेहरूले जनतालाई दिएको यातना र पीडा कति दुःखदायी हुन्छ भन्नेकुरा उपन्यासमा वसन्तकी श्रीमती रूपा गर्भिणी भएको अवस्थामा जेलमा कोचेको घटनाले प्रस्ट पार्दछ । तर पनि डर, त्रास र धम्कीले गर्दा गाउँलेहरू विद्रोह गर्न सक्दैनन् । पञ्चायतकालीन निर्ममतालाई प्रत्यक्षरूपमा भोग्न पुगेका उपन्यासकारले त्यस निरङ्कुश शासनसत्ता विरुद्ध उपन्यासमा वसन्त सुवेदीमार्फत आफ्ना प्रगतिशील चिन्तनलाई प्रस्तुत गरेका छन् । आफू र आफ्ना समाजका जनताले भोगेका पीडाको कटु यथार्थलाई गाउँभित्र

उपन्यासले खुलस्त पारेको छ । यसरी, समाजमा एकातिर रुद्रनाथ प्रधानपञ्चजस्ता व्यक्तिको शोषण र अर्कातिर अग्नि, वसन्तजस्ता व्यक्तिले पाएको सास्तीलाई प्रत्यक्ष अनुभव गर्ने मौका पाएका ढकालको **गाउँभित्र** उपन्यासले स्याङ्जाको मात्र नभएर प्रत्येक ग्रामीण नेपाली परिवेशलाई जीवन्त ढङ्गले प्रस्तुत गरिएको पाइन्छ ।

शोषकवर्गको शोषणको अन्त्य गरी गरिब जनताको मुक्तिको चाहना व्यक्त गर्ने यो उपन्यास समाजवादी यथार्थवादी धारामा केन्द्रित उपन्यास हो ।

## ३.५ रातो आकाश लेखनको प्रेरणा र पृष्ठभूमि

वि.सं. २०४७ पछिको परिवर्तनको सुनौलो बिहानीले गरिबहरूका आँगनमा नवीनता ल्याउन सकेन । सिङ्गो समाज पुँजिपति वर्ग र सर्वहारा वर्गमै विभाजित रहिरह्यो । सामन्ती शासन र शोषणका रूपहरू उस्तै रहेभने प्रहरी र प्रशासन, न्याय, शिक्षा लगायतका कुनै क्षेत्रमा समेत परिवर्तनका लहरहरू तरङ्गित हुन सकेनन् (भट्टराई, २०६२ :३५९) पुँजीपति वर्गको शोषण र अत्याचार खप्न नसकी सर्वहारा वर्गले २०५२ सालदेखि सशस्त्र सङ्घर्षमय वर्गद्वन्द्वमा मुक्तिका लागि जीवन आहुति दिन सुरु गरे । सशस्त्र जनयुद्धका कारण देशमा हजारौँ मानिसको ज्यान गयो । त्यही हत्या, आतङ्क, अन्याय, अत्याचार, दमन आदिलाई विषयवस्तु बनाई मानिस किन स्वयम् सहज रूपमा मृत्यु स्वीकार गर्छ भन्ने पृष्ठभूमिका **रातो आकाश** उपन्यास सिर्जित छ । *"गतिशील यथार्थको बीचबाट एउटा वर्गहीन, सुन्दर, शान्त र समृद्ध समाज सिर्जना गर्ने र मानवहत्याको श्रृङ्खलालाई अन्त्य गर्ने क्रियाशील नयाँ समाजको निर्माण गर्ने अभीष्टको परिणाम नै रातो आकाशहो "* (ढकाल, २०६० : लेखकीय) ।

२०५२ सालदेखि सुरु भएको जनयुद्ध र त्यसलाई दबाउन राज्यपक्षबाट गरिएका कारुणिक र दारुणिक हत्या, आतङ्क आदि **रातो आकाश** लेखनका प्रेरणास्रोत रहेका छन् ।

## ३.६ रातो आकाश उपन्यासको विश्लेषणात्मक अध्ययन

### ३.६.१ कथानक

**रातो आकाश** उपन्यासको कथानक प्रमुख पुरुष पात्र अविरलको पारिवारिक जीवनकहानीबाट सुरू हुन्छ । पारिवारिक जीवनको कटु यथार्थ प्रस्तुत गर्ने क्रममा मजदुरी गरेर जीवन निर्वाह गरिरहेको श्यामलाल अचानक विरामी परी मृत्यु वरण गर्न पुग्छ (ढकाल, २०६० : ४) । पतिको मृत्युपछि उसकी श्रीमती आरतीमा आइपरेको छोराछोरीप्रतिको उत्तरदायित्व र जिम्मेवारीबोधले जीवन अझै दुःख र सङ्घर्षमा रुमलिन थाल्छ । स्थानीय शिक्षक सुवेदारको रु दुईसयको सापटी सहयोगले काजक्रिया सम्पन्न हुन्छ । एकदिन सूर्यकान्तको छोरो मणिकान्तको विवाहमा अविरलले भोग्नुपरेको पीडाबोध, अपमानबोधले उसको बालमस्तिष्कमा नराम्रो छाप पर्न जान्छ । स्कुलको फिस तिर्न नसकेकोले पढाइ छोड्नुपर्ने बाध्यताले अविरलको हृदय छियाँछियाँ बन्नपुग्छ । ऋण खोज्न जाँदा सुइदारबाले दिएका अर्ति र उपदेशलाई मनन गरेर ऊ देश र जनताका लागि केही गर्ने अठोट बोकेर  अगाडि बढ्छ । विद्यालयबाट फर्किदा अचानक उसले कम्युनिष्ट पार्टीको झण्डा देख्छ र त्यसलाई स्वतन्त्रता र समानताको प्रतीक हो भन्ने बुझी त्यसप्रति उत्साहित हुन पुग्छ (ढकाल, २०६० :११) । चौताराको पिपलमा फर्फराही रहेको कम्युनिष्ट पार्टीको झण्डालाई गाउँलेहरू र शिक्षकहरूले मोह व्यक्त गर्छन् भने प्रधानाध्यापक पार्टी र झण्डाका विषयमा विद्यालयमा चर्चा गर्न पाइदैन भनी सामन्ती हैकमवादी प्रवृत्ति देखाउँछन् ( ढकाल, २०६० :११) । अविरलले झण्डाको विषयमा बुझेपछि गगनलाई समेत बुझाउँछ । झण्डा प्रकरणपछि गाउँमा स्थानीय सामन्ती सत्ताका बीचमा खैलाबैला मच्चिन्छ । प्रहरीहरू गाउँमा आएर खानतलासी गर्छन । स्थानीय जमिन्दार मणिकान्त सामन्ती प्रशासनसँग मिली गाउँलेहरूलाई अनावश्यक दुःख दिन थाल्छ (ढकाल, २०६० : १३) । अविरलले विद्यालयबाट फर्किदा फेरि एकदिन क्रान्तिकारी कम्युनिष्ट पार्टीको पर्चा फेलापार्दछ । त्यसमा लेखिएका शब्दहरू पढेपछि सामन्तीवर्गको शोषणको अन्त्य गर्न सर्वहारा वर्गले एक भएर क्रान्ति गर्नु पर्ने रहेछ भन्ने बुझ्छ ।

त्यसपछि ऊ गगनकहाँ पुगेर पर्चाबारेमा गगनलाई बुझाइ विद्यालयमा समेत साथीहरूलाई बुझाउँछ । पर्चाबारेमा साथीहरूलाई बुझाएकोले विद्यालयमा प्रधानाध्यापकले अविरललाई चेतावनी दिन खोज्छन् तर असमर्थ हुन्छन् (ढकाल, २०६० : १९) । अविरल हेडमास्टरसँगै वर्गसङ्घर्ष र क्रान्तिको कुरा गर्दछ ।

अविरल र गगनले वर्गीय चेतना र वर्गसङ्घर्षजस्ता कुराहरू सुइदारबाबाट बुझी समाजपरिवर्तन गरी गरिब वर्गको मुक्तिका लागि सङ्घर्ष गर्ने विचार लिई अघि बढ्छन् । सुराकी  गरी गरिब जनता समात्न लगाएर आनन्द लिने मणिकान्तले गगन वर्गसङ्घर्षमा लागेको थाहा पाएर उसको बाबु गङ्गाबहादुरलाई सचेत गराउन खोज्छ । तर पनि मुक्तिका लागि अघि बढिसकेका हुनाले मणिकान्तको हार हुन्छ । निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भई प्रजातन्त्रको प्रादुर्भाव भएको घोषणा भए पनि त्यसले जनतालाई धोका दिएको हुनाले गरिब जनताहरू मुक्तिका लागि जनयुद्धमा समर्पित हुन चाहन्छन् (ढकाल, २०६० : ४३)    ।

बेरोजगारी शिक्षाले जीवनस्तर नसुल्झिने भएपछि जनवादी वैज्ञानिक शिक्षाका लागि सर्वहारावर्ग व्यावहारिक शिक्षा हाँसिल गर्न चाहान्छन् । २०४७ सालको परिवर्तनले समेत सर्वहारा वर्गको उन्नतिलाई नकार्दै सामन्ती र शोषणका रूपहरू उस्तै रहेकोले वर्गसङ्घर्ष र क्रान्ति अपरीहार्य ठानी सबै साधारण जनताहरू सङ्घर्षमा सङ्गठित हुन थाल्छन् । अविरल, गगन, भविसरा, सुवेदार, समर, इमान, रवि, निर्मललगायतका पन्ध्र जनाको दल चेतना अभियान कार्यक्रममा हिड्छन्  ( ढकाल, २०६० : ५१)  । त्यस चेतना अभियानको मूल उद्देश्य मणिकान्तजस्ता शोषकको अन्त्य गरी वर्गसमानता कायम राख्नु रहन्छ । अभियान सफल पारी फर्किएपछि गगन र अविरलको दल कृषि विकास बैंकमाथि कार्वाही र प्रहरी चौकी कब्जा  गर्छन् । तर मणिकान्तले सामन्ती प्रशासन लगाएर गाउँमा उत्पादन मच्चाइ सुइदारबालाई विद्यालयबाट पक्राउ गराउँछ । (ढकाल, २०६० : ८१) सुइदारबा विद्यार्थीका प्रिय हुनाले विद्यार्थीहरूले उनलाई घेरा हाल्दछन् तर दमनकारी प्रशासन

निर्दयी भएर गोली चलाउँछ । त्यस गोलीबाट निर्दोश बालक सुन्दरको हत्या हुन पुग्दछ ।

स्कुल काण्डले सबैको मनमा भय, शङ्का, डर उत्पन्न गराउँछ । त्यसै राती प्रहरी प्रशासनले सर्च अभियान सुरु गर्दछ । प्रहरीहरूले गरिब जनताका घर भत्काइ, अन्न फ्याँकी हत्या, बलात्कारजस्ता आतङ्क मच्चाउँदै सर्च अभियानका नाममा गरिब जनताहरूलाई दुःख दिन थाल्छन् । सर्च अभियानमा प्रहरीहरूले आरती, गङ्गाबहादुर लगायत जम्मा एकसय दस जनालाई माओवादी आतङ्ककारीको अभियोगमा पक्राउ गर्छन् (ढकाल, २०६० : ८७) । प्रहरी दमन असह्य भएकोले बदला स्वरूप छापामार दल पुनः अर्को अभियानमा जुट्न थाल्छन् । छापामार दलले गाउँमा जुलुस, आमसभा गरिरहेका बेला मणिकान्तको सुराकीमा प्रहरीले घेराउ गर्छन् । त्यस घेराउमा अविरल पक्राउ पर्छ । उसलाई जेलको कठोर यातना दिइन्छ र अदालतले बन्दी प्रत्यक्षीकरणको रिट आदेश जारी गरे पनि उसलाई छाडिदैन । अविरललाई छुटाउन पुनः अर्को प्रयास गरिन्छ । दोस्रो प्रयासमा अविरल प्रहरीबाट मुक्त हुन पुग्छ । अविरल छुटेपछि मणिकान्तलाई जनकार्वाही गर्ने मिति तोकिन्छ । मणिकान्तलाई मृत्युदण्ड नदिई भौतिक कार्वाही मात्र गरी माओवादी कम्युनिष्टहरू सहयोगीसमेत हुन्छन् र फटाहाहरूलाई सुध्रनका लागि मौकासमेत दिन्छन् भन्ने असल परिचय दिन्छन् (ढकाल, २०६० : १५७) । मणिकान्तको कार्वाहीपछि पार्टीका आवश्यक नीति निर्देशनमा छलफल गरी छापामारहरू इलाकाप्रहरी कब्जा गर्ने योजनामा तल्लीन हुन्छन् । इमान, भरत, गगन, अविरलजस्ता पात्रहरूको सक्रियतामा इलाकाप्रहरी माथि छापामारदलले विजय प्राप्त गर्दछन् तर कमरेड भरतले साहदात प्राप्त गर्दछन् (ढकाल, २०६० : १७५) । छापामार दलले भरतलाई अन्तिम श्रद्धाञ्जली दिएर वर्गयुद्ध जारी राख्ने कसम खाँदै लक्षित गन्तब्यमा पुग्न अघि बढ्छन् (ढकाल, २०६० :१७६) । भरतको साहदातको खबर उसको घरसम्म पुऱ्याएर थप कर्तव्यबोध समेत पूरा गर्छन् ।

उता घाइते भएको मणिकान्त उपचारका नाममा तीन महिनासम्म काठमाडौँमा बस्छ । उपचारबाट फर्के पनि जिल्ला सदरमुकाममै प्रहरी प्रशासनको स्वागतमा रहन्छ । मणिकान्तको निर्देशन र योगेन्द्रको सुराकीमा गाउँमा पुनः खोमा अप्रेसन सुरु हुन्छ । त्यस अप्रेशनमा योगेन्द्रको संयोजकत्वमा गगनका निर्दोस भाइहरूलाई गोलीका सिकार र बहिनीलाई बलत्कार गरी मारेर फ्याँकिदिन्छन् ( ढकाल, २०६० : १९३) । त्यसपछि सुइदारबालाई जङ्गलछेउ पुऱ्याइ गोली हानी जिल्ला सदरमुकाम तर्फ लाग्छन् । अबेला घर आइपुगेका गगनका आमाबुबा छोराछोरीको पीडादायी यातना र हत्याबाट शोकमग्न अवस्थामा पुग्छन् ।

पुलिसदमन, हत्या, अत्याचारका विषयमा छलफलगरि छापामारदल चेतनाविस्तार, सङ्गठन विस्तार र विद्रोह मूल योजना ठहऱ्याई भविसरा लगायतका दलहरू आ-आफ्नो कार्यक्षेत्रतर्फ अघि बढ्छन् । कम्रेड निर्मल सरहमा पुगी प्रहरी प्रशासनबाट जोगिएर आफ्नो कार्य क्षेत्र सम्हाल्न पुग्छ । प्रहरीबाट गरिएका नृसंश हत्याबाट क्रुद्ध भएर छापामारदल फेरि प्रहरी चौकीलाई निशाना बनाइ आक्रमण गर्न पुग्छन् । चौकीमा भएका हतियारहरू कब्जा गरी रात दिन माओवादीका नाममा प्रहरीबाट लुटपाट गरेको रहस्योद्घाटन भएपछि छापामार दल सतर्क भएर अगाडि बढ्छन् । कमरेड रविको संयोजकत्वमा छापामार दल पुनः चेतना अभियानमा निस्कन्छन् । जुन गाउँमा जनचेतनाा फैलाउने लक्ष्य थियो, त्यहाँ बास नपाइ झडप बेहोर्नुपर्दा समेत निराश नभई वास्तविक यथार्थ पत्ता लगाइ रक्सी, जूवा, शोषण आदिको निर्मूल पारी लक्ष्यमा अगाडि बढ्छन् । छापामारदलमा झपटेजस्ता कुतत्त्वको प्रवेशले सशक्त कमरेड इमानलाई प्रहरीले पक्राउ गर्छ । पीडा र यातना सहेर भए पनि इमानले सेल्टरबारे नबताई इमानदारिता देखाउँछ । इमानले जेलभित्रै बन्दीहरूलाई सङ्गठित पारी जेलविद्रोह गर्छ । प्रहरीहरूले पुनः गाउँमा सर्च गरी सहिदकी श्रीमती, बाबु र छोरालाई गोलीका सिकार बनाउँछन् । अविरलकी आमा आरतीलाई माओवादी सुराकीको नाममा हत्या गरी घरभित्रै आगो लगाइदिन्छन् ( ढकाल, २०६० : ३१९) । त्यो घटनाले अविरल र अनुपा विक्षुब्ध बन्न पुग्छन् । त्यही समयमा कम्रेड रवि पक्राउ पर्छन् । प्रहरी अत्याचार, दमन, पीडा आदिले

गाउँलेहरूलाई असह्य भैरहेको समयमा पुनः युद्ध गरी छापामारहरूले प्रहरी प्रशासनमाथि विजय प्राप्त गर्छन् । युद्धमा साहदत्त प्राप्त गर्ने सहिदहरूलाई अन्तिम श्रद्धाञ्जलि दिइ छापामारदल अगाडि बढ्छन् । जुन यसप्रकार छ :

*"जनताका प्यारा मान्छे, मुक्तियुद्धका नेता, प्रिय साथीहरू,*

*विदा, तपाईंहरूको सपना र उद्देश्यमाथि गद्धारी गर्ने छैनौ ।*

(ढकाल, २०६० : ३४३)

युद्धमा विजय प्राप्त गर्दै अविरल एकदिन आफ्नो गाउँ पुग्छ । जहाँ आमा बुबाका स्मृतिहरू र भत्केको घरको भग्नावशेषदेखि पीडाले व्याकुल वन्छ । तर पनि "युद्ध मैदानमा विजय प्राप्त नगरी नछोड्नु है ?" भन्ने आमाका शब्दहरू चारैतिर गुञ्जयमान भएको ठानी आमाको अभिलाषा पूरा गर्ने अठोटका साथ अघि बढछ् । प्रहरी प्रशासने माओवादी बन्दीलाई सास्ती दिनुका साथै खानपानको समेत राम्रो व्यवस्था हुँदैन । कम्रेड रविलाई जताततैवाट खोजी भएको हुनाले प्रहरीहरूले उसलाई जेल सरुवाका नाममा गोली हानी मृत्यु उपहार दिन्छन् (ढकाल, २०६० :३७६) । श्रीमान्को बेपत्ताबाट रविकी श्रीमती सानो छोरालाई ससुराको जिम्मा लगाई मुक्तियुद्धमा समर्पित हुन्छे ।

गाउँ छोडेर सदरमुकाम बसेको मणिकान्त माओवादीले सदरमुकाम हान्न थालेपछि आफू असुरक्षित ठानी पैसाजति विदेशी बैङ्कमा जम्मा गरी बस्ने आश्वासनमा बाँचिरहेको हुन्छ । छापामारहरू नयाँ सरकारको घोषणाका लागि जिल्ला सदरमुकाममा जुटिरहेका हुन्छन् । सभालाई सफल पार्न खटिरहेको अविरलको हातमा अञ्जनाको चिठी पर्छ । अञ्जनाको चिठीबाट गाउँमा जनआवाज उर्लिएको र झपटेजस्ता कुतत्त्वको हत्या भएको खबर पाइ अविरल खुसीले गद्गद हुन्छ । चारैतिरबाट तयारी पूरा भएको जानकारी पाएपछि ग्रामीण जनसमूह जुलुस र नारासँग सदरमुकामतिर आइरहन्छन् । प्रहरी प्रशासन निरीह बनेर केही गर्न सक्तैन । आन्दोलनका योद्धा र सभा आयोजनाका उपस्थितिलाई बन्दी इमानले जेलभित्रैबाट

सम्बोधन गरेर पठाएको पत्रको सम्बोधनबाट सभाको समापन हुन्छ र जनयुद्धका तथ्यहरू डायरीमा उतारी रहेको कुमार कोठामा पुगरे डायरी लेखी उपन्यास टुङ्गिन्छ । शोषण र सामन्तीको अन्त्यको लागि सहिदहरूले गरेको बलिदानको कदर गरी खुसीले गदगद हुँदै गाउँलेहरू आ-आफ्नो स्थानतर्फ लाग्छन् ।

### ३.६.१.१ कथानकको स्रोत

**रातो आकाश** उपन्यास सामाजिक यथार्थ घटनामा आधारित स्रोतको उपयोग गरिएको उपन्यास हो । २०४७ सालको परिवर्तनपछि पनि नेपाली जनताहरूले शोषकवर्गको शोषणबाट मुक्ति पाउन सकेनन् । फलस्वरूप २०५२ सालपछि सशस्त्र जनयुद्ध, वर्गसङ्घर्षको सुरुवात भयो । यस उपन्यासभित्र जनयुद्धका महान् वीरतापूर्ण गाथाहरू पाउन सकिन्छ (शर्मा, २०६३ : २१९) । जनयुद्धका सन्दर्भमा गरिबीको मुक्ति र समतामूलक समाजको निर्माणका लागि जनताहरूले गरेको सङ्घर्ष, प्रहरी प्रशासनले गरेको दमन र दिएको यातना, पीडा, पुँजीपति वर्गले पैसाको भरमा प्रशासन किनेर गरेको अमानवीय दारूणिक हत्या, महिलाशोषण र बलत्कार आदिलाई उपन्यासमा जीवन्त रूपमा प्रस्तुत गरेको पाइन्छ । जनयुद्धलाई मानवहत्या अन्त्य गर्ने र नयाँ समाज निर्माण गर्ने समकालीन यथार्थका रूपमा चित्रण गर्न चाहने उपन्यासकारले त्यसैलाई पूरा गर्ने अभीष्टका रूपमा सामाजिक यथार्थ घटनालाई रोजेको र पात्रहरू समेत हाम्रै वरिपरिका गरिब समुदायलाई रोजेको स्वीकार गर्छ (भट्टराई, २०६२ : ३५९) ।

रातो आकाश उपन्यासको मूल विषयवस्तु प्रस्तुत गर्न उपन्यासकारले क्रान्तिको युद्धरत समयलाई अथवा जनयुद्धलाई स्रोत मानी कथानकलाई औपन्यासिक रूप दिएका छन् । क्रान्तिकारीहरूको हत्या, उनीहरूलाई प्रहरी प्रशासनले दिइएको पीडादायी यातना, बलत्कार, आगजनी जस्ता नृसंश दमन, प्रहरीहरूको हत्या, सत्तापक्षीय सङ्गठन र त्यसले जनयुद्धलाई दमन गरेको घटना सबै जनयुद्धकालीन यथार्थ हुन् । यसर्थ, **रातो आकाश** उपन्यासमा सामाजिक यथार्थमूलक स्रोतबाट कथानकको सिर्जना गरेको पाइन्छ ।

**३.६.१.२ कथानकका आवश्यक उपकरण :**

**रातो आकाश** उपन्यास भित्र मूल रूपमा वर्गद्वन्द्व पाउन सकिन्छ । उपन्यासमा व्यक्ति-व्यक्तिबीचको द्वन्द्वभन्दा सिङ्गो व्यवस्था र परिपाटिबीच द्वन्द्व रहेको छ । शासक वर्गको शोषणको अन्त्यगरी समतामूलक समाजको निर्माण नै वर्गद्वन्द्वको उद्देश्य रहेको छ । समाजलाई अधोगतिमा धकेली गरिब जनताको शोषण गर्ने मणिकान्तजस्ता शासकको शोषणको अन्त्यको लागि कसरी जनताहरू सङ्गठित हुन्छन् भन्ने यथार्थलाई यसरी प्रस्तुत गरिएको छ :

> *"आठ बज्दा नब्जदै जनसमूहले मणिकान्तको घरलाई घेरी हाले । चेतनाका राता बत्तीहरू हजारौं रातको सामन्ती अत्याचार र अन्धकारमाथि विजय पाउन उत्साह, उमङ्ग र जोशका साथ जगमगाई रहेका थिए ।" (पृ. १५२)*

> *"कमाण्डरले हवाइफायरिङ्ग गरी मणिकान्तलाई सम्पूर्ण कुकर्म भुक्तानी गर्ने आदेश दियो । बन्दुकको आवाज सुन्नासाथ मणिकान्तले घर आएकोमा पश्चाताप गर्दै थरथर भयो । स्वास्नीचाहिँ गुहार माग्न थाली ।"*

> *"चिच्या, अझ चिच्चा, ठूलो स्वरले चिच्चा, माग गुहार गाउँभरि" जनसमूहको बीचबाट कसैले व्यङ्ग्य गर्दै भन्यो । पूर्णकला गुहारमाग्न छोडी रुनथाली । रुनुपर्छ रोइ धोकोफेरेर । हामी जिन्दगीभर रोइरहेका छौं । तेरो लोग्नेले गर्दा, तैले गर्दा हाम्रो रगत र पसिनाले डकारेर हाँसिस् सधैंभरि । मेरा पनि आँसु झरेका छन् तसँगै खुसीले । मणिकान्ततर्फ फर्केर, तेरो पनि दुर्गति आउदो रहेछ हो कि ! जिन्दगीभरिमा पहिलोचोटि आज म हाँसेको छु । भीडवाट एउटा बृद्धले थर्थराउँदो आवाजमा भने । यसलाई आजै सिध्याउनु पर्छ, त्यसै छाड्नु हुँदैन । "सर्प हो छोडेपछि टोकिहाल्छ ।" फेरि कसैले भन्यो "टर्रर*

*सबैले ताली बजाए । ती सबै माणिकान्तलाई लुछेर आफ्नो हिसाब लिन चाहन्थे । भीडबाट एउटी महिला निस्केर मणिकान्तलाई पिट्न थाली । महिलाप्रति मणिकान्तले बलत्कार गरी बर्बात पारेको थियो । त्यसैगरी मणिकान्तले गरेको कुकर्तुत जनसमूहले एक-एक गरी बकाइरहे । मणिकान्त स्वीकार गर्दै गयो । (पृ. १५३)*

उपन्यासमा वर्गीयद्वन्द्व मूल रूपमा देखिन्छ । वर्गीय माया नै आफन्तको माया ठान्ने अविरल युद्धको दीर्घकालीन स्वरूपका बारेमा यसरी प्रस्त पार्दछ ।

*"हामी मुक्ति युद्धको अभियानमा छौं, वर्गयुद्ध मालिक वर्गका विरुद्धको लडाइँ हो । यो लडाइँ व्यक्तिका विरुद्व नभएर व्यवस्थाका विरुद्वको लडाइँ हो । गरिब र दुःखीको रगत र पसिनामाथि शासन गर्ने खुनी सत्ता पल्टाएर सबै हाँसी-हाँसी खुसीसाथ बाँच्न पाउने जनसत्ताको स्थापनाको लडाइँ हो ।"* (पृ. २६५)

यसरी उपन्यासभरि मूल द्वन्द्वका रूपमा वर्गीय द्वन्द्व रहेको पाइन्छ ।

### ३.६.१.३ कथानकको आङ्गिक विकास

**रातो आकाश** उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खलामा संरचित छ । वर्गीय हीत र सामाजिक परिवर्तनका लागि दृढ सोच बोकेर अघि बढेका अविरल, गगनजस्ता पात्रहरू सामाजिक क्रान्ति र परिवर्तनका बारेमा जनचेतना जगाउँदै, सङ्गठन विस्तार गर्ने क्रममा गाउँमा सभा, जुलुस गर्दै, प्रहरीको दमन, पक्राउ, हत्याआदिबाट जोगिदै अघिबढ्दा अविरल पक्राउ परेको घटना सम्मलाई आदिभागका रूपमा लिन सकिन्छ ।

अविरल जेलबाट छुटेका घटनाहरूदेखि उपन्यासको मध्यभाग सुरु हुन्छ । उपन्यासको मध्यभागलाई विकास गर्ने घटनाका रूपमा मणिकान्तको जनकार्बाही, जनसेनाको कार्यक्रम, पार्टीका नीति निर्देशन बमोजिम योजनाबद्ध रूपमा गरिएको चौकी आक्रमण आदि घटनाहरूले मध्यभागको विकास गरी उपन्यास अगाडि

बढ्दछ । जनकार्बाहीबाट बाँचेको मणिकान्त जिल्ला सदरमुकाममै बसी योगेन्द्रजस्ता व्यक्तिहरूलाई सुराकीको रूपमा प्रयोग गरी गाउँले जनताहरूलाई गोलीका सिकार बनाउन थाल्छ । जनयुद्ध गाउँदेखि सहरसम्म मच्चिएको, माओवादीका नाममा प्रहरीले गरेका लुटपाट र छापामारहरू गाउँगाउँ पसी गाउँले विकृतिहरू निर्मूल पारी अघि बढ्छन् । यसैगरी इमान र रवि पक्राउ परेका घटनासम्मले मध्यभागको विकास गर्दछन् । झपटेजस्ता कुतत्त्वको प्रवेशले छापामारलाई पुऱ्याएको नोक्सानी आदि घटनाहरूलाई समेत मध्यभागको विकास गर्ने घटनाक्रमका रूपमा लिइन्छ ।

रविलाई दिइएको यातना, रविको रक्षार्थ मानवअधिकारवादीहरूले गरेको अपिल, रविको आँखामा पट्टीबाँधी जेल चलान, प्रहरीपक्षले बन्दीलाई गर्ने अमानवीय व्यवहार र बृद्ध, विधवा सबैले जनयुद्धलाई साथ दिएको प्रसङ्गले उपन्यास निष्कर्षतर्फ मोडिन्छ । छापामारहरू नयाँ सरकारको घोषणाका लागि जिल्ला सदरमुकाममा तयारीमा लाग्दा गाउँगाउँबाट असङ्ख्य मानिसहरूले जुलुस र नाराले स्वागत गर्छन् । त्यस समयमा सरकारी सेवकहरू पराजित मानसिकता लिएर हार स्वीकार गरी बसिरहन्छन् (ढकाल, २०६० : ३८६) । वर्गसङ्घर्ष सफल नहुन्जेल युद्ध जारी राख्न जेलभित्रबाट इमानले पठाएको चिठीको सम्बोधनबाट सभाको समापन हुन्छ र उपन्यास टुङ्गिन्छ ।

यसरी **रातो आकाश** उपन्यास आदि मध्य र अन्त्यका शृङ्खलामा विन्यस्त रहेको छ ।

## ३.६.२ चरित्र र चरित्रचित्रण

**रातो आकाश** उपन्यासामा विविध पात्रहरूको प्रयोग गरिएको छ । उपन्यासभित्रका पात्रहरू वर्गसङ्घर्षका लागि युद्धमा सामेल भई मुक्तिमा जुटेका छन् । चारित्रिक दृष्टिले सकारात्मक र नकारात्मक प्रवृत्तिलाई आधार मानी पात्र चयन गरिएको छ (सुवेदी, २०६२ : ११) । उपन्यासमा प्रयुक्त केही पात्रहरू र तिनीहरूको भूमिका यस प्रकार चर्चा गरिन्छ ।

| क.सं. | पात्रको नाम | प्रवृत्ति | लिङ्ग | कार्य | स्वाभाव | जीवनचेतना | आसन्नता |
|---|---|---|---|---|---|---|---|
| १. | अविरल | पु. | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| २. | गगन | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ३. | मणिकान्त | पु. | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ४. | सुइदारबा | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ५. | हेडमास्टर | पु. | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |
| ६. | शोभाकर | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ७. | इमान | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ८. | समर | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ९. | रवि | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| १०. | भरत | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| ११. | निर्मल | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| १२. | राजन | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| १३. | कुमार | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४. | जगते | पु. | सहायक | प्रतिकूल | स्थिर | वर्गीय | मञ्चीय |
| १५. | योगेन्द्र | पु. | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |
| १६. | शम्भु | पु. | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |
| १७. | झपटे | पु. | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय |
| १८. | सुन्दर | पु. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| १९. | भविसरा | स्त्री. | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| २०. | सुरेन्द्र | पु. | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय |
| २१. | अजिता | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| २२. | मिथिला | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| २३. | आरती | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |
| २४. | अनुपा | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय |

### ३.६.२.१ अविरल

सामन्ती पुँजीपति वर्गको अन्त्यको लागि सङ्घर्षमा जुटेको अविरल **रातो आकाश** उपन्यासको प्रमुख पुरुष पात्र हो । अविरलकै पारिवारिक जीवन कहानीबाट सुरु भएको उपन्यासको कथानक अविरलकै नेतृत्वमा आदि मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढ्छ । बाल्यकालमै पितृवियोगको पीडा खेप्नुपरेको अविरलले

सर्वहारा वर्गको मुक्तिका लागि समाज परिवर्तनको आवश्यकता महसुस सगर्छ । सूर्यकान्तको छोरो मणिकान्तको विवाहमा अपमान बोध सहनुपरेपछि पुँजीपति वर्गको अत्याचारको अन्त्य गर्न लागि परेको अविरल सच्चा क्रान्तिकारी चरित्र हो (भट्टराई, २०६२ : ३६७) । अविरलकै विचारधारामा समर्पित भएर युवा र बृद्ध, पठित र अपठित, धनी र गरिब, दलित र अदलित पात्रहरूले जनयुद्ध सफल पार्न भूमिका निर्वाह गरेका छन् (सुवेदी, २०६४ : ४८२) । आर्थिक कठिनाइले गर्दा पढाई पूरा गर्न नपाएको अविरल पर्चा बारेमा साथीहरूलाई बुझाएबापत् हेडमास्टरले कार्बाही गर्छुभन्दा निडर रहने आत्मविश्वासी सत् चरित्र हो । जनयुद्धको लक्ष्यलाई अविरल यसरी बुझाउँछ ।

*"सामन्ती वर्गले श्रमजीवी वर्गको श्रमको शोषण गरिरहेका छन् । दमन, उत्पीडन, शोषण र अन्यायबाट मुक्त भई पूर्ण अभिव्यक्ति स्वतन्त्रता सहितको सुन्दर संसारको निर्माण गरी क्रान्तिकारीहरू समाजवाद हुँदै साम्यवादमा पुग्न चाहन्छन्* ( ढकाल, २०६० : ६३) ।"

वर्गीय मायालाई नै आफन्तको माया ठान्ने अविरल सुराकी गरी गाउँले जनतालाई शोषण गर्ने मणिकान्तलाई समेत सुध्रनका लागि एकचोटि अवसर दिनुपर्छ भन्ने अनुकूल सत् चरित्र हो । गरिब वर्गको प्रतिनिधित्व गर्ने अविरल वर्गीय चरित्र हो । वर्गसङ्घर्षले सफलता पाएको हेर्न चाहने अविरल जेलमा तेरा को-को छन् आतङ्ककारी सङ्गठनमा ? भनी प्रश्न गर्दा यातना र धम्कीलाई वास्ता नगरी *"त्यो आतङ्ककारी क्रियाकलाप होइन, मुक्ति आन्दोलन हो । यसमा मुक्तिका लागि सचेत भएका तमाम दुःखी र गरिबहरू सम्लग्न छन्"* भनी सहासपूर्ण जवाफ दिनसक्ने साहासी नायक हो । पार्टीमा गद्दारी गरी पैसा कमाउनुपर्छ भन्ने साथी सुरेन्द्रको सल्लाहलाई नकार्दै अविरल *"स्वतन्त्र आत्मा वैभवबाट किनिन सक्तैन"* भन्दै असल चरित्रको परिचय दिन्छ । पार्टीमा सबैको प्रिय अविरल आमाको हत्याको घटना सुनेपछि बिक्षुब्ध बने पनि पार्टीप्रतिको आफ्नो उत्तरदायित्व भूल्न सक्दैन । पार्टीमा

सबैले उत्तरदायित्व बहन गरिरहेका छन् कि छैनन् अवलोकन गरी युद्ध सफल पार्ने अविरल कठिन परिस्थितिमा समेत विचलित नहुने स्थिर चरित्र हो ।

उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म प्रमुख भूमिका निर्वाह गरी अघि बढेको अविरल कठिन परिस्थितिलाई समेत चुनौती दिँदै सर्वहारा वर्गको मुक्तिमा जुटेको नायक हो । अविरल क्रान्तिप्रति प्रतिबद्ध छ । वैवाहिक सम्बन्ध, मायाप्रेमभन्दा पहिलो आवश्यकता समाज परिवर्तनलाई महसुस गर्ने अविरल विचारको संश्लेषित पात्र हो, उसकै केन्द्रीयतामा जनयुद्धको गति र वर्गसङ्घर्षको वास्तविकता छ (शर्मा, २०६३ : २५९) ।

### ३.६.२.२ मणिकान्त

मणिकान्त **रातो आकाश** उपन्यासको सहायक पुरुषपात्र हो । सामन्ती वर्गको प्रतिनिधित्व गरेकाले मणिकान्तलाई प्रतिकूल चरित्रका रूपमा लिन सकिन्छ । मणिकान्तकै केन्द्रीयतामा ग्रामीणस्तरका प्रतिक्रियावादी शासकीय शक्तिहरू, मास्टर र जनप्रतिनिधिका कुर्सीमा विराजित चम्चाहरू, सेना र प्रहरीका टुकडीमा रहेर जनवल दबाउन धेरै प्रयास गरिएको पाइन्छ (सुवेदी, २०६२ : ११) ।

गरिबहरूको श्रम र पसिनालाई चुसेर समाजमा उत्पात मच्चाउने मणिकान्त, योगेन्द्र, मास्टर, सि.डि.ओ. प्रहरी आदिलाई पैसाका बलमा किनेर गरिबहरूलाई शोषण गर्ने असत् पात्रका रूपमा उपन्यासमा चिनिन्छ । दिनभरि काममा जोतिएर साँझ घर फर्किएका व्यक्तिहरूलाई सुराकी गरी आतङ्ककारीका नाममा हत्या गर्न लगाउने मणिकान्त गाउँ गाउँमा गरिबहरूलाई दुःख दिएर आनन्द लिने शासकीय प्रतिनिधि हो । गरिबहरूको घरबास उठाउने, अर्काका राम्रा छोरीबेटी देखे बलत्कारको सिकार बनाउने, निर्दोस बालबच्चालाई समेत गोलीको सिकार बनाउने मणिकान्तलाई माओवादी छापामारहरूले जनकारबाही गरेपछि गाउँलेहरू मुक्तिको सास फेर्छन (ढकाल, २०६० : १६५) । जनकार्बाहीका दिन अपराध स्वीकार गरे पनि मणिकान्त अत्याचार गर्न नछोड्ने प्रतिकूल चरित्र हो । उपचारका नाममा काठमाडौं

र सदरमुकाम रहे पनि मणिकान्तले योगेन्द्रजस्ता सुराकीको प्रयोग गरी उत्पात मच्चाइ रहन्छ । जिल्ला सदरमुकामसम्म आओवादी छापामारहरूले व्यारेक हान्न थालेपछि विदेशी बैङ्कमा पैसा राखेर सुखी जीवन बाँच्ने कल्पनामा मणिकान्त रमाउन थाल्छ ।

मणिकान्त सामन्तीवर्गको प्रतिनिधि र गरिबको शोषण गर्ने प्रतिकूल चरित्र हो । सुरुदेखि अन्त्यसम्म गरिबलाई शोषण गरिरहने मणिकान्त स्थिर चरित्रको सामन्ती शासक हो ।

### **३.६.३.३ सुइदारबा**

सुवेदार रत्नबहादुर (सुइदारबा) भारतीय फौजबाट पेन्सन भई प्राथमिक विद्यालयमा शिक्षक भएर जीवन चलाइरहेको सहायक चरित्र हो । ऊ गाउँमा कसैलाई दुःख परे सहयोग गर्ने सत् चरित्र हो । अविरलको बाबुको काजक्रिया गर्दा रु. दुईसय सापटी सहयोग गरी सुइदारले आफ्नो उदार हृदयको परिचय दिएका थिए । अविरललाई पढ्न सहयोग गर्ने, राजनीतिक चेतनाको बीज रोपी दिने, देशभक्ति र देशप्रेमको भावना जगाउने सुइदारबा सामन्ती सत्ता ढाल्न सहयोग गर्ने उत्प्रेरक चरित्र हुन् ।

जनआन्दोलन सफल पार्न सुइदारबा नारा-जुलुसमा राती-राती गएर सहयोग गर्छन् । गाउँमा पर्चाकाण्डबारे हल्ला भएपछि मणिकान्तको सुराकीमा प्रहरीहरूले सुइदारबालाई स्कुलबाट गिरफ्तार गर्दा निडर रहने साहसी चरित्रका रूपमा लिन सकिन्छ । कृषि विकास बैङ्क र प्रहरी चौकी कब्जा गरेको घटना लगत्तै योगेन्दको सुराकीमा प्रहरीहरूले सुइदारबाको हत्या गरे । गोली ठोक्दासमेत पछाडिबाट होइन अगाडिबाट ठोक भनी सुइदारबा वीरताको परिचय दिन्छन् ।

उपन्यासमा सुइदारबा सुरुदेखि अन्तिमसम्म एउटै भूमिका निर्वाह गर्ने स्थिर, साहायक र अनुकूल चरित्रका रूपमा चिनिएका छन् ।

### ३.६.२.४ शोभाकार

भारतमा गइ चौकीदारी गरी परिवार पालेको शोभाकर सर्वहारा वर्गमाथि पुँजीपति वर्गले गरेको शोषणलाई राम्ररी बुझेको सहायक चरित्र हो । शोषणको अन्त्यको लागि एक भएर सङ्घर्ष गर्न भारतबाटै लागि परेको ऊ नेपाल आएको बेला आन्दोलनलाई सघाउने अनुकूल चरित्र हो । अविरल र गगनलाई आन्दोलनबारे सिकाउने शोभाकर सहायक चरित्रका रूपमा चिनिन्छ । शोभाकर स्थिर चरित्र हो, जसले पारिवारिक जीवन कष्टमय बनेपछि विदेश गएर पैसा आर्जन गरी जीविका निर्वाह गर्ने मजदुर गरिबको प्रतिनिधित्व गरेको छ ।

### ३.६.२.५ गगन

**रातो आकाश** उपन्यासमा गगन सहायक चरित्र निर्वाह गर्ने पुरुष पात्रका रूपमा चिनिन्छ । गगन अविरलको समकक्षी साथी हो । बाबुले रातदिन मणिकान्तको घरमा मजदुरी गरे पनि जीवनस्तर उस्तै रहेपछि सामन्ती शोषणको अन्त्यको लागि वर्गयुद्धमा लागेको हुन्छ । घर परिवारको वास्ता नगरी वर्गीय मायाले अघि बढेको र गरिबीको मुक्तिका लागि जुटेको गगन परिस्थिति बुझेर अघि बढ्ने र सामन्ती सत्ता नढालेसम्म निरन्तर सङ्घर्षमय युद्धमा लडिरहने स्थिर चरित्रको पात्र हो । गरिब वर्गको प्रतिनिधित्व गरेकाले ऊ उपन्यासमा वर्गीय चरित्रको रूपमा चिनिन्छ । आफ्नो जिम्मेवारी पूर्णरूपमा पालन गरी जनयुद्ध सफल पार्ने गगन सच्चा योद्धा हो ।

### २.६.२.६ हेडमास्टर

सामन्ती पुँजीपति वर्गको पछि लागेर वास्तविक यथार्थलाई स्वीकार गर्न नसक्ने हेडमास्टर उपन्यासमा मणिकान्तको मतियारका रूपमा चिनिन्छ । अविरललाई पर्चाकाण्डबारेमा त्रसित पार्न खोज्दा ऊ अन्त्यमा आफैँ लज्जित हुन पुग्छ । विद्यार्थीहरूले युगचेतनालाई बुझी सङ्घर्षमा अघि बढ्दा हेडमास्टर राजद्रोहीका रूपमा विद्यार्थीलाई हेर्न थाल्छ (ढकाल, २०६० : १८) । यस उपन्यासमा हेडमास्टर प्रतिकूल, सहायक, स्थिर र सामन्ती मतियारका रूपमा चिनिन्छ ।

### २.६.२.७ योगेन्द्र

**रातो आकाश** उपन्यासमा मणिकान्तको मतियारका रूपमा चिनिएको योगेन्द्र विद्यालयको शिक्षक हो । सुराकी गरी विद्यार्थीहरू, सहकर्मीहरू, अभिभावक सबैलाई गिरफ्तारी गर्ने योगेन्द्र प्रतिकूल चरित्रका रूपमा उपन्यासमा चिनिएको छ । योगेन्द्रको सुराकीमा गगनका निर्दोश भाइहरू गोलीका सिकार बन्छन् भने बहिनीलाई मारेर राक्षसी प्रहरीहरूले जङ्गलमा फ्याँकीदिन्छन् । यी घटनाहरूबाट योगेन्द्र शिक्षकका नाममा नीच र कलङ्क हो भन्ने प्रस्ट हुन्छ (ढकाल, २०६० : १९०) । योगेन्द्र स्थिर, प्रतिकूल र सामन्ती प्रवृत्तिको चरित्र हो । योगेन्द्रले उपन्यासमा गाउँलेहरूलाई अनावस्यक दु:ख दिएको छ ।

### २.६.२.८ जगते

जगते **रातो आकाश** उपन्यासमा पुँजीपति वर्गको प्रतिनिधित्व हो । गाउँलेहरूलाई अनावश्यक दु:ख दिने, बलत्कार गर्ने र जुवा-तासमा हल्लिएर जीवन बिताउने जगते असत् चरित्र हो । जनचेतना अभियानमा गएका छापामार दलले जगतेलाई कार्बाही गरी उसको अत्याचारबाट गाउँलेलाई मुक्त गराउँछन् । जगते उपन्यासको प्रतिकूल चरित्र हो । समाज जगतेजस्ता कुप्रवृतिका पात्रको अन्त्यले मात्र विकासमा लम्कन्छ र समतामूलक समाजको निर्माण हुन्छ ।

### २.६.२.९ शम्भु

इन्सपेक्टर शम्भु उपन्यासमा प्रहरी प्रशासनको प्रतिनिधित्व हो । पैसालाई सबथोक ठानी स-साना बालकमाथि समेत गोली चलाउन पछि नहट्ने शम्भुले बालक सुन्दरको हत्या गरेको छ (ढकाल, २०६० : ८१) । सर्च अभियानका नाममा निर्दोश गृहिणी, छोरीहरूलाई पक्राउ गरी बलत्कार गर्ने, वास्तविक यथार्थ नबुझी सुराकीका भरमा गोली चलाउने, पैसाका पछाडि दौडने भ्रष्ट र पतीत् प्रशासकका रूपमा इन्सपेक्टर शम्भु चिनिन्छ ।

### २.६.२.१० झपटे

छापामार दलमा सम्लग्न भइ आफूलाई सच्चा क्रान्तिकारी ठान्ने झपटे दलभित्र साथीहरूलाई भट्काउने काम गर्छ । साथीहरूलाई गिरफ्तार गराउन भित्र-भित्रै सुराकी गर्ने गद्दार झपटे प्रतिकूल चरित्रका रूपमा चिनिन्छ । पार्टीभित्र गद्दारी गरेको हुनाले उसलाई गतिशील चरित्रका रूपमा लिइन्छ । इमानको गिरफ्तारीमा अभियानमा जाने टोलीमध्ये झपटेले गद्दारी गरेकोले उसलाई प्रतिकूल चरित्र मानिन्छ (ढकाल, २०६० : २८३) । श्रम शिविरबाट सेन्ट्रीलाई गोलीहानी भाग्न खोज्दा झपटे आँफै मृत्युको मुखमा पर्छ । झपटेले पार्टीभित्र गद्दारी गरी धोका दिएको हुनाले ऊ गतिशिल र असत् चरित्र हो ।

### २.६.२.११ आरती

अविरलकी आमा आरती सहायक नारी चरित्र हो । गरिबवर्गको मुक्तिका लागि वर्गसङ्घर्षमा लाग्न छोराछोरीको भावना बुझी अनुमति दिने अनुकूल सहायक नारी चरित्र हो । प्रहरीको पीडादायी यातनाबाट थिलथिलिएपछि प्रहरीमाथि हँसियाका भरमा जाइलाग्ने आरती सच्चा क्रन्तिकारी चरित्र हो । जनयुद्धमा सम्लग्न योद्वाहरूका आमाकी प्रतिनिधित्व आरतीले गरेकी छ । प्रहरी दमनबाट समेत विचलित नहुने आरती साहसी, अनकूल र स्थिर नारी चरित्र हो ।

### २.६.२.१२ भविसरा

वर्गयुद्वलाई बुझेर सुरुदेखि नै वर्गसङ्घर्षमा योद्धाका रूपमा चिनिएकी भविसरा सहासी क्रान्तिकारी नारी चरित्र हो । युद्वमा छापामारदलको नेत्रृत्व गर्दै अघि बढी भविसराले झपटेजस्ता गद्दारलाई पत्ता लगाउन सफल भएकी छ (ढकाल, २०६० : २८३) । आफ्नो कार्यक्षेत्रमा सक्रिय भविसरा अवलोकन र अनुसन्धानसमेत गर्न सक्ने सच्चा क्रान्तिकारी महिलाछापामार हो । ऊ स्थिर अनुकूल र सत् नारी चरित्र हो ।

## २.६.२.१३ अन्य सहायक चरित्रहरू

**रातो आकाश** उपन्यासमा अन्य सहायक चरित्रका रूपमा, इमान, निर्मल,रवि, भरत, राजन, अनुपा, अजिता,निराजन, सुरेन्द्र आदि रहेका छन् । इमानले सच्चा क्रन्तिकारी चरित्र बोकेको छ । युद्धमा प्रहरीले पक्राउ गरेपछि जेल यातनाको कठोर सजाय पाउँदासमेत जेलभित्रै सङ्गठित भएर जेलविद्रोह गर्नसक्ने इमान साहसी क्रन्तिकारी चरित्र हो (ढकाल, २०६० : २९७) । रवि जनयुद्धमा पक्राउनपर्छ । जेल सार्ने निहुँमा उसको हत्या हुन्छ तर प्रहरीले बाहिर थाहै नदिइ बेपत्ता बनाउँछन् । भरत अनुपा, निर्मल, अजिता राजन आदि पात्रहरुले आ-आफ्नो भूमिकाले जनयुद्धलाई सफल पारेका छन् ।

गौणपात्रका रूपमा उपन्यासमा सूर्यकान्त, श्यामलाल नर्मदा, रविका पत्नी र छोराछोरीहरू, इमानका पत्नी र छोरीहरू, मणिकान्तको कार्बाहिमा उपस्थित पात्रहरू आदि रहेका छन् ।

यसरी **रातो आकाश** उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरिए पनि अविरल प्रमुख पुरुष पात्र हो । उसको भूमिका उपन्यासमा सुरुदेखि अन्तिमसम्म उत्तिकै रहेको छ । **रातो आकाश** उपन्यासभरि सर्वहारा क्रान्तिधर्मी चिन्तन बोकेका पात्रहरूको प्रयोग गरिएको छ । यसरी यो उपन्यास पात्र प्रयोग दृष्टिले सफल रहेको छ ।

## २.६.३ दृष्टिविन्दु

रातो आकाश उपन्यासका सम्पूर्ण घटना, क्रिया र द्वन्द्वलाई उपन्यासकारले अविरल, गगन, भविसरा आदि पात्रहरूको माध्यमबाट वर्णन गरेका हुनाले उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । उपन्यासकार सबै दर्शी बनेर कुनपात्र कस्तो छ, कहाँ कस्तो घटना घट्न सक्छ भनेर समालोचक झैं भएर वर्णन गरेका छन् । तृतीय पुरुषमा संरचित स्रष्टा भोक्ता नभएर द्रष्टाका रूपमा उपस्थिति छन् (सुवेदी, २०६२ : १२) ।

### २.४.६. भाषाशैली

सरल भाषा र सोझो प्रस्तुतिमा रातो आकाश उपन्यासको भाषाशैली संरचित छ । राजनीतिक विषयमा आबद्ध हुनाले उपन्यासमा अधिकमात्रामा राजनीतिक शब्दावलीको प्रयोग गरिएको पाइन्छ । उपन्यासमा सम्भाषणयुक्त भाषासमेत प्रयोग गरिएको पाइन्छ । पात्रअनुकूल भाषाको प्रयोगमा स्थानीय पर्वती भाषिकाको प्रयोग बढी मात्रामा पाइन्छ । उपन्यासमा डायरी लेखन, चठी लेखन, पत्रलेखन जस्ता शैलीको प्रयोग गरिएको हुनाले त्यस्ता ठाउँहरूमा औपचारिक भाषासमेत प्रयोग गरिएको छ । उपन्यासभित्र बीचबीचमा प्रयोग गरिएको क्रान्तिकारी गीतहरूले उपन्यासलाई काव्यमय बनाएको पाइन्छ ।

उपन्यासमा प्रयुक्त सम्भाषणयुक्त भाषाको नमुना यसप्रकार छ :

*“हाम्रो उद्देश्य जनवादी शिक्षाको उद्देश्य प्राप्त गर्नु हो । वर्तमान शिक्षाले हाम्रो कलिलो मस्तिष्कमा सामन्तवाद र पुँजीवादको दासहुने शिक्षा दिएको छ । हामीलालई परजीवी बनाउँदै श्रमलाई घृणा र अन्धविश्वासलाई श्रद्धा गर्न सिकाएको छ । हामी वैज्ञानिक शिक्षा चाहन्छौं । हामीलाई यस्तो शिक्षा चाहिएको छ, जसले श्रमलजाई जीवनको अभिन्न अङ्ग बनाइदेओस् र व्यक्तित्व विकासको ढोका खेलिदियोस् । हामी कुनै व्यक्तिको स्तुति होइन राष्ट्र र जनताको गीत गाउँछौं, अनि जनमुक्तिको बन्दना गर्दछौं* (पृ. ३६) । ”

रातो आकाश उपन्यासमा अशिक्षित ग्रामीण कथ्यको प्रयोग गरिएको भाषाको नमुना यसप्रकार छ ।

*“हात हाल्छेस् नकच्चरी हर्काको लोग्नेलाई ।”*

उपन्यासमा प्रयुक्त गीति कविताको नमुना यस प्रकार छ :

*जाग हे उठ भोका र नाङ्गा पीडितहरू हो ।*
*निस्क के अब चुला र चौका कुरेर बस्ने हो ।*

*किसान उठ, कमैया उठ ! पछ्याउँदै लालिमा ।*

*व्युभ्फ हे सबै अतीतदेखि सुतेकाहरू हो ।*

*आत्माको कालो धोएर फाल बाँच्नका लागि हो ।*

*ख्यै कहाँ ढल्यो सामन्ती राज भाषण मात्रले ?*

*ख्यै कहाँ टुट्यो दासको साङ्लो नफोरी घनले ?*

*विद्रोहभित्र फूल्दछ यहाँ नवीन सिर्जना*

*मुक्तिका लागि मृत्युलाई जित्ने हाम्रो छ तिर्सना । " (पृ. ६५)*

*"आमा अब नरुनोस् धर्केर*

*छोरो फेरि आउँदैन फर्केर*

*ऊ त अब सङ्ग्राममा अमर बनी ढल्यो*

*जिन्दगीको यात्राभरि बाटोबनी सक्यो*

*नभ्फुकेको शिर उसको सगरमाथा सरी*

*ज्योतिपुञ्ज शहीद हो हृदयको नानी*

*हामी हिड्छौं न्यायको पथमा*

*सधैंभरि ऊ हुन्छ साथमा*

*आमा अब नरुनोस् धर्केर*

*छोरो फेरी आउँदैन फर्केर "* (पृ. २८८)

यी गीतहरूले उपन्यासलाई काव्यमय बनाएको छ । उपन्यासमा रवि जेलमा हुँदा लेखेको डायरीको भाषा यसप्रकार छ :

*"अज्ञात ठाउँ, अज्ञात मिति*

*मलाई जीवन र मृत्यु राज्ने चुनौती दिइएको छ । आत्मसमर्पणको प्रस्तापलाई म कति तिरस्कार गर्छु, भने त्यसलाई शब्दमा व्यक्त गर्ने मेरो क्षमता छैन । मेरो निम्ति यो किमार्थ सह्य हुन सक्दैन । मेरो लडाइँ अन्याय, अत्याचार शोषण विरुद्धको*

*हो । अनि समग्र मानव जातिको सबै ङ्गीण विकासको लागि हो, सुख सम्पन्ताको लागि हो* । (पृ. ३७२)

उपन्यासमा प्रयुक्त चिठीको नमुना यसप्रकार छ ।

> *कमरेड अविरल : अभिवादन*
>
> *महिलामोर्चाबाट जनसभाका लागि तयारी लगभग पूरा भएको छ । जनसेनाबाट महिला मोर्चामा राखिएको हुनाले यो पत्र लेखिरहेको छु ।*
>
> ..............................................................................................
> ..............................................................................................
> ........................
>
> *भर्खर विवरण लिएर सकियो । अहिलेसम्मको हाम्रो इलाकामा ३०० सहिद रहेछन् । तिनका पत्नी, आमा र दिदीबहिनीहरूले महिलाहरूको नेतृत्व गर्नेछन् । रगतको बदलालिन सबै आतुर छन् । जनसभा भव्यरूपमा सम्पन्न हुने कुरा शंकै छैन* । (पृ. ३८३)

यसरी **रातो आकाश** उपन्यास सरल शैलीमा ग्रामीण जनबोलीलाई प्रयोग गरी तयार पारिएको उपन्यास हो । ठाउँ-ठाउँमा स्थानीय भाषा आँसी, अर्नी, मुर्दा र गामजस्ता भषिकाको प्रयोग गरिएको पाइन्छ । उपन्यासमा बढी मात्रमा भाषण, डायरी र राजनीतिक शब्दावलीपूर्ण भाषिक प्रयोग पाइन्छ ।

### ३.६.५ परिवेश

२०४७ सालको परिवर्तनपछि नेपाली जनता तानाशाही अन्याय, अत्याचारबाट मुक्त हुन सकेनन् । २०५१ सालको मध्यावधि विर्वाचनपछि जन्मेको बहुदलीय राजनीतिक विकृति र संवैधानिक मूल्यको गलत उपयोगजस्ता कारणले जन्माएको असङ्गत र असहमत भावनाले क्रान्तिकारी रूप धारण गरी मुलुक रक्तरञ्जित

परिवेशमा परिणत भयो (सुवेदी, २०६३ : ४८२) । नेपाली समाज द्वन्द्वात्मक रूपमा अगाडि बढीरह्यो । वर्गसङ्घर्षको निरन्तर सफलता अगाडि बढीरहेको समयमा नै **रातो आकाश** उपन्यास लेखिएको हो (ढकाल, २०६० : भूमिका पृष्ठ) ।

उपन्यासमा ग्रामीण जीवनका अन्याय र अत्याचार, गरिबहरूमाथि धनीले गरेको शोषण, सामन्ती तथा पुँजीपति वर्गले प्रहरी प्रशासनका भरमा गाउँलेलाई गरेको अत्याचार आदि त्रासद् वातावरणमा कारुणिकता झल्कन्छ । सहरमा पनि क्रान्ति र आन्दोलन चर्काएको देखाएर केही मात्रामा सहरिया वातावरणको छनकसमेत देखाएको पाइन्छ । उपन्यास लेखनको समयमा जनयुद्ध सञ्चालन गर्ने र त्यसलाई दमन गर्ने दुवै पक्ष मैदानमा थिए र द्वन्द्वरत पनि थिए (भट्टराई, २०६२ : ३६८) । द्वन्द्वकालीन कहाली लाग्दो परिवेशमा नेपाल आमाका सपुतहरूको हत्याको दुःखद् घटनाले उपन्यासलाई बढी आक्रोसित तुल्याउँछ । आन्दोलनमा गरिएको दमन, हत्या र निर्ममताको यथार्थ प्रस्तुति नै **रातो आकाश** उपन्यास लेखनको वातावरण हो। द्वन्द्वरत अवस्थामा नेपाली जनताले भोगेको पीडा, खेपेको सास्ती यथार्थ थियो र त्यही यथार्थ परिवेशमा उपन्यास संरचित छ । सङ्घर्ष र क्रान्तिको निरन्तरतामै गरिब गाउँलेहरूले मुक्ति पाएको र नयाँ जनसरकार घोषणा गरेको देखाइ उपन्यास टुङ्गिएको छ । उपन्यासमा ग्रामीण र सहरिया दुवै परिवेशको यथार्थ चित्रण पाइन्छ ।

### ३.६.६ निष्कर्ष

समाजवादी यथार्थवादी धारामा कलम चलाउने उपन्यासकार घनश्याम ढकाल नेपाली समाजमा विद्यमान सशक्त द्वन्द्वको चित्रण गरी त्यसलाई कलात्मक रूपमा औपन्यासिक रूप दिने उपन्यासकार हुन् । मार्क्सवादबाट प्रभावित भइ वर्गसङ्घर्षविना समतामूलक समाज निर्माण हुन सक्तैन भन्ने उपन्यासकार ढकालले मार्क्सवादी वैचारिक चेतबिना सामाजिक मुक्ति सम्भव नहुनेदेखि उपन्यासमा वर्गसङ्घर्ष र वर्गयुद्धलाई प्रस्तुत गरेका छन् । सामन्ती शोषकको खोल ओढेका सत्ताका भरौटेहरूको शोषण, अन्याय, यातना र पीडाको अन्त्यको लागि समाजका

सबै वर्ग, सबै जातिको सामूहिक त्याग र बलिदानले गर्दा नै समतामूलक समाजको सिर्जना गर्न सकिन्छ भन्ने तथ्य उपन्यासमा परलक्षित छ ।

समाज परिवर्तनको दृढ सोच बोकेका अविरल, गगनजस्ता व्यक्तिहरू सामाजिक क्रान्तिका लागि जस्तो सुकै कठिन अवस्थामा समेत विचलित नभई बलिदान हुन तत्पर रहेको यथार्थ २०५२ सालपछिको यथार्थ हो । सामन्तीवर्गको शोषणमा पिल्सिएर बाच्नुभन्दा मुक्तिमा जुटी नेपाल आमाको मुहार परिवर्तन गर्नु सर्वहारा वर्गको लक्ष्य थियो । त्यही लक्ष्यप्राप्तिमा जनयुद्व भएको र जनयुद्वको सफलताले समतामूलक समाज बनेको यथार्थ उपन्यासमा पाइन्छ । जनताको आक्रोशपूर्ण बलिदानबाट सामन्ती सत्ता ढली गरिबवर्गको मुक्ति भइ सर्वहारावर्ग खुसीले रमाउन पाएका छन् ।

# परिच्छेद-चार

# प्रगतिवादी मान्यताका आधारमा घनश्याम ढकालका उपन्यासहरूको विश्लेषण

## ४.१ प्रगतिवादको सङ्क्षिप्त परिचय

प्रगतिवाद समाजवादी यथार्थवादको पर्यायका रूपमा प्रचलित साहित्यिक आन्दोलन हो । प्रगतिवाद मार्क्सवादी जीवनदृष्टिबाट निर्देशित र द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको आरोपणका रूपमा चिनिएको साहित्य सिद्वान्त हो । यो यथार्थवादी साहित्य सिद्धान्त नभएर यथार्थलाई क्रान्तिकारी दृष्टिकोणका रूपमा हेर्ने साहित्यसिद्वान्त हो (गौतम, २०४९ : ७) । प्रगतिवादले मार्क्सवादलाई आफ्नो दार्शनिक धरातल बनाई मार्क्सवादी दर्शनअनुरुप मानवसमाजको इतिहास वर्गसङ्घर्षयुक्त भएको र त्यस वर्गसङ्घर्षमा सर्वहारा वर्गको पक्षलिने शोषण-अन्याय, उत्पीडन विरुद्व क्रान्तिको आह्वान गर्ने साहित्य सिद्वान्त हो । युगनिर्माता असङ्ख्य उत्पीडित श्रमजीवीहरूको सङ्घर्ष र तिनीहरूको स्वर्णिम भविष्यलाई आँकलन गर्ने साहित्य नै प्रगतिवादी साहित्य हो (भण्डारी, २०५५ : २५) । प्रगतिवादले पूर्णत : सङ्घर्षप्रति समर्पित भएर मानवजातिको कम्युनिष्ट भविष्यप्रति विश्वास गरी सर्वहारा वर्ग र त्यसको पार्टीप्रति विश्वास गर्दछ (ढकाल, २०५४ : १०६) । मार्क्सवादभित्र कार्लमाक्स र फेडरिक एङ्गेल्सका दार्शनिक, सामाजिक, राजनीतिक तथा आर्थिक विचारहरू समेटिन्छन् (गौतम, २०५९ : १७) । प्रगतिवादलाई समाजपरक समालोचनाको मार्क्सवादी सौन्दर्यशास्त्रका रूपमा लिइन्छ । यसले मूल प्रेरणा मार्क्सवादबाट प्राप्त गरेको छ भने यसको आत्मा साम्यवादमा रहेको छ (शर्मा र लुइटेल, २०६१ : १५६) । प्रगतिवादलाई कलासाहित्यका सन्दर्भमा प्रचलित मार्क्सवादी चिन्तनका आधारमा यथार्थको ब्याख्या नगरी यथार्थलाई गतिशील तत्त्वका रूपमा स्वीकार्ने साहित्य सिद्वान्तका रूपमा लिइन्छ (गौतम : २०४९ : ७) । वर्गसङ्घर्षको साम्यवादी विचार र नवमानवको निर्माण यसको साहित्यिक लक्ष्य हो । साहित्यमा

प्रगतिवाद र सौन्दर्यशास्त्रका क्षेत्रमा मार्क्सवादी सौन्दर्यशास्त्रका रूपमा स्वीकार गरिने मार्क्स, एङ्गेल्स, लेलिन, आदिले प्रतिपादन गरेका र विकास भएको दर्शन विशिष्ट धारासँग सम्बन्धित दृष्टिकोण हो ।

प्रगतिवादलाई राजनीतिक क्षेत्रमा साम्यवाद, सामाजिक, आर्थिक क्षेत्रमा समाजवाद, दर्शनमा द्वन्द्वात्मक भौतिकवादी विशिष्ट विचारधाराका रूपमा लिइन्छ । सामाजिक राजनीतिक सन्दर्भमा साम्यवादी लक्ष्य लिएको मार्क्सवाद पुँजीवादी अराजकतालाई अन्त्य गरी नौलो संसारको सिर्जना गर्ने प्रविबद्वतामा केन्द्रित छ ( गौतम, २०४९ : २९) । मार्क्सवादमा समाजको मौलिक एकाइ वर्ग मानिएको छ र त्यसलाई सञ्चालन गर्ने तत्त्व धन, आर्थिक साधन वा संस्कृतिमा उत्पादनको अवस्था मानिएको छ (गौतम, २०५९ : २०) । शोषणबाट उन्मुक्त भइ उन्नतिका लागि असीमित सम्भावनाहरूले परिपूर्ण राजनीतिक सन्दर्भमा साम्यवादी लक्ष्य लिएको प्रगतिवाद पुँजीवादी अराजकतालाई अन्त्य गरी नौलो संसारको सिर्जना गर्न प्रतिबद्वतामा केन्द्रित छ ।

प्रगतिवादको सैद्धान्तिक आधार मार्क्सको द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हो । मार्क्सवादले एकातर्फ प्रकृति र सामाजिक जीवनको ब्याख्या-विश्लेषणमा द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादलाई आधार बनाएको छ भने अर्कोतर्फ समाजलाई बदल्नका निम्ति सही बाटो देखाउने र परिवर्तनको प्रक्रियालाई अझ तेजिलो बनाउने वैज्ञानिक दर्शनका रूपमा स्थापित छ । यसर्थ मार्क्सवादी दर्शन भौतिकवादी दर्शन हो । यसै दर्शनबाट प्रगतिवाद प्रभावित र अनुप्राणित छ । मार्क्सवादका प्रमुख बुँदाहरूमा द्वन्द्वात्मक भौतिकवाद, वर्गसङ्घर्ष अर्थ वा नियमकता, जग र प्रासाद, चैतन्यको प्राथमिकताको निषेध र इतिहास तथा समाजको भौतिकवादी व्याख्या, श्रम र सङ्घर्षको समर्थन आदिलाई मानेका छन् ( गौतम, २०५९ : ४४) । खासगरी मार्क्सवादी साहित्यमा आर्थिक शोषण र यस विरुद्व वर्गीय चेतना, सामन्त तथा जमिन्दार वर्गहरू निम्न वर्गीय किसानमाथि हुने शोषण र यसविरुद्ध चेतना, सामन्तवाद तथा विस्तारवाद विरोधी राजनीतिक चेतनाजस्ता

सन्दर्भहरू प्रस्तुत गरिएको पाइन्छ । प्रगतिवादी लेखकहरूले किसान, मजदुर तथा समाजका अपेक्षित वर्गको प्रतिनिधित्व गर्ने र साहित्यमा तिनीहरूलाई नै अग्रगामी चेतनाका संवाहक स्वीकार्ने गर्दछन् । प्रगतिवादी मूल मान्यताभित्र वर्गपक्षधरता, पार्टीप्रतिबद्धता, द्वन्द्वात्मकता, वर्गसङ्घर्ष, शोषक र शोषित, साम्राज्यवाद र पुँजीवादी शक्तिको विरोध आदि पर्दछन् ।

## ४.२ प्रगतिवादी मान्यताहरू

### ४.२.१ वर्गपक्षधरता

मार्क्सले समाजको वर्गविहीन अवस्थाको कल्पना गरेका छन् । समाजविकासको साम्यवादी चरणमा पुगेपछि समाजमा कुनै पनि किसिमको वर्ग नरहने र समाज शोषणरहित हुने आदर्श कल्पना गरेका छन् । प्रगतिवादका अनुसार कलासाहित्य जहिले पनि जनताप्रति प्रतिबद्ध हुनुपर्दछ । मजदुर र श्रमिक जनताको निस्वार्थ सेवा र पुँजीपति वर्गको विरुद्धमा नै वर्गपक्षधरता अभिव्यक्त हुन्छ । मार्क्सवाद अनुसार आजसम्मको मानव इतिहास वर्गसङ्घर्षको इतिहास भएको र समाजमा कहिले तीब्र रूपमा र कहिले अप्रत्यक्ष रूपमा शोषक-शोषित वर्गका बीचमा वर्गीय अन्तर्विरोध आइरहने हुनाले यस्तो विषम समाज व्यवस्थाको अन्त्य गरी वर्गविहीन समतामूलक समाज व्यवस्थाको स्थापना गरिनु पर्दछ । वर्गबद्ध समाजमा कला-साहित्य, दर्शन, राजनीति तथा धर्मजस्ता वस्तुहरूले समाजको वर्गीय चरित्रलाई र सत्तासित वर्गकै वर्गीयहितलाई नै प्रतिविम्बन गर्ने हुनाले प्रत्यक्ष-अप्रत्क्ष रूपमा कलासाहित्यले वर्गीय पक्षधरतालाई प्रतिबिम्बन गरेको हुन्छ । कलासाहित्यले सत्तासीन पुँजीपति वर्गको हितलाई नभएर समाजवादी साम्यवादी समाजव्यवस्थाको निर्माणमा जुटेका सर्वहारा वर्गको वर्गीय हितलाई ब्यक्त गर्नु पर्दछ (गौतम, २०४९ : १०६) । वर्गीय विभेदको अन्त्यको लागि प्रगतिवादी साहित्य समाज र राष्ट्रको शक्तिशाली हतियारका रूपमा रहेको हुन्छ भन्ने प्रगतिवादीहरूको विचार रहेको छ । प्रगतिवादी कलासाहित्य तथाकथित विशिष्ट वर्गका लागि नभएर समस्त उत्पीडित वर्गका लागि हुने हुनाले सर्वहारा मानवतावाद र सर्वहारा अन्तराष्ट्रवादप्रति निष्ठावान्

रहन्छ । गरिबवर्गको मुक्ति नहुन्जेल निरन्तर अघि बढिरहने र शोषणरहित समतामूलक समाजको निर्माणमा नै वर्गप्रतिबद्धता अडिएको छ ।

यसरी, वर्ग विभक्त समाजमा परिपूर्ण मानव व्यक्तित्वको चित्रण सम्भव नहुन्जेल र उदीयमान सर्वहारा वर्गले वर्तमान युगको प्रतिनिधित्व गर्न सक्ने भएकोले यही उदीयमान वर्गप्रति प्रतिबद्ध हुनुपर्छ भन्ने धारण प्रगतिवादीहरूमा पाइन्छ ।

### ४.२.२ पार्टीप्रतिबद्धता

प्रगतिवादमा पार्टी प्रतिबद्धतालाई लेलिनले प्रस्तुत गरेका हुन् । पार्टीको अर्थ सर्वहारा वर्गको अनेकौं सङ्गठनहरूको केन्द्रीय अङ्ग भएकोले पार्टीप्रतिबद्धताले सर्वहारा वर्गका विभिन्न दलहरूप्रतिको प्रतिबद्धतालाई नजनाएर सर्वहारा वर्गको व्यापक धरातललाई समेट्ने मार्क्सवादी पार्टीप्रतिको प्रतिब्द्धतालाई जनाएको देखिन्छ । राजनीतिक सत्ताप्रतिको उद्देश्य नराखी मानिसका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक स्वरूप र सम्बन्धमै आमूल परिवर्तन गर्ने पार्टीलाई नै लेलिनले मार्क्सवादी पार्टीप्रतिबद्धताका रूपमा ब्याख्या गरेका हुनाले पार्टीले राखेको विश्वदृष्टिकोणको प्रतिद्धतालाई सूचित गरेको देखिन्छ । सम्पूर्ण उत्पीडित जनता र राष्ट्रहरूको प्रतिबद्धता नै पार्टीलक्ष्यप्रतिको प्रतिबद्धता हो । यान्त्रिक रूपमा पार्टीका कार्यनीतिको अन्धानुकरण र त्यसमा हरेक कार्यनीतिक नाराप्रतिको आत्मसमर्पण नभएर पार्टीलक्ष्यप्रतिको प्रतिबद्धता नै पार्टी प्रतिबद्धता हो (गौतम, २०४९ : ११४) ।

### ४.२.३ द्वन्द्वात्मकता :

द्वन्द्वात्मकता प्रगतिवादी मान्यता हो । मार्क्सले द्वन्द्वलाई आधार बनाइ द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादजस्ता सिद्वान्तको प्रतिवादन गरेका छन् । द्वन्द्वात्मक भौतिकवादले कुनै पनि वस्तु, घटनालाई द्वन्द्वात्मक रूपमा अवलोकन गर्दछ (गौतम, २०४९ : २९) । द्वन्द्ववादी दर्शनअनुरुप संसारमा भएका सम्पूर्ण कुराहरू क्षणिक र नाशवान् छन् । कुनै पनि कुरा नित्य र अविनाशी छैनन् । द्वन्द्वात्मकताले वस्तुगत सत्तालाई उत्पत्ति विकास र विनाशको प्रक्रियाबाट गुज्रने

यथार्थ ठानेको छ । द्वन्द्ववादले प्रकृति वा जीवन जगत्लाई परिवर्तनशील रूपमा हेर्दछ र गुणात्मक परिवर्तनबाट नयाँ चिजको उत्पत्ति हुने कुराको विश्लेषण गर्दछ (भण्डारी, २०५५ : ३) ।

द्वन्द्वात्मक भौतिकवादले वास्तविक वस्तुजगत्लाई द्वन्द्वात्मक रहेको ठान्छ र सामाजिक जीवन तथा समाजको इतिहासको अध्ययनसमेत द्वन्द्वात्मक प्रकृयाबाट गर्न सकिने मान्यता राख्दछ । द्वन्द्वात्मक भौतिकवादी दृष्टिअनुसार यथार्थजगत् गतिशील र परिवर्तनशील छ । यो कुनै परम सत्ताद्वारा निर्मित नभएर स्वसत्ता सम्पन्न छ, अनि मानव चेतनादेखि यसको आफ्नै स्वतन्त्र अस्थित्व छ (गौतम, २०४९ : २९) । द्वन्द्वात्मक भौतिकवाद अनुसार पदार्थमा आउने परिवर्तन त्यसकै भित्रबाट निर्धारित हुन्छ । बाह्य परिस्थितिले त्यसलाई तीब्र वा मन्द पार्न सक्छ तर त्यसलाई आरम्भ गर्न वा लक्ष्यमा पुग्नबाट रोक्न सक्दैन । मार्क्सले द्वन्द्वात्मक भौतिकवादमा पदार्थलाई निष्क्रिय नभनेर सक्रिय वस्तु मानेका छन् (शर्मा र लुइटेल, २०६० : १४४) । द्वन्द्वात्मक भौतिकवादका वस्तुहरु र घटनाको सार्वभौम सम्बन्ध र पारस्परिक निर्भरता नै भौतिकजगत्को सारभूत विशेषता हो । द्वन्द्वात्मक भौतिकवादले यथार्थजगत्को मात्रात्मक विकासलाई अपेक्षाकृत मन्द र क्रमबद्ध गतिमा हुने र गुणात्मक विकासचाहिँ क्रमभङ्ग गर्दै फड्काका रूपमा अघि बढ्ने कुरालाई औंल्याउँछ । यथार्थजगत् गतिशील भएझैं सांस्कृतिक, सामाजिक मूल्यहरूपनि गतिशील हुन्छन् र यथार्थ जगतका वस्तुहरू वस्तुका रूपमा नाशवान् नभएझैं र पुरानो वस्तुकै द्वन्द्वबाट नयाँ वस्तुको अविर्भाव भएझैं सामाजिक सांस्कृतिक मूल्यहरू पनि मूल्यका रूपमा नष्ट हुँदैनन् र मूल्यवान् द्वन्द्वबाटै नयाँ मूल्यको अविर्भाव हुन्छ भन्ने धारण द्वन्द्वात्मक भौतिकवादले राख्दछ ।

द्वन्द्वात्मक भौतिकवादले समाजको ऐतिहासिक विकासको तथा व्यक्ति-व्यक्ति र व्यक्ति समाजका पारस्परिक सम्बन्धहरूको अध्ययन द्वन्द्व सिद्वान्तकै आधारमा गर्दछ । यसै किसिमको द्वन्द्वात्मक भौतिकवादको सामाजिक स्वरूपलाई ऐतिहासिक भौतिकवाद भनिन्छ (जोशी, २०५७ : ५९) । ऐतिहासिक भौतिकवादले समाज

विकासको ऐतिहासिक स्थिति, भौतिकवस्तुको विकासको कारण र यसका आधारभूत तत्त्वको विश्लेषण गर्दछ । ऐतिहासिक भौतिकवादी अध्ययन अनुसार समाजको मूल स्वरूप, त्यस समाजको आर्थिक सम्बन्धबाट निर्धारित हुन्छ र अन्य सम्पूर्ण विषयहरु त्यसमा अवस्थित हुन्छन् (गौतम, २०५९) ।

ऐतिहासिक भौतिकवादका अनुसार राजनीति, कानुन, धर्म तथा दर्शनझैं कलासाहित्य समेत आधेयकै एक अङ्ग हो र तत्कालीन आधार वा आर्थिक सम्बन्धसँग यसको घनिष्ठ सम्बन्ध हुन्छ । तसर्थ सामाजिक रीतिथिति, चालचलन र क्रियाकलापमात्र यथार्थ होइनन्, ती कुनै आर्थिक सम्बन्धमा अड्ने र त्यही आर्थिक सम्बन्धबाट निर्देशित हुनेहुँदा त्यस आधारलाई ठम्यानुपर्छ भन्ने मान्यता नै ऐतिकहासिक भौतिकवादी मान्यता हो ।

मार्क्स-एङ्गेल्सले ऐतिहासिक भौतिकवादी सिद्वान्तको प्रतिवादन र त्यस सिद्वान्तका आधारमा वर्तमानसम्मको सामाजिक जीवनलाई व्याख्या गरेका छन् । ऐतिहासिक भौतिकवादी मान्यता अनुसार आदिम साम्यवादी युगको विघटनदेखि मानवहरूको इतिहास वर्गहरूबीच सङ्घर्ष हुँदै आएको छ । यसरी ऐतिहासिक भौतिकवादी अनुसार मानव-समाजको विकासको निम्ति वर्गसङ्घर्ष नै प्रेरक शक्ति हो र इतिहासका गतिमा वर्गसङ्घर्षले पुरानो व्यवस्थालाई नयाँ व्यवस्थाको जन्म गराएको छ ।

## ४.२.४ वर्गसङघर्ष

मार्क्सले समाजको वर्गविहीन अवस्थाको कल्पना गरेका छन् । समाज विकासको साम्यवादी चरणमा पुगेपछि समाजमा कुनै पनि किसिमको वर्ग नरहने र समाज शोषितरहित हुने आदर्श कल्पना गरेका छन् । समाजमा सामन्ती तथा पुँजीपति वर्गले सर्वहारा वर्गलाई शोषण गरेको हुनाले प्रगतिवादले शोषक र शोषितबीच भेदभाव हटाई समानतामूलक समतामूलक समाजको निर्माणमा जुट्न प्रेरित गर्दछ । समाजमा सर्वहारा वर्ग र अभिजात वर्गबीचको दूरी हटी समतामूलक

समाजको निर्माण नहुन्जेल अर्थात् शोषणको जन्जीरबाट मुक्त नहुन्जेल सर्वहारा वर्ग आफ्नो लक्ष्यमा पुग्न सङ्घर्षरत रहन्छन् । उनीहरू व्यक्तिगत स्वार्थभन्दा वर्गीय स्वार्थमा समाहित हुन्छन् । सर्वहारा वर्गको सङ्घर्षले मानिसद्वारा मानिसको शोषण हुने अवस्थालाई समाप्त पार्दछ । वर्गीय सङ्घर्षको सफलता पश्चात् समाज वर्गविहीन भइ सभ्य समाजको निर्माण हुन्छ । यही नै वर्ग सङ्घर्षको लक्ष्य रहेको छ ।

सामन्तवादी र पुजीपति शक्तिद्वारा सिर्जित असमानता, एवम् शोषक र शोषितबीच रहेको भिन्नतालाई देखाउँदै समाजमा उठ्दै र  ब्युझ्दै गइरहेको वर्गसङ्घर्षको चित्रण गर्नु प्रगतिवादीहरुको प्रवृत्ति मानिन्छ । शोषक र सामन्तिका कुर, पाखण्डी, दानवी व्यवहार र क्रियाकलाप तथा पुँजीको आश्रयमा श्रमजीवी मजदुरहरूको शोषण गर्ने निर्दयी रक्त चुसाहा पुँजीपतिको प्रवृत्ति नङ्ग्याउनमात्र होइन पुँजीवादी शोषकमुलक व्यवस्थाद्वारा सामाजिक प्रगति हुन नसकेको बोध गराउँदै पुँजीवादी र सामन्ती शक्तिप्रति विद्रोहको भाव जगाउन र बहुसङ्ख्यक श्रमजीविवर्गको सङ्घर्षलाई संगठित गर्ने उद्देश्यलाई मूर्त रुप दिने प्रयासमा प्रगतिवादी वर्गसङ्घर्ष केन्द्रित छ  (भण्डारी, २०५५ : १३१) ।

### ४.२.५. शोषक–शोषित

समाजमा जमिन्दार तथा पुँजीपति वर्गका मान्छेहरूले किसान् तथा सोझा गरिबहरूमाथि शोषण गरिरहेका हुन्छन् । समाजमा शोषक र शोषितका बीचमा द्वन्द्व चलिरहन्छ । आर्थिक र भौतिक दुवै रूपमा समाजका पुँजीपति वर्गका मान्छेहरूले गरिब तथा दलित समुदायमाथि कब्जा जमाउन सफल हुन्छन् र त्यहाँबाट शोषणको समेत प्रारम्भ गर्दछन् । मनोविश्लेषणमा चेतन र अचेतनबीचजस्तै मार्क्सवादमा शोषक र शोषितबीच द्वन्द्व चलिरहन्छ भन्ने सिद्वान्त मान्य छ (गौतम, २०५९ : ४४) । समाज विकासको आदिकालदेखि नै शोषक र शोषितबीचमा द्वन्द्व हुँदै आइरहेको पाइन्छ । नेपाली समाज सामन्तवादी सामाजिक सांस्कृतिक-राजनीतिक निर्मित भएको हुनाले यसको ध्वंसबाट मात्र ससक्त प्रगतिशील समाज निर्माण हुन सक्छ यही

भावनाबाट प्रेरित भएर प्रगतिवादीहरु सामन्ति शोषकहरुप्रति आक्रोश व्यक्त गर्दछन प्रगतिवादी विचारकहरू (भण्डारी, २०५५ : १२१) ।

### ४.२.६ साम्राज्यवाद र पुँजीवादी शक्तिको विरोध :

पुँजीवादको उच्चतमरूप समाजवादलाई बहुसङ्ख्यक मानवजातिको निमित्त भयावह तत्त्वका रूपमा स्वीकार गरिन्छ । आर्थिक क्षेत्रमा सम्राज्यवादले विश्वभरिका मानवहरूलाई पराधिन बनाउँदै आएको छ । मानवीय स्वतन्त्रता र मुक्तिको बाधकका रूपमा सम्राज्यवादी शक्ति देखिएको छ भने देशीय रूपमा पुँजीवादी शक्तिले श्रम शोषण गरी समाजमा वैषम्य सिर्जना गरेको छ । मार्क्सवादी विचारअनुसार राष्ट्रिय रूपमा सामन्तवादी पुँजिवादी शक्तिहरू र अन्तर्राष्ट्रिय रुपमा साम्राज्यवादी प्रभुत्ववादी शक्तिहरु शोषित र उत्पीडित वर्गका दुश्मन रहेका छन् (भण्डारी, २०५५ : १२५) । समाजमा मानवीय मुक्ति र समानता कायम गरी समतामूलक समाज निर्माणको बाधकका रूपमा सामन्तवादी पुँजिवादी साम्राज्य शक्ति रहेको ठहर हुन्छ । शासकवर्गको सुरक्षा र आफ्नो प्रभुत्व कायम गर्ने साम्रज्यवादी शक्तिको विरोध गर्नु प्रगतिवादीहरूको विचार रहेको छ । यसरी पुँजीवादी प्रवृतिले गर्दा व्यक्तिवादी प्रवृति बढ्न गइ समाजमा शोषणका रूपमा बढ्न गएकाले प्रगतिवादीहरू साम्राज्यवाद र पुँजीवादको विरोध गर्दछन् ।

## ४.३ घनश्याम ढकालका उपन्यासहरूको प्रगतिवादी विश्लेषण

### ४.३.१ वर्गपक्षधरता

**रातो आकाश** उपन्यासको समाज सामन्ती-पुँजीपति वर्ग र शोषित उत्पीडित सर्वहारा वर्ग गरी दुई वर्गमा विभाजित छ । पुँजीपति वर्गको सम्पत्तिको रवाफमा गरिब मजदुर वर्ग शोषणमा पिल्सिन बाध्य छन् । गरिबहरमाथि शोषण गरेर सूर्यकान्त, मणिकान्त, योगेन्द्रजस्ता सामन्तीहरू हैकम जमाइ रहेका हुन्छन् । उनीहरूको सामन्ती हैकममा आरती, गङ्गाबहादुर लगायतका सम्पूर्ण गाउँलेहरु पिल्सिरहेका हुन्छन् । गरिबहरूमाथि अन्याय, अत्याचार, थिचोमिचो र श्रमको शोषण

गरेको देखि सुइदारबा, शोभाकरजस्ता व्यक्तिहरूले अविरल, गगन लगायतका पात्रहरूलाई जनवादी क्रान्ति र समतामूलक समाजको बारेमा बुझाइ क्रान्ति र सङ्घर्षमा जुट्न प्रेरित गर्छन । अविरल र गगनले आफ्ना साथीहरूलाई शोषण र अत्याचारको अन्त्य गर्न वर्गीय मुक्ति र स्वतन्त्रताका लागि कसरी युद्ध गर्ने, सङ्घर्ष गर्ने आदिमा छलफल गरी क्रान्तिकारी कम्युनिष्ट पार्टीमा आबद्ध हुन्छन् । सर्वहारा वर्ग, उत्पीडित वर्गको मुक्तिका लागि पारिवारिक स्वार्थलाई तिलाञ्जलि दिएर अविरल र गगन पुँजीपति सामन्ती वर्गको विरुद्धमा सर्वहारा वर्गको नेत्तृत्व गरी अघि बढ्छन् । स्वतन्त्रता र मुक्तिका लागि आफ्नो ज्यानको पर्वाह नगरी वर्गीय सङ्घर्ष र वर्गीय हितका लागि प्रतिकूल परिस्थितिमा पनि सङ्घर्षरत रहन्छन् । दमनकारी प्रशासनले माओवादी आतङ्ककारीको संज्ञा दिइ पीडा दिए पनि समानता र स्वतन्त्राका लागि दासताका विरुद्ध लडि नै रहन्छन् । सङ्घर्षको सफलताले जीत हाँसिल गरी सदरमुकाम कब्जा गरी समातामूलक समाज निर्माणको जयजयकार स्वरूप उपन्यास टुङ्गिन्छ । यसरी **रातो आकाश** उपन्यास निम्नवर्गीय सर्वहारा, किसान, मजदुर, श्रमिक वर्गलाई मध्यनजर गरी लेखिएको उपन्यास हो । यस उपन्यासले वर्गीय मुक्तिका लागि निम्नवर्गीय जनतालाई क्रान्तिमा केन्द्रित हुन आह्वान गर्दछ ।

**गाउँभित्र** उपन्यासको समाज समेत सामन्ती वर्ग र शोषित वर्ग गरी दुई वर्गमा विभक्त छ । वसन्तजस्ता मजदुर व्यक्तिको परिवारिक जीवन तहसनहस पारी रुद्रनाथ र प्रधानपञ्चले सामन्त्याइँ देखाईरहेका हुन्छन् । गरिबहरू सामन्तीको शोषणमा पल्सिरहेको यथार्थलाई जव वसन्तले बुझ्दछ, तब ऊ सामन्तीसत्ता ढाली शोषणरहित समाज निर्माणका लागि परिवारिक स्वार्थलाई तिलाञ्जली दिएर वर्गीय मुक्तिका लागि जुट्न थाल्छ । जति नै विपद् परिस्थिति आइपरे पनि ऊ शोषक वर्गको अन्त्य गरी सर्वहारा वर्गको जीवनमा आमूल परिवर्तन ल्याउन लडिरहन्छ । समाजमा धनीभन्दा गरिबवर्ग बढी छन् तर पनि पैसाको भरमा बिक्ने प्रशासनलाई किनेर सामन्तीहरूले गरिब मजदुरको जीवनमाथि तुषारापात वर्षाइरहन्छन् । त्यस्तो विषम परिस्थितिमा समेत स्वतन्त्रताको लागि दासता विरुद्धको आवाज उठाउने

वसन्त सम्पूर्ण शोषित, पीडित, असहाया वर्गको हितमा सङ्घर्ष गरि नै रहन्छ । पारिवारिक स्वार्थभन्दा वर्गीय स्वार्थमा केन्द्रित रही आमूल परिवर्तनको लागि चेतनाको दियो बाली मुक्तिमा जुटिरहन्छ ।

यसरी ढकालका दुवै उपन्यासहरूले वर्गीय हितको वकालत गर्छन । वर्गीय हितको लागि सम्पूर्ण उत्पीडित, दलिद, महिला, मजदुर, श्रमिक एकभई सर्वहारा वर्गको लडाइँमा शासक वर्ग विरुद्धको युद्धमा सामेल भएको तत्थ्यलाई ढकालका गाउँभित्र र रातो आकाश उपन्यासले प्रस्ट पार्दछन् ।

### ४.३.२. पार्टीप्रतिबद्धता

**गाउँभित्र** अपन्यासमा पञ्चायती शासन व्यवस्थामा नेपाली जनताले पाएको दुःख र भोगेको सास्तीलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ ।सामन्ती सत्ताको खोल ओढेका पुँजीपति वर्गको शोषण र सामन्त्याइँको अन्त्यको लागि उपन्यासको प्रमुखपात्र वसन्त बामपन्थी पार्टीप्रति आबद्ध भई अन्याय र अत्याचारको अन्त्यको लागि अग्रिम मोर्चामा जुट्न थाल्छ । गाउँभित्र उपन्यासमा पुँजीपति वर्गको अन्याय सहन नसकी सामन्ती सत्ताको अन्त्यको लागि वसन्तजस्ता कैयौं व्यक्तिहरू आफ्नो पार्टीप्रति प्रतिबद्ध भएर सङ्घर्षमा जुटेको पाइन्छ । पञ्चायती उत्पीडन र दमन नभनी ग्रामीण समाजमा चेतना भर्ने वसन्त जस्ता युवाहरु हिजोका दिनमा गाउँभरि सक्रिय थिए र तिनकै सहासी परिवर्तनगामी दृढ विचारले पञ्चायती शासनसत्ता ढाल्न सकेको तथा आगामी दिनमा समेत त्यस्तो निरङ्कुश शासकको समूल नष्टको लागि कैयौँ सर्वहारा वर्गका जनताहरू बामपन्थी पार्टीप्रति प्रतिबद्ध छन् । वैचारिक दृष्टिले शोषणमुक्त समाज निर्माणको चेतना, जाति, अर्थ संस्कृतिका विकृत चेतनाहरूबाट ग्रसित समाजका कुरूपता, विकास बाधकका नगराहरूलाई विस्थापन गरी शोषण रहित समाज निर्माण नै गाउँभित्र उपन्यासको लक्ष्य हो । यही शोषण रहित समतामूलक समाज र विभेदरहित समाजव्यवस्थाको लागि गाउँभित्र उपन्यासमा वसन्तजस्ता व्यक्तिहरू विचलित नभई प्रतिबद्ध भएर अगाडि बढेका छन् ।

रातो आकाश उपन्यास वि.सं. २०४६ पछिको प्रजातन्त्रको सुनौलो विहानीले गरिब र उत्पीडित वर्ग बीच कुनै परिवर्तन ल्याएन । शोषण, दमन र थिचोमिचोका रूपहरू उस्तै रहे । मणिकान्तजस्ता सामन्तीको शोषण र उत्पीडानलाई सहन नसकी अविरल, गगन, इमान र रविजस्ता व्यक्तिहरू सर्वहारा वर्गको मुक्तिका लागि क्रान्तिकारी कम्युनिस्ट पार्टीप्रति आबद्ध भई पार्टीको उद्देश्य र लक्ष्यप्रति सङ्घर्षरत रहन्छन् । पैसाको भरमा बिक्ने प्रशासनले जति यातना र पीडा दिए पनि सङ्घर्षलाई सफल पार्न उनीहरू लडि नै रहन्छन् । अविरलले नेतृत्व गरेको क्रान्तिकारी पार्टीमा महिला, वृद्ध, उत्पीडित भएर नै सङ्गठित सबै क्रान्तिमा सम्लग्न रही समतामूलक समाज निर्माणमा सक्रिय रहन्छन् । नयाँ विचारको नृसंश दमन गर्ने तानाशाहीको विरोधका लागि प्रतिकार गर्न सक्ने जुझारु शक्तिको प्रयासले जनयुद्ध सफल भएको छ । (शर्मा, २०६३ : २१९) गतिशील यथार्थको बीचबाट एउटा वर्गहीन सुन्दर, शान्त र समृद्ध समाज सिर्जना गर्ने र मानवहत्याको शृङ्खलालाई अन्त्य गर्न क्रियाशील नयाँ समाजको निर्माणका लागि पीडित जनताहरू क्रान्तिकारी पार्टीप्रति आबद्ध रहेका छन् । क्रान्तिमा आबद्ध हुनाले उनीहरूले लक्ष्यमा विजय प्राप्त गरेका छन् । त्यो यथार्थ उपन्यास लेखनको दुई वर्ष बित्ता नबित्दै सत्य साबित भएको छ ।

### ४.३.३ द्वन्द्वात्मकता

घनश्याम ढकालका उपन्यासहरूमा शासकवर्ग र शोषितवर्गका बचिमा द्वन्द्व देखिन आउँछ । गाउँभित्र उपन्यासमा सामन्ती शासकको प्रतिनिधित्व रुद्रनाथ तिवारी र सर्वहारा वर्गको प्रतिनिधित्व वसन्त सुवेदीबीच द्वन्द्व रहेको छ । वसन्तजस्ता कैयौं गरिबहरूको गास बास खोसेको रुद्रनाथको सामन्ती व्यवहारबाट दिक्क भएर गरिब गाउँलेहरू सङ्गठित हुन थाल्दछन् । वसन्तलाई राजनीतिक पार्टीमा सम्लग्न भएको आरोपमा पैसाको बलमा बिक्ने प्रशासनको कुप्रवृत्तिले पीडा, यातना दिई कारावासको जीवन भोग्न विवश बनाउँछ । जेलबाट छुटेपछि मधु, वसन्त र अग्निजस्ता युवाहरू सङ्गठित भई सामन्ती शासकको विरुद्ध एकजुट हुन थाल्दछन् । वसन्त पारिवारिक मोहलाई त्यागेर विभेदरहित समतामूलक समाजको निर्माणको लागि सङ्घर्षरत

रहन्छ । मूलरूपमा गाउँभित्र उपन्यासमा गरिब वर्ग र धनी वर्गको बीचमा द्वन्द्व रहेको छ ।

**रातो आकाश** उपन्यासमा २०४७ सालको परिवर्तनपछि समेत गरिब जनताहरूको जीवनस्तरमा परिवर्तन आएन । शोषणका जञ्जीरहरू चारैतिर उस्तै रहिरहे । उपन्यासका पात्रहरू शोषण र दासताबाट मुक्त भएर स्वतन्त्र जीवन जीउन चाहन्छन् । रातो आकाश उपन्यासमा खासगरी व्यक्तिप्रतिभन्दा पनि सिङ्गो सामन्ती व्यवस्थाप्रति द्वन्द्व रहेको छ । यसको लागि अविरल, गगन, लगायतका पात्रहरू सङ्गठित भएर आन्दोलन गर्न सुरु गर्छन् । उनीहरूको आन्दोलन वर्गीय मुक्ति र विभेदरहित समाजको निर्माणका लागि हुन्छ । यसरी रातो आकाश उपन्यासमा रहेका पात्रहरूले गरेको सङ्घर्ष, समाजमा स्वतन्त्रतापूर्वक मानवले मानवभएर बाँच्नको लागि रहन्छ । यसरी रातो आकाश उपन्यासमा रहेको द्वन्द्व शासक वर्ग र सर्वहारा श्रमिक किसानवर्गका बीचमा रहेको पाइन्छ ।

### ४.३.४ वर्गसङ्घर्ष

**गाउँभित्र** उपन्यासमा पञ्चायती शासन व्यवस्थाको क्रुरताको चित्रण गरिएको पाइन्छ । सामन्ती शासक रुद्रनाथ र उसका मतियारहरू सामन्ती वर्गको प्रतिनिधित्व गर्छन् भने वसन्त, मधु जयन्तीजस्ता पात्रहरू सर्वहारा वर्गको प्रतिनिधित्व गर्छन् । आरम्भदेखि नै यी दुई वर्गका बीचमा सङ्घर्ष देखाइएको छ । जीविकाका क्रममा परदेश जाने परम्परालाई तोड्दै वसन्त सुवेदी आफ्नै गाउँमा शिक्षक भई गुजारा गरिरहेको हुन्छ । विवाहका क्रममा प्रधानपञ्च र रुद्रनाथ तिवारीले गरेको अत्याचारलाई अन्त्य गरी स्वतन्त्रतापूर्वक जीवन यापन गर्ने दृढ सङ्कल्पमा ऊ जुट्न थाल्छ । वसन्तको सङ्घर्षमा सम्पूर्ण उत्पीडित श्रमिक मजदुर वर्गहरू रहेका हुन्छन् । गर्भिणी अवस्थामा सामन्ती शासकले जेलमा कोचेको घटनाबाट विक्षुब्ध बनेर रूपा जस्तोसुकै सङ्घर्ष गर्नु परे तापनि वसन्तलाई साथ दिन तयार हुन्छे । अन्याय र शोषण खप्न नसकी गाउँलेहरूले माननीय रुद्रनाथमाथि कालो मोसो घसी, टिन ठोकी मूर्दावादका नाराहरू घन्काउँछन् । यसलाई वर्गीय विजयको रूपमा लिइन्छ ।

उपन्यासमा सङ्घर्षको क्रममा गरिब मजदुर वर्गहरू सदरमुकाम घेर्न पुग्छन् जहाँ तानाशाही शासकले गोली चलाउँदा मानबहादुरले साहदत पाउँछ । यसरी गाउँभित्र उपन्यासमा वर्गसङ्घर्ष तीव्र रूपमा पाइन्छ । शोषण र दासताको जन्जिरबाट मुक्त भई स्वतन्त्र जीवन जीउनका लागि गरिबवर्ग सङ्घर्षमा तल्लीन रहेका छन् ।

रातो आकाश उपन्यास २०५२ पछि लेखिएको अर्थात् जनयुद्धको वास्तविक यथार्थमा आधारित उपन्यास हो । उपन्यास लेखिएको समयमा जनयुद्ध सञ्चालन गर्ने र त्यसलाई दमन गर्ने दुवै पक्ष मैदानमा द्वन्द्वरत थिए । रातो आकाश उपन्यासमा सामन्त र किसान दुई वर्ग देखा पर्दछन् भने गाउँमित्रमा पनि यो प्रवृत्ति देखा पर्दछ । रातो आकाश उपन्यासमा आएका घटनाहरू तत्कालीन यथार्थ घटना हुन् । शासक मणिकान्त र उसका भरौटेहरू सामन्त वर्गको प्रतिनिधित्व गर्दछन् भने अविरल, गगन, अनुपा, भविसरा, गंगाबहादुर, मिथिला, आरतीजस्ता पात्रहरू किसान र मजदुर वर्गको प्रतिनिधित्व गर्दछन् । उपन्यासको आरम्भदेखि नै यी दुई वर्ग बीचमा सङ्घर्ष देखाइएको छ । मणिकान्तको विवाहमा अविरल जन्ती जाँदा अपमानित हुन परेको घटनाले बाल मस्तिष्कमा गम्भीर चोट पुग्दछ । फलस्वरूप अविरल वर्गविषमताको अन्त्यको लागि क्रान्तिकारी पार्टीप्रति आबद्ध भई वर्गीय हितका लागि शोषण र उत्पीडनका साङ्लाहरू चुडाएर स्वतन्त्र समाजको निर्माणका लागि सङ्घर्षरत रहन्छ । मणिकान्तको व्यवहारबाट त्रस्त भई उसलाई जनकार्बाही गरी तमसुकहरू च्याती गरिब गाउँलेहरूलाई ऋणबाट मुक्त दिलाउँछन् । जसलाई वर्गसङ्घर्षको विजयको सुरुवात मानिन्छ । मणिकान्तले जति नै सुराकी गरी गरिब जनताहरूको आतङ्ककारीको नाममा हत्या गरेपनि अन्त्यमा सर्वहारा वर्गले नै विजय प्राप्त गर्दछन् ।

यसरी मार्क्सवादी विचारलाई अँगालेर लेखिएका कृतिहरूमा शासकको पतन र शासितको उदय देखाइन्छ । वर्गसङ्घर्ष निरन्तर रहिरहने प्रकृया हो । शासक र शासित बीच भएको सङ्घर्षले अन्ततः जनताले अधिनायकत्व प्राप्त गर्दछन् । वर्गसङ्घर्षको चरमरूप सम्पूर्ण गाउँलेहरू आन्दोलन र मुक्तिमा समाहित भएको

घटनाबाट प्रस्ट हुन्छ । कैयौँ गरिबहरूको बलिदानले आज नेपाली जनताले मुक्ति प्राप्त गरेका छन् ।

## ४.३.५ शोषक र शोषित

गाउँभित्र उपन्यास लेखनको समयमा नेपाली समाजमा शोषकवर्ग र शोषितवर्ग रहेका थिए र तिनीहरू बीचमा द्वन्द्व चलि नै रहेको थियो । सुविधाभोगी वर्ग शासक जो शोषक हो भने सुविधाभोगीका जग्गा कमाएर जीविका चलाउने किसानहरू शोषितवर्ग अन्तर्गत पर्दछन् । पञ्चायती व्यवस्थाको क्रुर निरङ्कुशकालमा शासकहरूले नेपाली जनतामाथि शोषण गरेका थिए ।

**गाउँभित्र** उपन्यासमा वसन्त, जयन्ती, मधु, अग्नि, भवदत्त, कालेसार्की आदि पात्रहरू शोषित वर्गका पात्र हुन् । यस्तै तत्कालीन पञ्चायती शसनका पक्षधरहरू माननीय रुद्रनाथ, प्रधानपञ्च, रमाकान्त आदि शोषक वर्गका पात्र हुन् । शोषकी, सामन्तीहरू मजदुर किसानका छोराछोरीले पढेलेखेको र प्रगति गरेको देखी सहदैनन् । वसन्तको बाबुले नलिएको ऋणलाई मरेको बाबुको कृते छाप देखाई वसन्तको फाँट खेत रुद्रनाथले शोषण गर्छ । वसन्तले जागिर खाएको समेत देखी नसहने रुद्रंनाथले उसलाई अनेक लाञ्छना लगाई जागिरबाट निस्कासन गराउँछ । गाउँले महिलाहरूमाथि समेत उपन्यासमा शोषण गरेको पाइन्छ । रुद्रनाथले बहुविवाह गरेको र राम्रा तरुनीहरूको यौन शोषण गरी पैसाका बलमा ढाकछोप गरेको पाइन्छ । सुरक्षा गर्न खटिएका सुरक्षाकर्मीले बलत्कार गर्दै हिडेको यथार्थ समेत गाउँभित्र उपन्यासमा पाइन्छ । विधवाको पाप कटाउन गुप्त दानको नाटक रच्ने पण्डित कमलप्रसाद धार्मिक शोषक हो । यसरी गाउँभित्र उपन्यासमा शोषकहरू एकातर्फ शोषण गरिरहेका छन् भने अर्कातर्फ शोषितहरू पिल्सिन बाध्य छन् । शोषित वसन्त शोषण विरुद्ध मुक्तिमा सङ्घर्षरत देखिन्छन् ।

रातो आकाश उपन्यास शोषक र शोषितको द्वन्द्वमा आधारित उपन्यास हो । शोषकहरूको शोषणलाई खप्न नसकी शोषित वर्ग सङ्घर्षमा जुटेको यथार्थ परिवेशमा

रातो आकाश उपन्यास लेखिएको छ । यसमा आरती, मिथिला, श्यामलाल, गङ्गाबहादुर आदि पात्रहरू शोषित वर्गका पात्रहरू हुन् । शासकवर्गले सर्वहारावर्गीय आन्दोलनलाई माओावदी क्रान्तिकारीका नाममा निर्मम यातना दिई शोषण गरिरहेका हुन्छन् । मुक्तिआन्दोलनमा लागेको पात्रहरूको घरमा गई प्रहरी प्रशासनले अनावश्यक दुःख दिने, महिलाहरूमाथि शोषण गर्ने, हत्या गर्ने, जस्ता शोषणका रूपहरू मणिकान्तले सुरु गर्छ । प्रहरीहरूको शोषणबाट कति महिलाहरू सङ्घर्षका साथ जोगिन सफल हुन्छन् त कति मृत्युमा पिल्सिन बाध्य हुन्छन् । श्रमको उचित मूलय नहुँदा मजदुर गरी जीवन निर्वाह गर्ने अधिकांश श्रमिकहरूको जीवन कारुणिक र दारुणिक देखिन्छ । अन्त्यमा शोषित वर्गकै विजय देखाइएको छ । यसरी ढकालका उपन्यासहरूमा शोषित वर्ग र शोषक वर्गको लडाईंमा शोषित वर्ग विजय गर्न सफल रहेका छन् ।

### ४.२.६ थिचोमिचोको विरोध

घनश्याम ढकालले गाउँभित्र उपन्यास लेखेको समयमा नेपालमा थिचोमिचोको एकदमै बाहुल्यता थियो । सामन्तीसत्ताका भरौटेहरूबाट निमुखा जनताहरू धनी गरिबको नाममा, जातको नाममा, महिला पुरुषको नाममा थिचोमिचोमा परिरहेका थिए । पसिनाको भरमा बाँच्नुपर्ने किसानहरू दैव र भाग्यको खेल ठानी सामान्तहरूको नोकरको लागि सधैँ सन्तान जन्माइरहेका थिए भने शासकवर्गहरू आफूलाई साक्षत विष्णुको अवतार ठानी जत्रोसुकै थिचोमिचो गर्न पनि पछि नपर्ने यथार्थ ढकालले उपन्यास लेख्दाको यथार्थ हो ।

**गाउँभित्र** उपन्यासमा सामान्ती वर्गले गरिब गाउँलेमाथि गरेको थिचोमिचोको यथार्थ वर्णन छ । गाउँको मुखिया र प्रधानपाचको निर्णयमा नै गरिबहरूको भाग्य अडिएको हुन्थ्यो । उपन्यासमा रुद्रनाथले वसन्तको परिवारमाथि शोषण र थिचोमिचो गरेको छ । वसन्तले विद्रोह गरेपछि सामान्ती साशकहरू उसलाई सामाजिक बहिष्कार गर्न समेत पछि पर्दैनन् । गर्भिणी अवस्थाकी वसन्तीकी श्रीमती रूपालाई

अनेक लाञ्छना लगाएर जेलमा कोचिन विवश तुल्याउँछन् । यसरी गाउँभित्र उपन्यासमा थुप्रै थिचोमिचोका उदाहरणहरू पाइन्छ ।

**रातो आकाश** उपन्यासमा सामन्ती मणिकान्त, योगेन्द्र, जगतेहरूले पैसाको भरमा प्रशासन किनेर गरिब, मजदुर किसानमाथि शोषण गरेको पाइन्छ । गरिबहरूलाई तल्लोस्तरको व्यवहार गर्ने, ज्याला मजदुरीमा ठग्ने, शक्तिकाभरमा महिलाहरूमाथि शोषण गर्ने जस्ता खराब थिचोमिचो व्यवहारहरू सामन्तीले देखाउँछन् । देशको सुरक्षार्थ खटिएका प्रहरीहरूले समेत गाउँमा गई महिलाहरूमाथि अभद्र व्यवहार गर्ने, बृद्ध-बृद्धा सबैलाई धम्क्याउने गर्छन् । प्रहरीप्रशासन झोसपोलका भरमा गाउँमा पसी निर्दोश व्यक्तिको हत्या गर्ने, लुट्ने, सर्चका नाममा गरिबहरूका बाक्सा फार्ने, अन्न फ्याँकीदिने जस्ता शोषणका रूपहरू देखाउँछन् । निर्दोश व्यक्तिहरूलाई जिउँदै घरमाथुनी आगोमा डढाइदिन्छन् ।

थिचोमिचो अन्याय, अत्याचार सहन नसकी अविरल, गगन, लगायतका पात्रहरू क्रान्तिकारी पार्टीमा सम्लग्न भई अत्याचारी मणिकान्त र जगतेजस्ता व्यक्तिहरूलाई जनकार्वाही गर्छन् । यसरी रातो आकाश उपन्यासमा थिचोमिचोको विरोध गर्दै मुक्तिमा जुटेको पाइन्छ ।

## ४.३.७ श्रम र सङ्घर्षको समर्थन

प्रगतिवादी लेखक र चिन्तकले आफ्नो लेखनमा श्रम र सङ्घर्षको समर्थन गर्दछन् । घनश्याम ढकाल प्रगतिवादी विचारबाट प्रेरित र प्रभावित लेखक भएकाले उनका उपन्यासमा श्रम र सङ्घर्षको समर्थन गरेको पाइन्छ । गाउँभित्र उपन्यास वसन्त, जयन्ती आदि पात्रहरू श्रमका भरमा जीविका चलाउँछन् । रातो आकाश उपन्यासमा पनि आरती, मिथिला, गङ्गाबहादुर, दानबहादुर आदि पात्रहरूले श्रमकै भरमा परिवारको जीवन धानेका छन् । यी पात्रहरूको जीवन शासकहरूकहाँ श्रम नगरी जीविका नचल्ने खालको छ । गाउँभित्र उपन्यासमा वसन्त सुवेदीको परिवार जीविको पार्जनका निम्ति भारतका विभिन्न ठाउँहरूमा समेत पुग्छन् । रविका बाबु,

इमानका बाबु, गङ्गाबहादुर, दानबहादुर, मिथिला, आरती जस्ता पात्रहरू आराम गरेर जीवन विताउनुपर्ने बूढेसकालमा पनि जीवन यापनका लागि सङ्घर्ष गर्न विवश छन् । ढकालका उपन्यासहरूमा सङ्घर्षको समर्थन गरिएको पाइन्छ । उपन्यासका पात्रहरू सङ्घर्षशील भएकै कारण सफलता पाएका छन् । अविरल गगन, निम्न वर्गीय परिवारमा जन्मेर सङ्घर्ष गरेर नै सर्वहारा वर्गको नेतृत्व गर्न सफल भएका छन् । अनुपा, भविसराजस्ता नारीपात्रहरू समेत सङ्घर्ष गरेर नारी जातिको अस्तित्त्व जोगाउन सफल छन् । यही सङ्घर्षको समर्थन ढकालका दुवै उपन्यासमा पाइन्छ ।

### ४.३.८ निष्कर्ष

घनश्याम ढकालका उपन्यासहरूमा समाजलाई मार्क्सवादी विचारबाट हेरिएको छ । उपन्यासमा समकालीन समाजका यथार्थ घटनाहरूको वर्णन गरिएको छ । गाउँभित्र उपन्यासमा पञ्चायती व्यवस्थाको क्रुरता र निर्मताको चित्रण गरिएको छ । यस उपन्यासमा सामन्ती तथा शोषकवर्गले गरिब किसानहरूमाथि शोषण गरेका छन् । यसको विरुद्ध विद्रोह गर्न वसन्त सङ्घर्षरत देखिन्छ । गरिबी र त्यसले निम्त्याएको पीडाले पात्रहरूका जीवन दयनीय बनेको छ । उपन्यास लेखनको समयमा समेत विद्रोहको चेतना एकदमै कम देखिन्छ । समाजमा वसन्तजस्ता पात्रहरू अरू पनि भएदेखि शोषणका जञ्जीरबाट समाज मुक्त हुने थियो । सर्वहारावर्ग मुक्तिका लागि सङ्घर्षको मैदानमा उत्रिएको यथार्थ गाउँभित्रको यथार्थ हो ।

**रातो आकाश** उपन्यास द्वन्द्वरत अवस्थामा द्वन्द्वलाई आधारमानी लेखिएको उपन्यास हो । वर्गसङ्घर्षविना समतामूलक समाज निर्माण हुन सक्तैन भन्ने ठानी उपन्यासकार ढकालले वर्गद्वन्द्व र वर्गयुद्धलाई चित्रण गरी मुक्तिमा जुटेका तमाम, गरिब, मजदुर, किसान वर्गलाई देखाएका छन् । समाज परिवर्तनको दृढ सोच बोकी अघि बढेका अबिरल, गगनजस्ता व्यक्तिहरू जति नै विपद र प्रतिकूल परिस्थिति आए पनि विचलित नभई वर्गीय मुक्तिका लागि अघि बढेका छन् । चुसाहा सामन्ती शोषकको समेत अन्त्य हुँदो रहेछ भन्ने तथ्य मणिकान्ते र जगतेको जनकार्बाहीले

प्रष्ट पार्दछ । उपन्यासभरि गरिब, उत्पीडित र मजदुर वर्गको विजय देखाइएको छ । जति वृद्ध भए पनि सर्वहारा वर्गका व्यक्तिहरू सङ्घर्षमा होमिएको यथार्थलाई उपन्यासले प्रस्तुत गरेको छ । क्रान्तिकारी गीत, कविता र कम्युनिष्ट विचारधाराको प्रयोगले उपन्यासलाई काव्यमय र रोचक बनाएको छ ।

यसरी घनश्याम ढकालका उपन्यासहरूले नेपाली समाजको तितो यथार्थलाई उजागर गरी पुँजिपति शासकको अन्त्यको लागि सर्वहारावर्ग एकजुट भएको तथ्य प्रस्तुत गरेका हुनाले उनका उपन्यासहरू उत्कृष्ट रहेका छन् ।

# परिच्छेद पाँच

# उपसंहार

## ५.१ सारांश

स्याङ्जाको ग्रामीण परिवेशमा जन्मेर नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाउने घनश्याम ढकाल समाजवादी यथार्थवादी धाराका साधक प्रतिभा हुन् । साहित्यका विविध विधाहरूमा कलम चलाए पनि ढकालले आख्यान विधामा विशेष सिद्धि हाँसिल गरेका छन् । आख्यानमा पनि उनले उपन्यास विधाबाट समाजलाई नियाली जीवन भोगाइका जटिल यथार्थहरूलाई प्रस्तुत गरेका छन् । समाजमा बढ्दो गरिबी, पुँजीपति वर्गले गरिब वर्गमाथि गरेको शोषण, हत्या, आतङ्क, सामाजिक असमानतालाई बाल्यअवस्थादेखि नै नियाल्न पुगेका ढकालले पञ्चायती निरङ्कुशताको यथार्थ चित्र उतारी **गाउँभित्र** (२०४७) उपन्यास लेखेका छन् । २०५२ साल पछिको सशस्त्र जनुयुद्धलाई आधारमानी **रातो आकाश** (२०६०) उपन्यास लेखेका छन् । ढकालका उपन्यासहरूमा गरिबीको मुक्तिका लागि सर्वहारा जनताले गरेको सङ्घर्ष र त्यो सङ्घर्ष दबाउन पुँजीपति शासक र प्रहरी प्रशासनले गरेको दमन र दिएको पीडा आदिलाई प्रस्तुत गरिएको छ ।

वसन्तको पारिवारिक जीवन कहानी र बाँच्नका लागि उसको परिवारले गरेको सङ्घर्षलाई मुख्य आधार बनाइ लेखिएको **गाउँभित्र** उपन्यासमा यथार्थमूलक स्रोतको कथानकको प्रयोग गरिएको छ । २०५२ सालदेखि सुरु भएको जनयुद्धमा आधारित **रातो आकाश** उपन्यासमा पनि यथार्थमूलक स्रोतको कथानकको प्रयोग गरिएको छ । दुवै उपन्यासमा प्रयुक्त द्वन्द्व पुँजीपति शासकका विरुद्ध रहेको छ र त्यस द्वन्द्वमा सर्वहारा श्रमजीवीवर्गले सफलता पाएका छन् । ढकालका दुवै उपन्यासहरू अदि मध्य र अन्त्यको शृङ्खलामा संरचित छन् ।

घनश्याम ढकालका दुवै उपन्यासहरू घटनाप्रदान उपन्यास हुन् । यिनका उपन्यासहरूमा बहुलपात्रको प्रयोग गरिएको छ । **गाउँभित्र** उपन्यासको प्रमुख पुरुषपात्र वसन्त हो । अग्नि, मधु, जयन्ती आदि सहायक पात्र हुन् । **रातो आकाश** उपन्यासको प्रमुख पुरुषपात्र अविरल हो । गगन, रवि, इमान, भविसरा, आरती आदि सहायक पात्र हुन् । पात्र प्रयोगका दृष्टिले ढकालका उपन्यासहरू सफल रहेका छन् । यिनका दुवै उपन्यासहरूमा राजनीतिक परिवेशको चित्रण छ । **गाउँभित्र** ले २०४६ सालपूर्वको राजनीतिक घटनाहरूलाई विषयवस्तुको मुख्य स्रोत बनाएको छ । यसमा स्याङ्जाको ग्रामीण परिवेशको चित्रण छ । **रातो आकाश** उपन्यासमा २०५२ सालदेखि सशस्त्र जनयुद्ध सुरु भएको र त्यस जनयुद्धको कहालीलाग्दो परिवेशमा नेपाल आमाका सपुतहरूको हत्या भएको विदारक यथार्थलाई प्रस्तुत गरिएको छ । मुक्ति आन्दोलनका क्रममा देशभरिका विभिन्न ठाउँका बासिन्दाहरूको सामाजिक, साँस्कृतिक स्थितिको चित्रण र ती देशबासीले भुल्नै नसक्ने तितो यथार्थ **रातो आकाश** उपन्यासामा पाइन्छ । उनका दुवै उपन्यासहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

राजनीतिक विषयमा आबद्ध हुनाले घनश्याम ढकालका उपन्यासहरूमा राजनीतिक शब्दावलीको प्रयोग अधिकमात्रामा गरिएको छ । **रातो आकाश** उपन्यासमा लामालामा सम्भाषणहरूको प्रयोग गरिएको छ । पात्र अनुकूलको संवाद र तत्सम, तद्भव, झर्रो र आगन्तुक शब्दहरूको यथोचित प्रयोगले उपन्यास रोचक छन् । शीर्षक र कथ्यकाबीच ढकालका उपन्यासहरूमा पूर्णतः तालमेल पाइन्छ । गरिब, किसान, मजदुर, दलित, शोषित सबै उत्पीडित वर्गले मुक्ति पाइ सर्वहारा वर्गको विजय र परिवर्तनगामी रातो आकाशका रूपमा लिइएको **रातो आकाश** उपन्यासमा शीर्षक र विषयवस्तुका बीचमा सामान्जस्यता पाइन्छ । **गाउँभित्र** उपन्यासमा समेत गाउँले गरिब जनताहरूलाई पुँजीपति शासकहरूले गरेको शोषणलाई देखाइएको हुनाले गाउँ गाउँमा गरिबहरूको जीवन कारुणिक र दारुणिक रहेको पाइन्छ । तसर्थ विषयवस्तु अनुसार दुवै उपन्यासहरूमा शीर्षक सार्थक रहेका छन् ।

मार्क्सवादी चिन्तनबाट प्रभावित ढकालका उपन्यासमा आम नेपाली जनताले भागेको यथार्थको वर्णन छ । वर्गसङ्घर्ष बिना समतामूलक समाज निर्माण हुन सक्दैन भन्ने ढकाल मार्क्सवादी वैचारिक चेतबिना सामाजिक मुक्ति सम्भव नहुनेदेखि उपन्यासमा वर्गद्वन्द्व प्रस्तुत गरेका छन् । उपन्यासका पात्रहरू, क्रान्तिधर्मी, सङ्घर्षशील र सर्वहारा वर्गको मुक्तिका लागि जुटेका छन् । उनका उपन्यासहरूमा वर्गीयपक्षधरता, पार्टीप्रतिबद्धता, थिचोमिचोको विरोध, शोषक र शोषितबीचको समस्या, द्वन्द्वात्मकता, श्रम र सङ्घर्षको समर्थन जस्ता विशेषताहरू रहेका छन् ।

## ५.२ निष्कर्ष

**'घनश्याम ढकालको उपन्यासकारिता'** शीर्षकको प्रस्तुत शोधपत्रको बुँदागत निष्कर्ष यसप्रकार रहेको छ ।

- घनश्याम ढकालले समाजवादी यथार्थवादी धारामा रहेर प्रगतिशील चिन्तन प्रस्तुत गरेका छन् ।

- प्रतिकूल परिवेशमा समेत द्वन्द्वरत अवस्थालाई विषय बनाइ औपन्यासिक रूप प्रदान गर्ने उपन्यासकार घनश्याम ढकालले पुँजीपति शोषकको कुकृत्यको भण्डाफोर गरी मजदुर वर्गको विजयलाई प्रस्तुत गरेका छन् । राजनीतिक विषयमा केन्द्रित रहेर पनि उपन्यासलाई रोचक र काव्यमय बनाउन सफल उपन्यासकार ढकालले सबै जाति, वर्ग र समुदायका पात्रको चित्रण गरेको हुनाले पात्र प्रयोगमा सफल उपन्यासकार हुन् ।

- सामाजिक यथार्थमूलक स्रोतको कथानक उपन्यासमा प्रयोग गरी पुँजीपति वर्गको पलायनको चित्रण गर्न सफल उपन्यासकार ढकालले दुवै उपन्यासहरूमा सर्वहारा वर्ग र पुँजीपति वर्गबीचमा द्वन्द्व देखाई सर्वहारा वर्गले पाएको विजयलाई चित्रण गरेका छन् । जुन वर्तमान सन्दर्भमा यथार्थमा परिणत भएको छ ।

- ढकालका उपन्यासका प्रमुख पात्रहरू क्रान्तिधर्मी, सङ्घर्षशील र पार्टीप्रति प्रतिबद्ध  छन् र तिनीहरूको सङ्घर्षले विजयको सङ्खघोष गरेको छ ।

- सरल र सहज भाषाशैलीमा उपन्यास प्रस्तुत गर्ने घनश्याम ढकालले उपन्यासमा अधिकमात्रामा सम्भाषण युक्त भाषाको प्रयोग गरे पनि त्यो पात्र अनुकूल र रोचक रहेको छ ।

- हत्याको कहाली लाग्दो परिवेशलाई चित्रण गरिएको ढकालको **रातो आकाश** उपन्यासमा आमूलपरिवर्तनका लागि सर्वहारावर्ग एक भएर सडकमा उत्रे , पुँजीपति शोषकको अन्त्य भइ समतामूलक समाजको निर्माण भएको यथार्थ प्रस्तुत गरिएको छ ।

यसरी घनश्याम ढकालका उपन्यासहरू सामाजिक यथार्थ घटनामा आधारित रहेर प्रगतिशील चिन्तन बोकेका छन् ।

यो शोधपत्र उपन्यासकार घनश्याम ढकालको उपन्यासकारितामा केन्द्रित छ । भविष्यमा उनका औपन्यासिक कृतिहरूका विविधपक्षलाई केलाएर शोध  गर्न चाहने इच्छुक व्यक्तिले निम्नलिखित शीर्षकमा शोध गर्न सक्नेछन् ।

१. घनश्याम ढकालका उपन्यासहरूमा प्रगतिवाद

२. पात्र प्रयोगका दृष्टिले घनश्याम ढकालका उपन्यासहरू

३. गाउँभित्र उपन्यासको कृतिपरक अध्ययन

४. रातो आकाश उपन्यासको कृतिपरक अध्ययन

५. घनश्याम ढकालका उपन्यासहरूको समाजशास्त्रीय विश्लेषण ।

# सन्दर्भविवरण


अज्ञात (२०६०), 'रातो आकाश एउटा नयाँ उपन्यास', **जनादेश,** वर्ष ११, अङ्क २० ।

गौतम, कृष्ण (२०५९), **आधुनिक आलोचना**, अनेक रूप अनेक पठन, ललितपुर : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०४९), **प्रगतिवाद परम्परा र मान्यता**, काठमाडौँ : मुना गौतम ।

जोशी, कुमारबहादुर (२०५७), **पाश्चात्य साहित्यमा प्रमुखवाद**, ललितपुर : साझा प्रकाशन ।

ढकाल, घनश्याम (२०४७), **गाउँभित्र,** पोखरा : वन्दना प्रकाशन ।

__________, (२०५४), **मार्क्सवादी समालोचनाको विवेचना**, पोखरा : विजय ढकाल ।

__________, (२०६०), **रातो आकाश**, काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

__________, (२०६२), **यथार्थवादी नेपाली समालोचना** सम्पा, पोखरा : गण्डकी साहित्य सङ्गम ।

त्रिपाठी, वासुदेव र अन्य (२०५५), **नेपाली साहित्यकोश** सम्पा., काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाल, घनश्याम (ई.१९७८), **आख्यानका कुरा**, सिलिगुडी : नेपाली साहित्य प्रचारक समिति ।

पसिना, (२०५२), घनश्याम ढकाल, **प्रयोग**, वर्ष ३, अङ्क १२ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार,** चौथो सं., ललितपुरः साझा प्रकाशन ।

फोस्टर, इ.एम्. (ई.१९८८), **अस्पेक्टस अफ द नोभल** सम्पा : ओलिभर स्टेलिखस लण्डन : पेङ्गुइन ।

बन्धु, चूडामणि (२०५०), **भाषाविज्ञान**, छैठौ सं., ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६), **उपन्यासको सौन्दर्यशास्त्र,** ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दो.सं.: ललितपुर : साझा प्रकाशन ।

भट्टराई, घटराज (२०५६), **नेपाली लेखककोश**, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

भट्टराई, रमेश (२०६२), 'घनश्याम ढकालका उपन्यासमा विचारात्मक अपस्थित', **यथार्थवादी नेपाली समालोचना**, सम्पा. घनश्याम ढकाल, पोखरा : गण्डकी साहित्य सङ्गम ।

भण्डारी, जगदीशचन्द्र (२०५५), **प्रगतिवादी नेपाली कविता**, रेखाङ्कन र विश्लेषण, काठमाडौँ : मुन्नी भण्डारी ।

राय, गोपाल (ई.१९७३), **उपन्यासका शिल्प**, विहार : हिन्दी अकादमी पट्ना ।

रोजेहाइम, एडवार्ड (१९६३), **ह्वाट ह्यापेन्स इन लिटरेचर**, न्यूयोर्क : हार्टकोर्ट ब्रेस एन्ड कम्पनी ।

वाट, आयन (१९७४), **उपन्यासका उदय**, (अनु)धर्मपाल सरीन, हरियाना : हिन्दी ग्रन्थ अफ अकादमी ।

वेलेक, र अस्टिन वारेन (ई.१९४९), **थ्योरी अफ लिट्रेचर,** न्युयोर्क : हार्टफोर्ट ब्रेस एण्ड कम्पनी ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६२), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, सुकुम (२०६३), 'परिचयका सन्दर्भमा साहित्यकार घनश्याम ढकाल', **सगुन**, वर्ष ४, पूर्णाङ्क १० ।

श्रेष्ठ, दयाराम (२०६०), **नेपाली कथा भाग ४,** ललितपुर : साझा प्रकाशन ।

__________________**,** र मोहनराज शर्मा (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६२), 'उपन्यास तत्त्वका आधारमा रातो आकाश उपन्यासको विश्लेषण', **वेदना,** वर्ष ३२, अङ्क १ ।

__________________**,**(२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दो.सं., ललितपुर : सझा प्रकाशन ।